# अध्याय एक

# अनुसन्धानपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

२०५८ को जनगणनाअनुसार नेपालको जनसङ्ख्या २,३१,५१,४२३ रहेको छ । जसमा पुरुष १,१५,६३,९२१ (४९.८७ प्रतिशत) र महिला १,१५,८७,५०२ (५०.०४ प्रतिशत) रहेको छ। प्रशासकीय रूपमा नेपाललाई पाँच विकासक्षेत्र, चौध अञ्चल र पचहत्तर जिल्लामा विभाजन गरिएको छ । १ महानगरपालिका, ४ उपमहानगरपालिका, ५३ नगरपालिका, ३९१५ गाउँ विकास समितिहरू यसका स्थानीय निकायका रूपमा रहेका छन् । *(नेपालको सङ्क्षिप्त परिचय, अन्तर्राष्ट्रिय मञ्च, नेपालसम्बन्धी वार्षिक अङ्क २०६४)*

नेपाल बहुभाषिक, बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक राष्ट्र हो । यहाँ विगत १५०० वर्षदेखि एक सयभन्दा बढी जाति तथा जनजातिहरू आफ्नो पृथक् भाषा, धर्म, संस्कृति र परम्परालाई जीवन्तता दिंदै बसिरहेका छन् । (Dahal, 1995) बौद्धधर्म, इसाईधर्म, जैनधर्मजस्ता धर्महरूसहित हिन्दूधर्मको बाहुल्य भएको नेपाललाई बहुधार्मिक राष्ट्र पनि भन्ने गरिएको छ । यहाँको समाज भने हिन्दू धार्मिक संस्कारअनुसार नै परिचालित रहिरहेको छ ।

नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म तथा हिमालदेखि तराईसम्म बसोबास गरेका सबै जातजाति सिङ्गो नेपाली संस्कृतिको अभिन्न अङ्गका रूपमा रहेका छन् । नेपाल अधिराज्यभित्र बाहुन, क्षेत्री, राई, लिम्बू, सार्की, कामी, दमाई, दनुवार, चेपे, माझी, जिरेल, सतार, राउटे, मुसलमानलगायतका जातजातिहरू रहेका छन् । यिनीहरूको आ-आफ्नो भाषा, संस्कार र भेषभूषाहरू रहेका छन् । जसले नेपालीहरूको पहिचान गराउन मद्दत गरेको पाइन्छ।

प्रायःजसो नेपाली समाज हिन्दूधर्मबाट निर्देशित भएको हुनाले यहाँ जातीय विभाजन भने कठोर रहेको छ । उच्च मानिने बाहुन, क्षेत्रीदेखि तल्लो तहका सार्की, दमाई, कामी, पोडेजस्ता छुन नहुने, छोइए पनि छिटो हाल्नुपर्ने जात पनि यहाँ विद्यमान छन् । अछुत जातिहरूमा कामी, दमाई, सार्कीहरूलाई मानिएको छ । यिनीहरू नेपालका विभिन्न क्षेत्रमा

छरिएर रहेका देखिन्छन् । पहाडी र हिमाली क्षेत्रमा सार्की, दमाई, कामीहरू कसाई, पोडे, च्यामेलगायतका जातिहरू बसोबास गर्दछन् भने तराई क्षेत्रमा डुम, तेली, सतार, मुसहर आदि अछुत जातिहरूको बसोबास रहेको पाइन्छ ।

हिन्दूधर्ममा आधारित वर्णव्यवस्थाको जटिलताले वास्तवमा विश्वको २० प्रतिशत जनसङ्ख्या रहेको हिन्दू समाजको सामाजिक प्रगतिलाई अड्काइरहेको छ । अनि त्यस समाजभित्रका विश्वकै करिब पाँच प्रतिशत दलितहरू यो अत्यासलाग्दो जातीय उत्पीडनमा बाँचिरहेका छन् (Bishwakarma 2001, HRDC 2001, Valasai, 2001) तर आजसम्म पनि सिङ्गो विश्व यस समस्याबाट धेरै हदसम्म अनभिज्ञ रहेको मानिएको छ । विभिन्न जातीय समस्याहरूमध्ये यो छुवाछुतमय जातीय समस्याबारे संसारमा सबैभन्दा कम साहित्य सिर्जना भएको छ । आजसम्म पनि संयुक्त राष्ट्रसङ्घको "सबै प्रकारका जातीय भेदभाव निर्मूलसम्बन्धी महासन्धि–१९६५" भित्र वास्तवमा छुवाछुतमय दलित जातीय समस्या परेको छैन । यो अत्यन्तै दुःखको प्रसङ्ग पनि बनिरहेको छ ।

हिन्दू समाजमा अछुतहरूलाई पानी नचल्ने भनी विभिन्न जातहरूमा सम्बोधन गर्ने परम्परा बनिसकेको छ । संसारमा देखा परेका जातीय सबै समस्याहरूमध्ये 'छुवाछुत' सबैभन्दा क्रूर र मानवीय सत्वलाई हीनताग्रस्त बनाउने समस्या हो । यो देख्दा सामान्य लाग्ने तर अनुभूति गर्दा र भोग्दा अत्यास लाग्ने समस्या हो । दलित हुनु भनेको अधिकारहरूबाट वञ्चित हुनु मात्रै होइन, अमानवीयतालाई स्वीकार्न प्रशिक्षित गर्ने मनोवैज्ञानिक विघटनको प्रक्रियामा सामेल हुनु पनि हो । यस प्रक्रियामा सामेल भएपछि एउटा दलितले आफूले भोगेका अधिकारहरू उच्च 'जात' काहरूको 'दया' ठान्न थाल्दछ र दलितहरूलाई प्रदान गरिएका 'अवसर' लाई उच्च 'जात' का भलाद्मीले पनि 'उपकार' ठान्दै जान्छ । सन् १९२७ पछि भारतका प्रसिद्ध नेता डा. भीमराव अम्बेडकरले दलित शब्दको प्रयोग गरेको पाइएको छ । त्यतिखेरदेखि नै चलेको दलित आन्दोलनसँगै दलित शब्द हिन्दू समाजमा विभिन्न जातीय समूहभित्रका अछुत जातहरूको साझा जातीय नामका रूपमा स्थापित हुन पुगेको छ ।

गरिबी सामाजिक, आर्थिक, सांस्कृतिक गतिविधिहरूमा पूर्ण रूपमा समावेश र प्रयोगको अभावलाई मानिएको छ । गास, बास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा, रोजगारजस्ता मानवका अति आवश्यक विषयवस्तुको प्राप्तिको अभावलाई गरिबी भनेर बुझ्ने गरिएको छ ।

आफ्नो आयको कारण वा अनिच्छित व्ययका कारण शारीरिक, मानसिक असमर्थताको अवस्था गरिबी हो भन्ने बुझिएको छ । साक्षरता, घुमफिर, लामो आयुको अभाव, गरिबी हो भनेर बुझिएको छ । कम प्रतिव्यक्ति आम्दानीको अवस्था, असमान सम्पत्ति र प्राप्तिका नमिलेका ढाँचाहरू गरिबी हुन् भन्ने बुझिएको छ । भौतिक स्रोत र साधनको अभाव गरिबी हो भन्ने बुझिएको हो । पुँजीकरण, औद्योगिकीकरण, शिक्षा, स्वास्थ्य, सुरक्षाको अभाव गरिबी हो भन्ने बुझिएको हो । लामो समयको प्रयासमा उपलब्ध विहीनताले जन्माएको मानसिक निराशा एवं शून्यता गरिबी हो भन्ने बुझिएको छ ।  असफलताहरूले जन्माएको आशाविहीन जटिल स्वरूप गरिबी हो भन्ने बुझिएको छ । सकारात्मक रूपमा केही हुनुको ठाउँमा नहुनु गरिबी हो भन्ने बुझिएको छ ।

गरिबी मानव विकास एवं सभ्यताको भयानक शत्रु हो । यसको स्वरूप भौतिक, अभौतिक दुवै हुन्छ । मूर्त, अमूर्त दुवै हुन्छ । सामान्यदेखि विशाल पक्षसँग जोडिएको छ । सामाजिक समस्याका रूपमा रहेको यो मृत्युभन्दा पनि भयानक छ । मृत्यु एकपटक हुन्छ । तर यो बारम्बार दर्दनाक अवस्थामा रहिरहन्छ । गरिबीलाई सापेक्ष र निरपेक्ष दुवै रूपमा हेर्ने गरिएको छ । मानिसलाई बाँच्नका लागि अत्यावश्यक वस्तुहरूको आवश्यकता पर्दछ । यही अत्यावश्यक वस्तुहरूको प्राप्ति नभएको अवस्थालाई निरपेक्ष गरिबी मानिएको छ भने अरू व्यक्तिहरूसँग तुलना गर्दा देखा पर्ने विपन्नतालाई सापेक्ष गरिबी मानिने गरिएको छ ।

नेपालमा रहेका विभिन्न जातजातिहरूमध्ये सार्की जाति पनि एक हो । यस जातिका आफ्नै संस्कृति, भाषा, धर्म, भेषभूषा रहेका छन् । हिन्दू वर्णाश्रम धर्मभित्र शूद्रको रूपमा परिभाषित पानी नचल्ने अछुत मानिएका जातिका रूपमा सार्कीहरू चिनिएका छन् । विश्वकै पुरानो धर्म हिन्दूधर्मले विराट् पुरुषको मुखबाट ब्राम्हण, हातबाट क्षत्रिय, जाँघबाट वैश्य, खुट्टाबाट शूद्रको उत्पत्ति भयो भन्ने मान्यताको विकास गरेको छ । शूद्रहरू सेवाका लागि हुन्, यिनीहरू समाजको तल्लोस्तरको काम गर्नका लागि आएका हुन् भनी परिभाषित गरिएको छ । हिन्दू संस्कारभित्र विभिन्न ठाउँमा छरिएर रहेका सार्की जातिहरू यिनै परिभाषाबाट परिचित हुन बाध्य छन् ।

पर्वत जिल्लाको मुडीकुवा गाउँ विकास समितिभित्र पनि दलितहरूका रूपमा परिभाषित भएका सार्कीहरूको बसोबास बाक्लै भएको पाइन्छ । यहाँ बसोबास गरेका यी

सार्की जातिहरूको सामाजिक अवस्था कस्तो छ ? सांस्कृतिक अवस्था कस्तो छ ? आर्थिक अवस्था कस्तो छ ? शैक्षिक अवस्था कस्तो छ ? कसरी जीविकोपार्जन गरेका छन् ? सापेक्ष, निरपेक्ष गरिबीको अवस्था कस्तो छ भन्ने जस्ता विभिन्न अवस्थाहरूको अनुसन्धान गरी यथार्थ पत्ता लगाउने कोसिस अनुरूप यो अनुसन्धान गर्न लागिएको हो ।

## १.२ समस्याकथन

चार जात छत्तीस वर्णको साझा फूलवारीका रूपमा चिनिएको हाम्रो देश नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक एक स्वतन्त्र राष्ट्र हो । यहाँ अति धनीदेखि लिएर अति गरिब मानिसहरू रहेका छन् । घुमन्ते जीवन बिताई कन्दमूल खाने चेपाङ जातिका मानिसहरूदेखि लिएर ठूला-ठूला भवनमा बसोबास गर्ने हिजोदेखि नै राज्य र राजपरिवारको नजिक रहेका सम्भ्रान्त मानिसहरू यहाँ बसोबास गर्दछन् । प्राचीन समयदेखि नै त्यही ठूला-ठालु व्यक्तिहरूले यहाँ भनौं ठूला उच्च जातका भनिएकाहरूले उच्च जाति भएकै कारण समाजमा मानप्रतिष्ठा इज्जत र माथिसम्म पहुँच बढिरहेको छ भने तल्ला जाति भएकै कारणले उनीहरूको मानप्रतिष्ठा इज्जत पनि कम भएको देखिन्छ । यहाँ यही जातीय उच्चता र नीचताका कारणले सामाजिक र आर्थिक अविकसित अवस्था रहन गएको हो कि भन्ने आभास हुन गएको छ ।

प्राचीन कालमा दक्षिणतिरबाट आएका आर्यहरू र उत्तरतिरबाट आएका मङ्गोल जातिहरूको सम्मिश्रणबाट सिङ्गो नेपाली समाज निर्माण भएको पाइएको छ । सम्मिश्रणका कारण परापूर्व कालदेखि नै हिन्दूसंस्कृति र हिन्दूधर्मले भने यहाँ जरा गाडिरहेको पनि पाइएको छ । सामाजिक जातीय उच्चता र नीचताको परम्परा यहाँ हुर्कंदै आएको देखिएको छ । हिन्दूधर्मलाई नै मान्ने तर तल्लो जातिको रूपमा मानिसलाई वर्गीकरण गर्ने पनि परम्परा यहाँ रहेको छ । यही परम्पराका रूपमा सार्की जातिको वर्गीकरण गरिएको छ र यिनै जातिहरूका विभिन्न समस्याहरूको अध्ययन आवश्यक देखिन्छ साथै सार्की जातिको वास्तविक पहिचान गर्नु पनि आवश्यक छ । यसका साथसाथै सार्की जातिको मुख्य पेशा के हो ? हाल त्यो पेशा विद्यमान छ कि छैन पत्ता लगाउनु जरुरी छ । अन्य पेशाहरूमा उनीहरूको कस्तो पहुँच छ हेर्नु र उनीहरूको सामाजिक आर्थिक अवस्थाका बारेमा अध्ययन गर्नु अत्यावश्यक छ । सार्की

जाति आफूलाई दलित जातिका रूपमा मान्न तयार छन् कि छैनन् ? नेपालमा विद्यमान गरिबीको मारभित्र उनीहरू कस्तो अवस्थामा रहेका छन् सो को जानकारी प्राप्त गर्नु र उनीहरूले गरिब र दलितको सम्बन्धलाई कसरी हेरेका छन् जानकारी लिनु आवश्यक छ ।

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन एक दलित जातीय अध्ययन हो । त्यही दलित जातिभित्र पर्ने पर्वत जिल्ला मुडीकुवाका सार्की जातिको सामाजिक, आर्थिक, शैक्षिक अवस्थाको जानकारी प्राप्त गर्ने, सामाजिक, आर्थिक हैसियतको जानकारी प्राप्त गर्ने, दलित र गरिबीको सम्बन्धमा अध्ययन गर्ने यसको मुख्य उद्देश्य रहेको छ । प्रस्तुत अध्ययनका उद्देश्यहरू निम्न बमोजिमका रहेका छन् :

१. अध्ययनक्षेत्रका सार्की जातिको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थाको चित्रण गर्नु ;

२. यिनीहरूको अन्य जातिसँगको अन्तरसम्बन्धबारे पहिचान गर्नु ;

३. दलित र गरिबीबीचको सम्बन्ध हेर्नु ।

## १.४ अध्ययनको औचित्य वा महत्त्व

विभिन्नताका बीच एकता सामाजिक संरचनाको आधार भनिएको छ । जातीय अनेकता हिन्दूसंस्कारको परिचय नै भएको छ र यसलाई अनिवार्य पनि मानिएको छ । जातीय विभाजनले २१ औं शताब्दीको मानिसमा कस्तो प्रभाव पारिरहेको छ ? मानिसहरूले यसलाई कसरी हेरिरहेका छन् ? बुझिरहेका छन् ? लिइरहेका छन् ? यसले मानिसलाई शारीरिक र मानसिक रूपमा कस्तो प्रभाव पारिरहेको छ ? जीवनस्तरमा यसको कस्तो प्रभाव परिरहेको छ ? असर परिहेको छ ? छुवाछुतको भावना जस्तो संस्कार बचाउन आवश्यक छ छैन ? कतै यो गरिबीको एक कारण त बनिरहेको छैन ? यसको अध्ययन हुनु आवश्यक रहेकोले सैद्धान्तिक र ब्याबहारिक अध्ययन गरिएको छ ।

मूल संरचनाको अध्ययन बृहत् हुने भएकाले त्यही संरचनाभित्रको एउटा सानो एकाइलाई लिएर पनि समग्रको अवधारणालाई बुझ्न सकिने विश्वास लिएर हिन्दूधर्म र

संस्कारलाई शिरोधार्य गरेका मुडीकुवा निवासी सार्की जातिको सामाजिक, आर्थिक अवस्थाको अध्ययन गर्ने जमर्को गरिएको छ । यसले दलित र गरिबीको सम्बन्धका बारेमा थप सामग्री थप्नेछ भन्ने आशा गरिएको छ ।

## १.५ अध्ययनको सीमा

कुनै पनि विषयवस्तुको अध्ययन गर्ने क्रममा सीमाको निर्धारण गर्नुपर्ने हुन्छ । सीमाको पूर्वनिर्धारण गर्नुको प्रमुख कारण समग्रमा सम्पूर्ण पक्षको अध्ययन गर्न नसक्नुका साथै समय र आर्थिक तत्त्वको खाँचोले गर्दा नै हो । अझ भन्नुपर्दा यो अध्ययन पृथ्वीनारायण क्याम्पस पोखराको समाजशास्त्र, मानवशास्त्र विभागको स्नातकोत्तर तहको आवश्यकता पूरा गर्नका लागि तयार गरिएको हो । यस अध्ययनक्षेत्रभित्र नेपालभित्र बसोबास गर्ने विभिन्न ठाउँका सार्की जातिहरूका बारेमा अध्ययन गर्न नसके तापनि मुडीकुवा गा.वि.स.का वडा नं. १, २, ३, ४, ५ र ९ मा बसोबास गरेका सार्की जातिको बारेमा सम्बन्धित विषयमा यथार्थता उतार्ने जमर्को गरिएको छ । मुडीकुवा गाउँ क्षेत्रभित्र बसोबास गर्ने सार्की जातिको सामाजिक, आर्थिक अवस्थाको अध्ययन गरी दलित र गरिबीका सम्बन्धका बारेमा मात्र सीमाङ्कन गरी अध्ययन गरिने हुनाले समग्र नेपालभित्र बसोबास गर्दै आएका सार्की जातिको अध्ययनका लागि सामान्यीकरण नहुन सक्छ ।

## १.६ अनुसन्धानको रूपरेखा

अनुसन्धानको महत्त्व आकर्षण र प्रभाव त्यसको रूपरेखामा निर्भर रहन्छ । विविध पक्षलाई विभिन्न खण्डमा विभाजन गरी तयार पारिएको प्रतिवेदन आकर्षक र प्रभावकारी हुने गर्दछ । त्यसैले यस शोधलाई विषयवस्तुअनुसार पृथक्-पृथक् खण्डमा छुट्याई शोधखोजलाई सरल, सहज र आकर्षक बनाउन विषयवस्तुका आधारमा मुख्य अध्यायमा विभाजन गरिएको छ :

- पहिलो अध्याय मा अनुसन्धानपरिचय मूल शीर्षकअन्तर्गत पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य वा महत्त्व, अध्ययनको सीमा, अध्ययनको रूपरेखाजस्ता विषयका बारेमा समीक्षा गरिएको छ ।

- दोस्रो अध्यायमा सन्दर्भसाहित्यको सिंहावलोकन मूल शीर्षकअन्तर्गत पूर्वप्रकाशित कृति तथा विभिन्न अध्ययनप्रतिवेदनहरूको अध्ययन एवं समीक्षा गरिएको छ ।
- तेस्रो अध्यायमा अनुसन्धानपद्धति मूल शीर्षकअन्तर्गत अध्ययनक्षेत्रको छनोट, अनुसन्धान प्ररचना, नमुना छनोट, तथ्याङ्क सङ्कलनका स्रोतहरू तथ्याङ्कविश्लेषण र प्रस्तुतीकरण आदि विषयमा चर्चा गरिएको छ ।
- चौथो अध्यायमा अध्ययनक्षेत्रको सामान्य जानकारी गराउने उद्देश्यले अध्ययनक्षेत्र परिचय मूलशीर्षकअन्तर्गत मुडीकुवा गा.वि.स.को सङ्क्षिप्त चर्चा गरिएको छ ।
- पाँचौ अध्यायमा यस अध्ययनक्षेत्रका दलितको सामाजिक, आर्थिक, शैक्षिक समस्याहरूको चर्चा गरिएको छ ।
- छैटौं अध्यायमा अध्ययनक्षेत्रको आधार लिएर दलित र गरिबीको सम्वन्धमा चर्चा गरिएको छ ।
- सातौं अध्यायमा शोधको सारांश, निष्कर्ष र सुझाउको उल्लेख गरिएको छ ।

# अध्याय दुई

## सन्दर्भसाहित्यको सिंहावलोकन

नेपाल सांस्कृतिक, धार्मिक, भाषिक दृष्टिकोणले सम्पन्न छ । भौगोलिक विविधता एवं सामाजिक र सांस्कृतिक अनेकताले गर्दा समाजशास्त्र एवं मानवशास्त्र विषयको अध्ययनअनुसन्धानका निम्ति यस भूमिलाई एउटा उर्वर भूमि मान्ने गरिन्छ । तर समाजशास्त्र र मानवशास्त्र विषयको अध्ययनअनुसन्धानको परम्परा धेरै पछिबाट मात्र प्रारम्भ भएको देखिन्छ । यसो हुनाको प्रमुख कारण *इ.सं. १९५०* भन्दा अगाडि नेपालमा प्रजातान्त्रिक सरकारको अभाव हुनु र विदेशी विद्वान्ले यहाँका जाति जनजातिहरूको संस्कृतिका बारेमा अध्ययनअनुसन्धान गर्ने अनुमति नपाउनु हो । यस किसिमको विषम परिस्थितिका बावजुद पनि कतिपय व्यापारी यात्री, इसाई धर्मप्रचारक, ब्रिटिस सैनिक तथा निजामती सेवाका कर्मचारीहरूले आफ्ना लेखरचना र पुस्तकहरू प्रकाशित गरेका छन् । यसै सन्दर्भमा चिनिया विद्वान्हरू *फाइयान, होयनसाङ, वाङयुञ्चे,* ब्रिटिस पादरीहरू *क्रोवर, लोरो, गुइसिप, कर्कप्याट्रिक, हेमिल्टन* आदिको विवरणलाई लिन सकिन्छ । *इ.सं. १९५०* पछि विदेशी तथा स्वदेशी विद्वान्हरूबाट जनजातीय अध्ययनमा चासो देखाउन थालेको देखिन्छ । *हाइमनडोर्फ (१९६५), डेभिड ज्याक्सन (१९४८), मेरियो फन्टिन (१९७६), शेरी अटनर (१९७३), पी. क्यापलन (१९७२), एल क्यापलान (१९७०), हिचकक (१९६६)* आदि विदेशी विद्वान्हरूका साथै *डोर ब. विष्ट (१९७६), गोपालसिंह नेपाली (१९६५), डा. गणेशमान गुरुङ (१९८२), डिल्लीराम दाहाल (१९८५), नवीनकुमार राई (१९७५), ऋषिकेशवराज रेग्मी (१९८५), जनकलाल शर्मा (१९७५), तुलसी दिवस (१९७८), प्रेमकुमार खत्री (१९७९)* आदि स्वदेशी विद्वान्हरूले नेपाली समाज र संस्कृतिका सम्बन्धमा प्रकाश पार्ने अध्ययनअनुसन्धान गरेका छन् । यसका अतिरिक्त अनुसन्धानका निम्ति नमूना छनोट गरिएका दलित वर्गमा पर्ने सार्की जातिसँग सम्बन्धित साहित्यहरूको समीक्षा यसप्रकार गरिएको छ साथै गरिबीका बारेमा पूर्वसाहित्यहरूको पनि

समीक्षा गरिएको छ । त्यस्तै यसलाई दलित र गरिबी सैद्धान्तिक पुनरावलोकन शीर्षकअन्तर्गत पनि प्रस्तुत गरिएको छ ।

## २.१ दलित

सार्की नेपालका दलित र उत्पीडित जातिहरूमध्ये पर्ने एक जात हो । यस जातको समग्रतालाई बोकेर प्रकाशित भएका पर्याप्त पुस्तकहरू पाउन सकिंदैन र पाइएका पुस्तकहरूमा यस जातलाई आर्यहरूका रूपमा मानेर केही हरफहरू मात्र कोरिएको पाइन्छ । त्यसै गरी यस जातका बारेमा पर्याप्त शोधपत्रहरू उपलब्ध छैनन् तर पनि सार्की जातिको बारेमा पूर्वप्रकाशित केही पुस्तकहरू, पत्र–पत्रिका, शोधपत्र आदिको अध्ययन र विश्लेषण निम्नानुसार छ :

हिन्दू मान्यताअनुसार जातको उत्पत्ति भगवान्का शरीरका विभिन्न भागबाट भएको मानिएको छ । जसमा भगवान्का मुखबाट उत्पत्ति भएकाहरूलाई ब्राह्मण वर्ग, जसले धार्मिक कार्यहरू गर्ने, भगवान्का पाखुराबाट उत्पत्ति भएकाहरूलाई क्षेत्री वर्गमा राखिएको छ, जसले प्रशासनिक कार्यहरू गर्ने, देशको रक्षा गर्ने सेवकको कार्य गर्ने, त्यस्तै भगवान्का तिघ्राबाट उत्पत्ति भएकाहरूलाई वैश्य वर्गअन्तर्गत राखिएको छ, जसले व्यापार, व्यवसाय गर्ने र चौथो वर्गअन्तर्गत शूद्रलाई राखिएको छ, जो भगवान्का पैतालाबाट उत्पत्ति भएका हुन् जसको कार्य ब्राह्मण, क्षेत्री र वैश्यको कार्य तथा सेवा गर्नु हो भन्ने बुझिन आउँछ । *(स्रोत : पं. छविलाल पोखरेल, जातजाति र सम्प्रदाय, २०५३, पृष्ठ ४३)*

शूद्रलाई दास बनाएर राख्नु किनभने विधाताले ब्राह्मणको दास हुनेका निम्ति नै शूद्रको सृष्टि गरेका हुन् । *(मनुस्मृति, ८/४१३/३७२)*

स्त्री र शूद्रलाई पढ्न दिनुहुँदैन । जतिसुकै धन कमाउने शक्ति भए तापनि शूद्रले धन कमाउने कुरा सोच्नु पनि हुँदैन । किनभने उसले धन कमएमा ब्राह्मणलाई सताउन थाल्दछ । आफ्नो नोकर शूद्रले कमाएको धन मालिक (ब्राह्मण) ले खोस्न हुन्छ किनभने शूद्रको आफ्नो भन्ने धन नै केही हुन सक्दैन । *(मनुस्मृति, ८/४१७/३७३)*

शूद्र वर्गलाई जुठो अन्न र पुराना कपडा, ओच्छ्याउनका लागि पराल र ओढ्नलाई थाङ्ला भुत्ला दिनू *(मनुस्मृति, १०/१२५/४६७)*

जप, होम आदि गर्न खोज्ने शूद्रलाई राजाले मृत्युदण्ड दिनुपर्छ । किनभने जसरी पानीले आगो निभाउँछ, त्यसरी नै जप, होम आदि गर्ने शूद्रले सम्पूर्ण राष्ट्रलाई नष्ट गर्दछ । *(स्रोत : पं. छविलाल पोखरेल, जातजाति र सम्प्रदाय, २०५३, पृष्ठ ४७)*

'नेपालमा जातीय छुवाछुत' भन्ने पुस्तकमा जातीय छुवाछुत के हो यसको शुरुवात कहिलेदेखि भयो, नेपालमा यो कस्तो रूपमा रहिआएको छ । यसको समाधानका लागि धार्मिक, साहित्यिक, सरकारी, राजनीतिक तथा स्वयम् जातिबाट भएका प्रयासहरूको बारेमा केही व्याख्यात्मक रूपमा लेखिएको छ  तर उनीहरूको सामाजिक तथा आर्थिक स्थितिको विषयमा केही उल्लेख छैन । तसर्थ यस अध्ययनको आवश्यकता भएको हो । *(स्रोतः अनौपचारिक क्षेत्र सेवा केन्द्र, प्रथम संस्करण, १९९६, पृष्ठ ३३)*

सार्की जाति नेपालको आदिवासी जाति भए तापनि कहिलेदेखि यिनीहरू नेपालमा बसोबास गर्न लागेका हुन् त्यस बारेमा यकिन भन्न नसके तापनि देशको मुख्यतया पहाडी भागमा बसोबास गर्दै आएका छन् र यिनीहरू तागाधारी जातिका आसपासमा बसोबास गर्दछन् । *(विष्ट, १९७२)*

ऐतिहासिक तथा प्राचीन समयदेखि नै नेपालमा वर्णव्यवस्था कायम थियो । लिच्छविकाल, मल्लकाल, शाहकालमा यो कायमै रह्यो । अझ जयस्थिति मल्लले यसलाई झन् बलियो बनाउन भूमिका खेले । जातीय आधारमा नै नेपालमा पुराना ऐनकानुनहरू बनाइए जसको कारण नेपालको सामाजिक संरचना स्तरीकृत रूपमा देखिएको छ । *(शर्मा प्रयागराज, १९७७)*

सार्की जाति पनि हिन्दूधर्मालम्बी भए तापनि समाजका अन्य तागाधारीहरूले सार्की पनि हिन्दू धर्मालम्बी हुन् भनेर सोच्दैनन् र व्यवहार पनि गर्दैनन् किनभने यिनीहरूले समाजमा तल्लो स्तरको व्यवहार गर्दछन् र मरेका गाई, बाच्छा, पाडा खाने गर्दछन् । *(L. Caplan, 1970)*

वर्णव्यवस्था अर्थात् जातपातका भेदभावको बीउ हामी ऋग्वेदको दशम मण्डलको "ब्र्हम्मणोडस्यमुखमासीद्......." भन्ने ऋचामा पाउँछौं । शुरुमा यो व्यवस्था श्रमविभाजनमा आधारित थियो । इसापूर्व १३०० तिर उम्रेका जातीय भेदभावका बीउहरू उपनिषद् र स्मृतिकाल (इसापूर्व ८००-१३०० सम्म) तिर आइपुग्दा वंशानुगत बन्न पुगे र त्यहींबाट

मानवइतिहासको कलङ्कका रूपमा छुवाछुत प्रथा अस्तित्वमा आयो । (प्रश्रित, उत्पीडित सन्देश २००२, पृष्ठ १४२)

मानवशास्त्री विष्ट (1991) ले आफ्नो किताब *Fatalism & Development* मा नेपाली सामाजिक स्वरूप वा संरचनाको वर्णन गरेका छन् । उनले नेपाली समाजमा कसरी जातीय प्रणालीको अस्तित्व रह्यो भन्ने बारेमा उल्लेख गरेका छन् । उनका अनुसार तेह्रौं शताब्दीभन्दा पहिला जब भारतमा रहेका हिन्दूहरूमाथि मुस्लिमहरूले आक्रमण गरे तब नै भारतको उत्तरपूर्वबाट ब्राह्मणहरू आफ्नो हिन्दूसंस्कृति बोकेर नेपाल पसे । लिच्छविकालको अन्त्यमा शङ्कराचार्यले नेपाली राजा शिवदेवलाई ब्राह्मणहरूलाई बढी अधिकार प्रदान गर्दै काठमाडौंको पशुपति मन्दिरको पुजारी बनाउन अह्राए । त्यसैको फलस्वरूप उनीहरूलाई राजनीतिक सांस्कृतिक रूपमा शक्तिशाली ब्राह्मणहरूले आफ्ना सांस्कृतिक अभ्यासको माध्यमबाट तल्लो जात र पिछडिएका वर्गलाई दबाउन थाले । फलतः ब्राह्मण र अछुत (पानी नचल्ने) को जातीय विभाजन देखा पऱ्यो । समयको परिवर्तनसँगै औद्योगिक पूर्वाधारहरूको विकास र परियोजनाहरूमा लगानीको वृद्धिले तल्लो जातका मानिसहरूलाई प्रशस्त कामको मार्ग खुलाइदिएकाले आर्थिक रूपमा माथिल्लो जातमा भर पर्नुपर्ने अवस्थालाई बिस्तारै घटाइदिएको छ । केही सार्कीहरूले तल्लो वा अछुत जाति र सामाजिक विकृतिलाई हटाउनका लागि पहिलो र मुख्य स्थानमा भूमिका निर्वाह गर्न नसकेकामा आफ्नो भाग्यलाई नै धिक्कार गर्दछन् । विष्ट *(Fatalism & Development:1991)* का विचारमा जहिले नेपाली समाज भाग्यवादी प्रवृत्तिहरूबाट स्वतन्त्र हुन्छ तबमात्र यसको विकास सम्भव छ र आधुनिक सन्दर्भमा नेपाल अल्पविकसित हुनामा भाग्यवाद नै उत्तरदायी देखिन्छ । सार्कीहरू नेपालका बासिन्दा भए पनि उनीहरू कहिलेदेखि यहाँ बस्न सुरु गरे भनेर किटान गर्न सम्भव छैन । विशेष गरेर सार्कीहरू पहाडी प्रदेशमा तागाधारीहरूको नजिकै बसोबास गरेका भेटिन्छन् । विष्टको यस कितावले वर्णपद्धति, जातीय विभेदीकरण, छुवाछुतका बारेमा सूचना प्रदान गर्दछ । सार्कीहरूको सामाजिक आर्थिक अवस्थाका बारेमा कम सूचना प्रवाह गरे पनि नेपालमा जातीय प्रणालीका बारेमा जानकारी गराउन पुस्तक अति नै सहयोगी बनेको छ ।

प्रयागराज शर्माले आफ्नो लेख “सामाजिक बहाव र संस्कृतीकरण” (१९७७) मा नेपाली समाजमा व्याप्त विभेदीकरणयुक्त जातीय प्रणालीको नमुना प्रस्तुत गरेका छन् । उनका

अनुसार सबै नेपालीहरू पवित्र र अपवित्र सिद्धान्त वा नियमका आधारमा तागाधारी, मतवाली र पानी नचल्ने तहमा विभाजित छन् । जातीय स्तरीकरणलाई तागाधारी, मतवाली र अछुतका रूपमा राखेका छन् । तागाधारीअन्तर्गत जनै लगाउने ब्राह्मण, क्षेत्री र ठकुरीलाई राखेका छन् । जसलाई दुई पटक जन्मने जात पनि भनिन्छ । मतवालीअन्तर्गत मदिरा पिउने जात भनी राखेका छन् । जसमा राई, लिम्बू, गुरुङ, मगर, नेवार, दनुवार, चेपाङ, मेचे, कुमाललाई मतवाली जातहरूमा राख्दै यिनै मतवाली जातअन्तर्गत उच्च र निम्न भनी छुट्टाएका छन् । मतवालीहरूलाई छोइछिटो हाल्न नपर्ने तर अन्य सामाजिक खानपिन, विवाह आदिमा बन्देज रहने व्यवस्था छ । त्यस्तै अछुतअन्तर्गत दलित जातहरू पर्दछन् । जसमा सार्की, कामी, दमाई, च्यामे, पोडे, गाइने आदि पर्दछन् । यी जाति अछुत वा पानी नचल्ने जातका रूपमा उनी वर्णन गर्दछन् । उनले १८५३ को राष्ट्रिय कानुनी नियममा नियमबद्ध नेपाली जातीय प्रणालीका बारेमा छोटकरीमा वर्णन गरेका छन् । तत्कालीन समाजमा जातअनुसार अपराधको दण्ड पनि फरक थियो । उही अपराधका लागि ब्राह्मणहरूलाई कम र अछुत जातिलाई बढी सजायको भागीदार बनाइन्थ्यो । शर्माका अनुसार नेपालमा तल्लो जातका मानिसहरूले विभिन्न तवरबाट भेदभावहरूलाई सहँदै आएका हुन् । जुन कुरा नै तल्लो जातका मानिसहरू गरिब हुनाको एउटा मुख्य कारणका रूपमा रहेको छ । किन तल्लो जातका मानिसहरू सामाजिक, आर्थिक रूपमा गरीब छन् भन्ने कुराको मुख्य कारण नै उनीहरूले लामो समयदेखि भोग्दै आएका विभिन्न भेदभावहरू हुन् । यस लेखले जातीय प्रणाली, जातीय स्तर, सामाजिक बहावका बारेमा वर्णन गर्दछ भने वास्तवमा दलित अछुत सार्की जातिका बारेमा पनि केही सूचना प्रदान गर्दछ ।

"छापामा दलित" (२००१) मा छापिएको "जातपात र छुवाछुत प्रथा" नामक लेखमा मोदनाथ प्रश्रितले हजारौं वर्ष पहिला नेपाल, भारत र केही छिमेकी मुलुकमा रहेका जातीय प्रथा र छुवाछुत प्रथालाई शास्त्रीय सन्दर्भमा वर्णन गरेका छन् । त्यसैले नेपाली र भारतीय समाजहरू जातीय छुवाछुत प्रथाबाट ग्रसित छन् ।

नेपालको इतिहासमा जातीय प्रथामा उतारचढाउहरू धेरै देखिन्छन् । वर्ण व्यवस्थाको इतिहासलाई हेर्दा गौतम बुद्धले यस भूमिमा क्रान्ति नै छेडेको पाइएको छ । जातपात विरुद्धको अभियान बुद्धको अभियान मानिएको छ । लिच्छविकालको शुरुवातका लिच्छवि राजाहरूमध्ये (

वृषदेव, मानदेव) बुद्धधर्मावलम्वी भएको र अरू राजाहरूले हिन्दूधर्मको अनुसरण गरी वर्णव्यवस्थालाई अपनाउन पुगेको देखा पर्दछ । वसन्त देवको समयमा चार वर्ण र अठार जातहरू अस्तित्वमा रहे र मध्ययुगभरि नै यी फैलिए । नेपालको एकीकरणपछि पृथ्वीनारायण शाहले पनि वर्णव्यवस्थालाई जोड दिए । यस समयमा धेरै विद्वान र सुधारकहरूले वर्णव्यवस्थाको विरुद्ध प्रतिकार गरे पनि वर्णव्यवस्थालाई नै कायम राखियो अहिलेसम्म पनि यो नेपाली समाजमा फैलिरहेको छ । *(प्रश्रित, छापामा दलित : २००१, पृष्ठ १४७)*

जातीय विभेदबाट पीडित व्यक्तिहरू बिस्तारै सङ्गठित हुन थाले साथै आफूहरू ईश्वरबाटै ठगिएका हौं भन्नेहरूले पनि यो जातीय विभेद र छुवाछुत प्रथा ईश्वरप्रदत्त नभएर केही समुदायहरूले आफूलगायत आफ्ना सन्तान कोही पनि कसैको कर–कापमा बाँच्न नपरोस्, आफ्नो जाति सधैं उच्च जातिको कहलियोस् भनी रचिएको रचना मात्र भएको कुरा दलित तथा दलित जातीय समस्याको मर्म बुझ्न सक्ने अन्य जातिका व्यक्तिहरूद्वारा पनि यस किसिमको प्रथाको विरोध हुन थाल्यो । फलस्वरूप सन् १९४७ मा नेपाल सरकारद्वारा सर्वप्रथम वैधानिक कानुन ल्याइयो, उक्त कानुनको धारा ४ मा व्यक्तिगत स्वतन्त्रता, वाक् र सभासङ्गठन गर्ने तथा धार्मिक स्वतन्त्रता प्रत्याभूति गरिए तापनि व्यवहारमा लागू हुन सकेन र वि.सं. २००७ मा राणाशासनको अन्त्य भयो त्यसपछि श्री ५ त्रिभुवनद्वारा घोषणा भएको नेपाल अन्तरिम शासन विधान २००७ जारी भयो, उक्त विधानको धारा १३ मा कानुनका अगाडि समानता, धारा १४ मा धर्म र जातिको आधारमा भेदभाव नगरिने र धारा १६ मा मूलभूत मौलिक अधिकारलाई संरक्षण गरिएको थियो । यसै गरी वि.सं. २०१५ मा नेपाल अधिराज्यको संविधान लागू गरियो जसको धारा ४ को समानताको हकअनुसार सरकारी सेवामा नियुक्तिमा कसैलाई पनि जातीय भेदभाव नगरिने जस्ता कुराहरूको प्रत्याभुत गरियो । वि.सं. २०१७ मा राजा महेन्द्रद्वारा पञ्चायती व्यवस्था लागू भएपछि वि.सं. २०१९ मा नेपालको संविधान जारी भयो । उक्त संविधानको धारा १० मा समानताको हकअन्तर्गत धर्म, वर्ण, जात जातिका आधारमा कसैलाई कुनै भेदभाव नगरिने कुरालाई ग्यारेण्टी गरियो । वि.सं. २०४६ को जनआन्दोलन भई नयाँ संविधान नेपाल अधिराज्यको संविधान २०४७ आयो । उक्त संविधानको धारा ११ ले समानताको हकअन्तर्गत जाति, वर्ण, लिङ्गका आधारमा कसै उपर भेदभाव नगरिने, यो कुरा कानुनद्वारा नै दण्डनीय हुने भन्ने समेतको उल्लेख गरिएको छ । तर

पनि समाजको वास्तविकतालाई अध्ययन गर्दा जातीय प्रथा, छुवाछुत प्रथा समाजमा कायमै छ । हरेक संविधान र कानुनहरूले घोषणा गर्दागर्दै पनि समाजमा यसले किन स्थान लिइरहेको छ भन्ने कुरालाई अध्ययन गर्न यो शोधपत्र उत्सुक रहेको छ ।

## २.२ गरिबी

गरिबी त्यो दशा हो, जसमा एउटा व्यक्तिले आयका कारण वा अनिश्चित व्ययको कारण आफ्नो जीवनस्तर उकास्न सक्दैन । जुन उसको शारीरिक तथा मानसिक दक्षताका लागि अनिवार्य वा आफ्नो समाजको स्तरअनुसार ऊ र उसको परिवारका आश्रित सदस्यहरूलाई काम गर्नका लागि सक्षम बनाउन असमर्थ हुन्छ । *-Gillin & Gillin*

(आर्थिक विकासको समाजशास्त्र, भोजेन्द्र अर्याल २०६१, ज्ञानकुञ्ज प्रकाशन, काठमाडौंबाट उद्धरण गरिएको)

गरिबी धनी वर्गको शोषणको परिणाम हो । यसको उदाहरण समाजमा पुँजीपति र श्रमिकको बीच देख्न सकिन्छ । त्यसै गरी पुँजीवाद र विकसित राष्ट्र र विकासोन्मुख राष्ट्रका बीच देख्न सकिन्छ । - *Karl Marx*

(आर्थिक विकासको समाजशास्त्र, भोजेन्द्र अर्याल २०६१, ज्ञानकुञ्ज प्रकाशन, काठमाडौंबाट उद्धरण गरिएको)

साक्षरता, घुमफिर, लामो आयु, स्वास्थ्य तथा सामाजिक अवस्थाको अभावलाई गरिबीका रूपमा परिभाषित गर्न सकिन्छ । - *Pro.Mayar*

(आर्थिक विकासको समाजशास्त्र, भोजेन्द्र अर्याल २०६१, ज्ञानकुञ्ज प्रकाशन, काठमाडौंबाट उद्धरण गरिएको)

गरिबी निराशा, दुःख र पीडा हो । गरिबी भोकमरी, कुपोषण र उचित वासस्थान, खानेपानी, सरसफाइ, स्वास्थ्यसुविधाको व्यवस्थापन नहुनु हो । जसको कारण उनीहरूको जीवनस्तर नै न्यून हुन्छ र रोगको कारण अन्त्यमा मृत्यु हुन्छ । - *L. Brown*

(आर्थिक विकासको समाजशास्त्र, भोजेन्द्र अर्याल २०६१, ज्ञानकुञ्ज प्रकाशन, काठमाडौंबाट उद्धरण गरिएको)

कुपोषण र ग्रामीण विकास गरिबीको कारण आजका तेस्रो विश्वमा बाँच्ने सवाललाई लिएर भोकका विरुद्धमा चलिरहेको लडाइँ नै गरिबी हो । - *Ghnos & Giftin*

(आर्थिक विकासको समाजशास्त्र, भोजेन्द्र अर्याल २०६१, ज्ञानकुञ्ज प्रकाशन, काठमाडौंबाट उद्धरण गरिएको)

आर्थिक विकासमा सामाजिक तथा सांस्कृतिक विकासको प्रमुख हात हुन्छ । आर्थिक विकासको गति सामाजिक, सांस्कृतिक संरचना, मूल्यमान्यता, आदर्श अनि दृष्टिकोणबाट सुनिश्चित एवं निर्देशित हुन्छ । अर्थले धर्मलाई वा सांस्कृतिक पक्षलाई भन्दा पनि धर्मद्वारा आर्थिक व्यवस्थाको स्वरूप निर्धारण हुने गर्दछ । - *Max Weber*

(आर्थिक विकासको समाजशास्त्र, भोजेन्द्र अर्याल २०६१, ज्ञानकुञ्ज प्रकाशन, काठमाडौंबाट उद्धरण गरिएको)

*Seddon David (1987)* ले आफ्नो पुस्तक *Nepal:A State of Poverty* मा नेपालको गरिबी र असमानताको मूल कारणबारे अध्ययन गरेका छन् । उनको पुस्तक सामाजिक र आर्थिक दृष्टिकोणबाट लेखिएको छ । विद्यमान सामाजिक असमानताको विश्लेषणात्मक आधारमा उनले परम्परागत कृषिमा आधारित अर्थसंरचना र सामाजिक संरचनाको मिश्रणलाई मुख्य कारण मानेका छन् । नेपालको गरिबी बढ्दो क्रममा रहेको भन्दै उनी यस्तो तर्क अघि सार्छन्, "सामाजिक लिङ्ग, जाति र सम्प्रदायका आधारमा गरिने भेदभावले सामाजिक असमानतामा उल्लेख्य भूमिका खेले पनि सामाजिक असन्तुलन र अभावको जरोचाहिं भूमि र अन्य स्रोतको असन्तुलित वितरणमा आधारित कृषि अर्थ व्यवस्था र प्राचीन स्वरूपको शोषण नै हो"।

*Bista (1985)* को पुस्तक *Ethnicity its problems and prospects* मा यस देशमा साम्प्रदायिकताको सत्यतालाई धेरै समयसम्म कम महत्त्वपूर्ण वा उल्लेखनीय मानेर बेवास्ता गर्ने अवस्था छैन । केही दशक अघिसम्म पनि यदाकदा प्राज्ञिक छलफलबाहेक अन्यत्र नउठ्ने यो विषय आजका दिनमा व्यापक छलफल, चासो र रुचिको विषय बनेको छ । साम्प्रदायिक गतिविधिहरू बढी हुने देशका विभिन्न क्षेत्रमा अन्यत्रभन्दा धेरै तनाव महसुस गर्न थालिएको छ । मासिहरू अप्रत्यक्ष रूपमै र कुनै नियत नराखिकनै बुझ्न, महसुस गर्न थालेका छन् कि तिनीहरू अन्तर्जातीय, अन्तरभाषिक र अन्तरसांस्कृतिक समस्याहरूको एउटा डरलाग्दो अवस्था भोग्न गइरहेका छन् । यदि सरकारी तवरबाटै यसले उग्र रूप लिन नपाउँदै समाधान गरिएन भने यसबाट गम्भीर स्थिति निम्तिनेछ । आर्थिक असमानता र राजनीतिक अशान्ति हाबी भएका ठाउँमा यस समस्याले द्रुत गतिमा जरा गाड्दै गइरहेको तथ्यले अझ स्पष्ट पारेको छ । आर्थिक असमानता र स्रोत माथिको असमान अधिकार तराईमा अन्य क्षेत्रमा भन्दा

ठूलो मात्रामा विद्यमान छ । भूमिसुधारजस्ता कार्यक्रमका वावजुद काठमाडौंमा भन्दा तराईमा भूमिको असमान वितरण बढी छ । विद्यमान शोषण र असमानता आन्तरिक द्वन्द्वको कारण बन्दै छ । एकपटक द्वन्द्वको आगो सल्केपछि त्यसलाई निभाउन सकिंदैन ।

नेपाल सरकारले राष्ट्रिय योजना आयोगका लागि तयार पारेको *National Dalit Strategy Report (2002)* ले दलितको आर्थिक अवस्थाका बारेमा यसरी विश्लेषण गर्ने प्रयास गरेको छ । "नेपालमा सामान्यत गरिबी जमिनमाथिको अधिकारसँग जोडिएको छ । गरिबीको अर्को सूचक घरको आकार र प्रकार पनि हो । अन्य स्रोतबाट प्राप्त हुने आय निर्धनता र सम्पन्नता नाप्ने तत्त्वहरू हुन् ।

*खगेन्द्र शर्मा, ज्ञानु क्षेत्री र सीता राना (१९९४)* द्वारा गरिएको अनुसन्धान *A modest study of the current socio economic situation of lowest status caste and tribal communities in Nepal* मा जातीय छुवाछुतको समस्याका विभिन्न स्वरूपहरू र जातीयताका आधारमा भइरहेको अन्याय आदिलाई राम्रोसँग चित्रण गरिएको छ । उदाहरणका लागि एउटा प्रसङ्ग यसरी उल्लेख गर्न सकिन्छ, "एक जना अछुत भनिने शिक्षकलाई कथित अन्य जाति र तल्लो जातिका विद्यार्थीलाई पौष्टिक आहार कार्यक्रमबाट वितरित खाजा खान सँगै बस्न लगाएकै आरोपमा कैलालीकै आफ्नो गाउँको स्कुलबाट धनगढी सरुवा गराइयो । विद्यालय निरीक्षक शिक्षकको अध्यापनबाट सन्तुष्ट नै थिए तर प्रधानाध्यापक र केही ब्राह्मण हरू शिक्षकविरुद्ध खनिए र पछि खाद्य कार्यक्रम नै रोकियो " ।

उपर्युक्त विद्वान्हरूको भनाइलाई मनन गर्दा गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा, रोजगारको अभावको अवस्था नै गरिबी हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ । कुसंस्कार, परम्परागत सोच, रूढिग्रस्त भावना, भाग्यवादी भावना, गरिबी हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ । अभाव, निराशा, कुण्ठा, पीडा, भय गरिबी हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ । औद्योगिकीकरण र आधुनिकीकरणको अभाव गरिबी हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ । अशान्ति, अनुत्तरदायी एवं अस्थिर सरकार रहिरहनु पनि गरिबी हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

## २.३ सैद्धान्तिक पुनरावलोकन

समाज र संस्कृतिको अध्ययन गर्नका लागि मार्क्सवादी पद्धति उपयुक्त मानिन्छ, यस पद्धतिअनुसार समाजमा भेदभाव छ, असमानता छ, शोषण र दमन छ, 'उत्पादनका साधन' का कारण यसो हुने गरेको छ । उत्पादनका साधन भएकाहरूले आफ्नै अनुकूलको धर्मसंस्कृति आदि नियमहरूको निर्माण गरेका छन् । त्यसैमार्फत उत्पादन साधनविहीनलाई दमनशोषण गर्दछन् भन्ने मान्यता यस पद्धतिको रहेको छ । यस शोधपत्रमा यसै मार्क्सवादी पद्धतिलाई आत्मसात गर्दै दलित र गरिबीको सम्बन्ध हेर्न खोजिएको छ र मार्क्सवादी पद्धतिका आधारभूत मान्यताहरू अगाडि सारिएका छन् । आधारभूत मान्यताहरू रूसी अनुवादक *CLEMENS DUTT* द्वारा अनुवादित *Fundamental of Marxism-Leninism:1964* बाट लिइएको छ । यस्ता आधारभूत मान्यताहरूमा :

१. ऐतिहासिक वस्तु द्वन्द्ववाद ;
२. वर्ग, वर्ग सङ्घर्ष र राज्य ;
३. उत्पादनप्रणाली ;
४. आधार संरचना र उपरि संरचना ;
५. उत्पादन तत्त्व, सामाजिक जीवन र उदासीनता ;
६. सामाजिक परिवर्तन र क्रान्ति ।

### १. ऐतिहासिक वस्तु द्वन्द्ववाद

*Karl Marx* का अनुसार समाज परिवर्तनशील छ । खास कालखण्डमा स्थापित सामाजिक, आर्थिक, राजनीतिक सबै संरचनाहरू निश्चित कालखण्डपछि आमूल परिवर्तन हुन्छन् । यो परिवर्तनको प्रक्रिया एक चरणपछि अर्को चरणमा जाँदा बढी गुणात्मक र परिष्कृत बन्दै अगाडि बढ्दछ । विपरीत तत्त्वको एकता र सङ्घर्षको नियम, सङ्ख्यात्मकताबाट गुणात्मक परिवर्तनको नियम पदार्थको नियम हो भन्ने मान्यता मार्क्सवादको रहेको छ । यसै मान्यता अनुरूप यस शोधपत्रले यही कुराको अनुसरण गरेको छ । अन्य जाति र सार्की जातिको एकता र सङ्घर्षको के कस्तो अवस्था छ ? हिन्दूधर्मको आदर्शअनुसार

समाजपरिवर्तनको नियम के कस्तो अवस्थामा देखिएको छ ? यी दुई जातिहरू के-कस्तो अवस्थामा एकै समाजमा रहिरहेका छन् ? सो को विषयमा हेर्न खोजिएको छ ।

## २. वर्ग, वर्गसङ्घर्ष र राज्य

मार्क्सवादका अनुसार समान विशेषता भएका व्यक्तिहरूको एक वर्ग हुन्छ भन्ने मान्यता रहेको छ । सामाजिक व्यवस्थामा यसलाई बुझ्नु पर्दा सामाजिक सांस्कृतिक संरचनामा संलग्न एकाइहरूको उपस्थितिलाई यहाँ बुझ्ने गरिन्छ । समाजको सामाजिक संरचना अन्तरसम्बन्धको ढाँचा, अन्तरक्रिया र कार्यगत सम्बन्धलाई पनि बुझ्नुपर्दछ भन्ने मान्यता मार्क्सवादको रहेको छ । यस्तै वर्ग-वर्गका बीचमा सङ्घर्ष हुन्छ । राज्यसत्ता जससँग छ, अर्को वर्गलाई उसले दमन र शोषण गरिरहन्छ । राज्यको प्रकृति नै शोषणमूलक छ भन्ने मान्यता मार्क्सवादको रहेको छ । यस शोधपत्रमा यही कुरालाई मनन गर्दै सामाजिक संरचनाभित्र संलग्न यी दुई एकाइ जुन अन्य जात र सार्की जातका रूपमा विभाजित भएर रहेका छन् । अन्य जातिले सार्की जातिलाई के कसरी हेरिरहेका छन् ? यिनीहरूबीच के-कस्तो सम्बन्ध छ । समाज र राज्यले यिनीहरूलाई के-कस्तो रूपमा हेरिरहेको छ ? सो को विषयमा हेर्न खोजिएको छ ।

## ३. उत्पादनप्रणाली

मार्क्सवादका अनुसार उत्पादनप्रणालीको आधारमा सामाजिक व्यवस्था निर्माण हुने गर्दछ । आदिम साम्यवादी अवस्था समतामूलक अवस्था भएकाले यहाँ कुनै प्रकारको सामाजिक विभेद देखिँदैन तर त्यसभन्दा पछिका अवस्थाहरूमा जोसँग उत्पादनका साधनहरू भए उनीहरूले नै आफ्नै अनुकूलका सामाजिक, सांस्कृतिक व्यवस्थाहरू निर्माण गर्दै गए । उत्पादनका साधन नहुनेहरूलाई शोषण र दमन गर्दै गए भन्ने मान्यता राख्ने गर्दछ । यस शोधक्षेत्रका सार्की जाति र अन्य जातिको अध्ययन गर्दा यी दुई जातिसँग उत्पादनका साधन के कस्तो अवस्थामा छन् ? तिनीहरूको सम्बन्ध के कस्तो छ ? सो को विषयमा हेर्न खोजिएको छ ।

## ४.	आधार संरचना र उपरि संरचना

मार्क्सवादका अनुसार आधार संरचनाले उपरि संरचना निर्माण गर्दछ । आधार संरचना - Infrastructure भन्नाले समाजको आर्थिक आधारलाई जनाउने गर्दछ यसैले नै उपरि संरचना (Superstructure) सामजिक, मूल्यमान्यता, धर्म संस्कृति, विचार कला साहित्यका निर्माण गर्ने गर्दछ भन्ने मान्यता राख्दछ । यस शोधपत्रले पनि यही मान्यतालाई शिरोधार्य गर्दै अन्य जाति ब्राह्मण जाति र सार्की जातिका धर्म, संस्कृति, मूल्य, मान्यतालगायतका सामाजिक अवस्थाहरू के-कस्तो अवस्थाहरूमा रहिरहेका छन् ? अन्य जातिले सार्की जातिलाई के-कस्तो अवस्थामा हेर्ने गरेका छन् ? आदि विषयमा हेर्न खोजिएको छ ।

## ५.	उत्पादन तत्त्व, सामाजिक जीवन र उदासीनता

मार्क्सवादका अनुसार उत्पादन कार्यमा सबैभन्दा बढी महत्त्वपूर्ण तत्त्व मानव तत्त्वलाई मानिने गर्दछ । मानव तत्त्वलाई शोषण अत्याचार, दमन, असुरक्षाका कारणबाट नैराश्य सिर्जना गराउने गर्दछ भन्ने मान्यता राख्दछ । यसका आधारभूत मान्यताहरू सम्झदा यस शोधक्षेत्रमा रहेका दबिएका शोषित भएका सार्की जातिहरू जीवननिर्वाहका साधनहरू कृषि, ज्यालादारी आदिमा के कस्तो अवस्थामा रहिरहेका छन् । यसको बारेमा हेर्न खोजिएको छ ।

## ६.	सामाजिक परिवर्तन र क्रान्ति

मार्क्सवादले सामाजिक परिवर्तनलाई सर्वव्यापी नियम ठान्दछ । समाजमा देखिएका विभेद, अन्तरविरोध, बेमेलका कारण परिवर्तन अनिवार्य रूपमा हुने गर्दछ भन्ने मान्यता राख्ने गर्दछ । यस शोधपत्रमा पनि हिन्दू धार्मिक संस्कारले जकडिएका सार्की जाति यस्तो विभेदयुक्त, बेमेलयुक्त सामाजिक परिवेशमा के-कस्तो अवस्थामा रहिरहेका छन् ? यिनीहरूको परिवर्तनको अवस्था के-कस्तो छ ? अन्य जातिहरूले यसका बारेमा हिजोको भन्दा आज के कस्तो धारणा बनाउँदै गइरहेका छन् ? सोका विषयमा हेर्न खोजिएको छ ।

यस्तै नवमार्क्सवादका रूपमा मानिएको विश्व व्यवस्थात्मक सिद्धान्तमा *Wallerstein* ले जसरी केन्द्र क्षेत्र, अर्धपृष्ठ क्षेत्र र पृष्ठक्षेत्र राज्यहरूको अवस्थाको वर्णन गरी केन्द्र क्षेत्रले अर्धपृष्ठ क्षेत्र र पृष्ठ क्षेत्रलाई शोषण गर्दछन्, परनिर्भरतामा राख्दछन् (सामाजिक विश्लेषणको सैद्धान्तिक ढाँचा, बलराम आचार्य २०५९, प्रकाशक : दुर्गा आचार्य पोखरांबाट उद्धरण गरिएको) भन्ने धारणा प्रस्तुत गरेका छन् । यहाँ पनि जातीय रूपमा विभाजित समाजमा ब्राह्मण जाति र सार्की जातिका बीचमा के-कस्तो अवस्था रहेको छ सो कुरा हेर्न खोजिएको छ ।

यस्तै नवमार्क्सवादको रूपमा मानिएको विश्व व्यवस्थात्मक सिद्धान्त भित्रकै परनिर्भरताको सिद्धान्तमा *Frank* ले मुख्य शहर र उपग्रहको रूपमा राज्यहरूलाई वर्गीकरण गर्दै मुख्य सहरले उपग्रहलाई आफ्नो निर्भरतामा राखिराख्दछ (सामाजिक विश्लेषणको सैद्धान्तिक ढाँचा, बलराम आचार्य २०५९, प्रकाशक : दुर्गा आचार्य पोखरांबाट उद्दरण गरिएको) भन्ने धारणा प्रस्तुत गरेजस्तै ब्राह्मण जातिले सार्की जातिलाई आफ्नै अधीनमा राख्ने प्रयास गरेका छन् कि छैनन ? हेर्न खोजिएको छ ।

## २.४ अवधारणात्मक ढाँचा र सैद्धान्तिक ढाँचा

### क) अवधारणात्मक ढाँचा


माथिको साहित्य र सैद्धान्तिक पुनरावलोकनबाट सामाजिक विभेदकारी र असमावेशी समाजको मूल कारण समाजमा विभिन्न कालखण्डदेखि चलेका धार्मिक आख्यान र धर्ममा आधारित वैधानिक प्रावधानहरू नै हुन् । यस्ता विभेदकारी र असमावेशी व्यवस्थाहरू दलितको जीवनको अङ्ग र नियति बनेका छन् । यस्ता व्यवस्थाले दलितहरूको सामाजिक, आर्थिक, सांस्कृतिक र शैक्षिक अवस्थाहरूलाई तल पार्ने गर्दछन् । यस्ता तत्त्वहरूको समग्र प्रभावलाई दुई प्रकारले उल्लेख गर्न सकिन्छ । पहिलो, आर्यसंस्कृतिको विकास भएदेखि नै सामाजिक रूपमा दलितहरूको दयनीय आर्थिक, सामाजिक, सांस्कृतिक, शिक्षा, स्वास्थ्यलगायतका जीवननिर्वाहका अवस्थाहरूमा अरूमा निर्भर रहनाले समाज, राज्य, स्थानीय निकाय आदि सबैतिर उनीहरूको पहुँच पुग्न गाह्रो परिरहेको छ । लामो समयसम्म अर्थोपार्जन/जीविकाका उपायहरू अन्य जातिका व्यक्तिमा निर्भर हुनाले उनीहरू यही

विभेदकारी संस्कृति र धार्मिक अवधारणाका बीच रहिरहन बाध्य हुन्छन् । विभेद र अन्यायको चक्र उत्पादनका साधन प्राप्त व्यक्तिहरूबाट सुरू हुन पुग्दछ र उक्त व्यक्तिहरूको स्वार्थअनुसार नै सामाजिक, धार्मिक बन्धन/नियम बन्न पुग्दछन् । उत्पादनका साधनविहीनहरू अनेकन बन्धनहरूमा रहिरहन बाध्य हुने गर्दछन् । त्यसैले दलित हरेक गरिबीको मारमा पर्नुपर्ने बाध्यता हिजोदेखिकै आर्थिक, सामाजिक, धार्मिक तथा सांस्कृतिक अन्धविश्वास र कुरीतिहरूबाट शुरुवात भएको छ । दोस्रो, निर्णायक तहमा रहेका व्यक्तिहरूबाट हुने विभेदकारी व्यवहारले निर्णायक तहमा नपुगेका व्यक्तिहरूको जीवन अवसरहरू न्यून बन्ने गर्दछन् । यहाँ अन्य जातिहरू हिजोदेखि नै निर्णायक तहमा रहेका त्यही अनुरूपकै संविधान, नियम, कानुन निर्माण गरेका तर सुविधाबाट वञ्चित दलितहरू निर्णायक तहमा नपुगी अरूकै नियम कानुनहरूलाई सहेर बसिरहनु पर्दा उनीहरूमा  हीनताबोध हुने गर्दछ । सामाजिक नियम, संविधान, ऐन, कानुनमार्फत गैरदलितहरू उच्च हुन् भन्ने भावना बढाउँछ । जसको असर दलितहरूको प्रत्येक अवस्थामा पर्ने गर्दछ । निर्णायक तहमा पहुँचको कमीले सामाजिक तथा आर्थिक गरिबीको चक्र अझ भयानक बन्न पुग्दछ । कसरी त्यो चक्र सम्बन्धित छ र दलितको दैनिक जीवनमा प्रभाव पारिरहेको छ भन्ने कुरा बुझ्नुपर्ने हुन्छ । दलित नै गरिबी हुनुपर्ने कुनै मान्यता त होइन नि ! यो त केवल बाध्यतामात्र हो । यिनै मूल्य, मान्यता, नियम, कानुन आदिका कारणहरूबाट दलितहरू सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक गरिबीका मारमा पर्नु परेको हो । यसरी यी दुवै पक्षलाई हेर्दा समाजमा फरक-फरक जाति, संस्कृति, संविधान, नियम, कानूनले र अनि उचनीचको अवस्थाले दलित जाति अन्य जातिभन्दा गरिबीको अवस्थामा रहनु परेको हो । सामाजिक रूपमा उचो स्थान रहँदा ऊ अगाडि देखिने गर्दछ, नीचको स्थानमा राखिंदा दिनप्रतिदिन दुःखी र गरिब बन्दै जाने गर्दछ । हरेक बन्धनले बाँधिएको हुँदा उसले यो अवस्था झेल्नुपर्दछ, सामाजिक आर्थिक रूपमा झन्-झन् गरिब हुँदै जाने गर्दछ । यही अवधारणाअनुसार नै यो शोधपत्र तयार भएको छ ।

यसलाई तलको अवधारणात्मक ढाँचामा देखाइएको छ :

**चित्र १**

## अवधारणात्मक ढाँचा




### ख) सैद्धान्तिक ढाँचा

मानवसमाजको अध्ययन गर्ने सिलसिलामा मानवशास्त्री तथा समाजशास्त्रीहरूले थुप्रै पद्धतिहरूको विकास गरेको पाइन्छ । समाज र संस्कृतिको अध्ययन गर्न सुरुमा उद्‌भव र प्रसारवादी सिद्धान्त आयो । यो कम प्रभावकारी हुँदै गएपछि संरचनात्मक कार्यात्मक पद्धति शुरु भयो । *Emile Durkheim, Malinowski, R.K. Merton, A.R. Redcliffe Brown* हरू संरचनात्मक प्रकार्यवादी सिद्धान्तको आधारमा अध्ययन गर्ने प्रमुख समाजशास्त्री/ मानवशास्त्रीहरू हुन् । समाजमा सन्तुलन मात्रै छैन, द्वन्द्व पनि छ । समाज विकासको सुरुवातबाट नै हुने र नहुनेको बीचमा द्वन्द्व हुँदै आइरहेको छ । यही नियमानुसार नै समाजको गति अघि बढिरहेको छ भन्ने समाजशास्त्रीय मार्क्सवादी चिन्तनको पनि शुरुवात हुन पुगेको छ । द्वन्द्ववादी पद्धति, मार्क्सवादी पद्धतिहरूले समाजमा द्वन्द्व छ, द्वन्द्वकै कारण समाजको गति अघि बढ्छ भन्ने अवधारणाको विकास गरेका छन्  त्यस्तै साधनसम्पन्न र विपन्नको बीचमा परनिर्भरताको अवस्था सिर्जना हुन पुगेको छ । सम्पन्नहरूले विपन्नहरूलाई आफ्नो प्रभावमा पारिरहेका छन् भन्ने समेतको विश्व व्यवस्थात्मक सिद्धान्त र परनिर्भरताको सिद्धान्तको पनि विकास हुन पुगको छ । यस शोधपत्रमा खास गरेर मार्क्सवादी पद्धतिलाई मुख्य रूपमा लिइएको छ र सहायक रूपमा विश्व व्यवस्थात्मक सिद्धान्त र परनिर्भरताको सिद्धान्तलाई लिइएको छ । यिनै सैद्धान्तिक अवधारणाहरूलाई आत्मसात गर्दै यस शोधपत्रमा दलित र गरिबीको सम्बन्धलाई हेर्न खोजिएको छ । समाज शुरुमा आफ्नै प्रजाति बनेको भए पनि हाल आएर फरक प्रजाति, जाति, धर्म, संस्कृतिहरूको मेलबाट बनेको छ, यस शोधपत्रको समाज पनि मिश्रित नै भन्नुपर्दछ, एकै प्रजातिको मानवीय समुदाय धर्मसंस्कृतिको निर्माण गर्ने अवस्थामा आफैलाई फरक-फरक बनाई अन्य र पानी नचल्ने जातिको रूपमा रूपान्तरित भएको छ । जब यस्तो हुन्छ त्यहाँ असमानता, शोषण, दमन देखा पर्ने गर्दछ । सक्नेले नसक्नेलाई, हुनेले नहुनेलाई, सम्पन्नले विपन्नलाई यहाँ शोषण गरिरहन्छन्, शोषितहरू, दमितहरू उन्मुक्तिका लागि अनेक प्रयास गर्दछन्, तर यस्ता बन्धनहरू हुन्छन् उनीहरू सजिलैसँग यस्ता बन्धन चुँडाल्न सक्दैन, जालमा फसिरहन्छन् उनीहरूको अवस्था दिन प्रतिदिन दुःख लाग्दो बन्दै गइरहेको हुन्छ । *Marx* का सिद्धान्तहरू यिनै कुरालाई लिएर आएका छन्, यस शोधपत्रले पनि यिनैलाई आधार लिएको छ अनि विश्व व्यवस्थात्मक सिद्धान्तले केन्द्र क्षेत्रले अर्धपृष्ठ क्षेत्र र पृष्ठ क्षेत्रलाई शोषण गर्दछ भन्ने मान्यता राखे जस्तै यहाँ पनि यही कुरा सम्झदै ब्राह्मण जातिलाई केन्द्र क्षेत्रको रूपमा र सार्की जातिलाई पृष्ठक्षेत्रको रूपमा मान्न ठिकै हुने हुनाले यिनै सैद्धान्तिक अवधारणाहरूलाई यस शोधपत्रले अनुसरण गरेको छ ।

सैद्धान्तिक ढाँचालाई यसरी हेर्न सकिन्छ :

**चित्र २**



# अध्याय तीन

## अनुसन्धानपद्धति

### ३.१ अध्ययनक्षेत्र

प्रस्तावित सार्की जातिको अध्ययनक्षेत्र पश्चिमाञ्चल विकासक्षेत्रअन्तर्गत धौलागिरि अञ्चल पर्वत जिल्ला मुडीकुवा गा.वि.स. का वडा नं. १, २, ३, ४, ५ र ९ लाई लिइएको छ । विभिन्न जाति/जनजातिअन्तर्गत पर्ने सार्की जातिको आर्थिक र सामाजिक अवस्थाको चित्रण गर्दै दलित मानिएका यिनीहरूको दलित र गरिबीका सम्बन्धमा शोधपत्र तयार पर्ने योजनाअनुसार नै यी गाउँ क्षेत्रभित्रका यी वडाहरूलाई सो क्षेत्र मानिएको छ । दलित र गरिबीका सम्बन्धमा ज्यादै कम शोधअनुसन्धानहरू भएको पाइएकाले उक्त विषयवस्तुलाई लिई कार्य गर्न इच्छुक भएकाले यसै विषयवस्तुलाई समेट्न सक्ने यस गा.वि.स.को क्षेत्रलाई अध्ययनक्षेत्रको रूपमा लिइएको छ ।

### ३.२ छनोटको ढाँचा

यो अध्ययन अन्वेषणात्मक र वर्णनात्मक दुवै ढाँचामा रहेको छ । यो अध्ययन दलित र गरिबीको सम्बन्ध पत्ता लगाउने भएकाले अन्वेषणात्मक रहेको अनि यथास्थितिलाई वर्णन गर्ने भएकाले वर्णनात्मक ढाँचाको रहेको छ ।

### ३.३ नमुना छनोट

छानिएका वडाका सबै ४५ घरधुरीका सार्की जातिहरूको सामाजिक, आर्थिक, शैक्षिक एकाइहरूको अध्ययन गर्ने र घरमूलीलाई अनुसूचीबमोजिमका प्रश्नहरूमार्फत वास्तविकता पत्ता लगाइने हुनाले अनुसन्धान ढाँचामा सम्भाव्यता नमुना ढाँचालाई आधार बनाइएको छ र नमुना प्रतिनिधित्व १००% रहेको छ ।

## ३.४ तथ्याङ्कको स्रोत

यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै खालका स्रोतहरूबाट तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरिएका छन् । प्राथमिक स्रोतअन्तर्गत त्यस क्षेत्रमा अवलोकन, प्रश्नावली, घरधुरी सर्वेक्षण, अनुसूचीको प्रयोग गरी सत्यतथ्य कुरा लिइएको छ भने द्वितीयक स्रोतहरू विभिन्न सम्बन्धित लेखरचना, जर्नल, पत्रपत्रिका, प्रकाशित/अप्रकाशित ग्रन्थहरू तथा अन्य सम्बन्धित साहित्यको अध्ययनबाट लिइएका छन् ।

## ३.५ तथ्याङ्कको प्रकृति

यस अध्ययनमा मात्रात्मक तथा गुणात्मक दुवै पक्षलाई प्राथमिकता दिइएको छ । मात्रात्मकअन्तर्गत उमेरअनुसार वर्गीकरण, लिङ्गका आधारमा वर्गीकरण, शैक्षिक स्थिति आदिलाई समेटिएको छ । गुणात्मक पक्षअन्तर्गत संस्कृति, रहनसहन, सामाजिक पहिचान, आर्थिक हैसियत आदिलाई समेटिएको छ ।

## ३.६ तथ्याङ्क-सङ्कलनविधि

कुनै पनि अध्ययनलाई त्यसको उद्देश्य अनुरूप सही अर्थमा त्यसको भित्री गुदीसम्म पुग्नका लागि विभिन्न विधि र प्रविधिहरूको अवलम्बन गरिनुपर्दछ । त्यसैले यस अध्ययनका निमित्त पनि निम्न विधि तथा प्रविधिहरूको सहयोग लिइएको छ :

### क) प्रश्नावली

अध्ययनसँग सम्बन्धित विषयवस्तुमा आधारित रहेर विभिन्न प्रकारका प्रश्नहरूलाई उत्तरदाताहरूसमक्ष पठाइएको थियो । प्रश्नावली खुला र बन्द प्रकृतिका थिए । जुन प्रत्यक्ष रूपमा उत्तरदातालाई भेटी आफैले दिइएको थियो । प्राध्यापक, शिक्षक, बुद्धिजीवीहरूलाई उत्तरदाता बनाइएको थियो ।

### ख) अवलोकन

अवलोकन विधिद्वारा त्यस समुदायको सामाजिक, आर्थिक पक्षको अवलोकन गरिएको छ जातीय हैसियतको अवलोकन गरिएको छ । यस विधिद्वारा तथ्याङ्क-सङ्कलन गर्दा

असहभागी अवलोकन विधिको प्रयोग गरिएको छ । जसद्वारा सत्यतथ्य र प्रत्यक्ष कुराहरू उतार्न सहयोग मिलेको छ ।

### ग) घरधुरी सर्वेक्षण

घरधुरी सर्वेक्षणबाट अध्ययन गर्दा शोधकर्ता स्वयं प्रत्येक ४५ घरधुरीमा गई दलित र गरिबीको सम्बन्धका बारे जान्न, बुझ्नका लागि बसोबासको अवस्था, जग्गाजमिनको अवस्था, रोजगारको अवस्थाजस्ता अवस्थाहरूको वास्तविक कुरा पत्ता लगाउन सहयोग मिल्ने विश्वास गरी यस विधिको प्रयोग गरिएको छ ।

### घ) अनुसूची

यस समुदायमा रहेका सार्की जातिका घरमूलीसँग विषयसँग सम्बन्धित जानकारी अनुसूची विधिबाट लिइएको छ । प्रत्येक घरका घरमूलीलाई नमूना छनोटको रूपमा मानिएको छ ।

## ३.७ तथ्याङ्क-विश्लेषण र प्रस्तुतीकरण


विभिन्न अध्ययनसँग सम्बन्धित तथ्याङ्कहरूलाई आवश्यकताअनुसार सङ्ख्यात्मक र व्याख्यात्मक रूपमा प्रस्तुत गरिएको छ । सामान्यतः सङ्ख्यात्मक रूपमा प्रस्तुत गर्ने तथ्याङ्कलाई साधारण तालिकामा सङ्ख्या र प्रतिशतका रूपमा व्याख्या गरिएको छ भने अन्य तथ्याङ्क-सङ्कलनबाट प्राप्त तथ्याङ्कहरूलाई व्याख्यात्मक रूपमा विश्लेषण गरी प्रस्तुत गरिएको छ । अध्ययनअनुसन्धानको पूर्णता सङ्कलन गरिएका तथ्याङ्कहरूको प्रभावशाली विश्लेषण तथा प्रस्तुतीकरणमा भर पर्ने गर्दछ । यो शोधकार्य पूरा गर्ने क्रममा तथ्याङ्क-सङ्कलन गर्दा माथिका विभिन्न विधिहरूलाई प्रयोगमा ल्याइएको हो । यस विधिद्वारा प्राप्त भएका प्राथमिक तथ्याङ्कलाई द्वितीयक तथ्याङ्कहरूसँग तुलनात्मक रूपमा अध्ययन गरी यस शोधकार्यलाई अन्तिम रूप दिइएको छ । माथि भनिएझैं विभिन्न माध्यमबाट प्राप्त तथ्याङ्कहरूको सूक्ष्म विश्लेषण गरी आवश्यकतानुसारका विभिन्न तालिका, स्तम्भचित्र र पाइचार्टसमेतको प्रयोग गरिएको छ ।

# अध्याय चार

## अध्ययनक्षेत्रको परिचय


नेपाल विश्वको उत्तरी गोलार्द्धको एसिया महादेशमा २६ डिग्री २२ मिनेटदेखि ३० डिग्री २७ मिनेट उत्तरी अक्षांश र ८० डिग्री ४ मिनेटदेखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तरका बीचमा रहेको छ । यसको क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर रहेको छ । विश्वको कुल स्थलभागको ०.०३ प्रतिशत र एसिया महादेशको कुल स्थल भागको ०.३ प्रतिशत खण्ड यसले ओगटेको छ । यसको सिमानामा पूर्व, पश्चिम तथा दक्षिणमा गणतन्त्र भारतको सिक्किम, बङ्गाल, विहार, उत्तरप्रदेश र उत्तराञ्चल राज्य तथा उत्तरमा जनवादी गणतन्त्र चीन रहेको छ । हिमाली क्षेत्र पशुपालनका लागि विशाल क्षेत्र लिएर बसिरहेको छ । पहाडी क्षेत्र फलफूल खेतीका लागि भण्डारका रूपमा रहेको छ । उपत्यका र तराई क्षेत्र खाद्य भकारीका रूपमा अक्षुण्ण रूपमा रहिरहने अवस्था छ । जलस्रोतका दृष्टिबाट विश्वकै दोस्रो स्थानमा रहेको यस देशसँग आफ्नो देश मात्र होइन दक्षिण एशियालाई विद्युतीकरण गर्न पुग्ने अपार जलस्रोत रहेको छ । (स्रोत : पर्वत वस्तुगत विवरण : २०५८ जिविस पर्वत)

**नक्सा १ : विश्वको नक्सामा नेपाल**



*स्रोत : एटलास: नेपाल साहित्यप्रकाशन केन्द्र, २०६२*

## नक्सा २ : नेपालको नक्सामा पर्वत जिल्ला




*स्रोत : एटलासः नेपाल साहित्य प्रकाशन केन्द्र, २०६२*

नेपाललाई प्रशासनिक रूपमा पाँच विकासक्षेत्र, चौध अञ्चल र पचहत्तर जिल्लामा विभाजन गरिएको छ । तिनै पचहत्तर जिल्लामध्येको एउटा जिल्ला पर्वत जिल्ला हो । यो विश्वमानचित्रमा २८° ००' १९" देखि २८°२३'३९" अक्षांश र ८३° ३३' ४०" देखि ८३° ४९' ३०" देशान्तरको बीचमा रहेको छ । उचाइका हिसाबले सामुद्रिक सतहबाट ५२० मिटरदेखि ३३०९ मिटरसम्मको भूभाग यस जिल्लामा पर्दछ । यसको पूर्वमा कास्की र स्याङ्जा, पश्चिममा बाग्लुङ र म्याग्दीको केही भाग उत्तरमा म्याग्दी र दक्षिणमा स्याङजा र म्याग्दीको केही भाग उत्तरमा म्याग्दी र दक्षिणमा स्याङ्जा र गुल्मीको केही भाग रहेको छ । (स्रोत : पर्वत वस्तुगत विवरण : २०५८ जिविस पर्वत)

यस जिल्लाको उत्तरी भागमा हम्पाल र लोप्रेका लेकहरू पर्दछन् भने मध्यभागमा पञ्चासे र डहरे तथा दक्षिणी भागमा चिसापानी र गोर्ल्याङका चुचुराहरू पर्दछन् । यी चुचुराहरू शिशिरमा हिउँले ढाकिएका देखिन्छन् भने वसन्तमा विभिन्न जडीबुटीले युक्त

हुन्छन् । यी चुचुराहरुबाट उत्तरी क्षेत्रमा देखिने हिमशृङ्खला र टाढा-टाढाका मनमोहक दृश्य तथा बिहानीको सूर्योदयको सुन्दरता सबैका लागि आकर्षणको केन्द्र बनेको पाइन्छ ।

कुश्माको गुप्तेश्वर गुफा, ज्ञादीको अलपेश्वर गुफा, बर्राचौरको शीतलपाटी गुफा, लुङ्खुको चनौटेको भीरमुनिको गुफा, पाङको भुवनेश्वरी गुफा यस जिल्लाका प्रसिद्ध गुफाहरू हुन् भने धार्मिक तथा पर्यटकीय दृष्टिले मोदीबेनीको नरसिंहमन्दिर, सेदीबेनीको शालिग्राम शिला, धाईरिङको भूमे, लुङ्खुको चिसापानी देवीको मन्दिर, ठूलीपोखरीको बाटुलेचौर, बेउलीवासको पैंयुकोट र धुँवाकोटको ऐतिहासिक दरबार तथा किल्ला, माझफाँटको कर्णेलको दरबार, तथा लुङ्खुको मेलढुङ्गा महत्त्वपूर्ण मानिन्छन् ।

यस जिल्लामा २ निर्वाचन क्षेत्र, ५५ गा.वि.स., ११ वटा इलाका, र ४९५ वटा वडाहरू रहेका छन् । यस जिल्लाको सदरमुकाम शिवालय गा.वि.स.को कुश्मामा पर्दछ । जिल्लाको क्षेत्रफल ५३६८६.२१ हेक्टर (५३६.८६ वर्ग कि.मि.) रहेको छ । मानवीय विकासक्रमका दृष्टिले १५औं स्थानमा पर्ने यस जिल्लामा ब्राह्मण , क्षेत्री, मगर, कामी, गुरुङ, दर्जी, सार्की, कुँवर, नेवार, ठकुरी, सन्न्यासी, कुमाल, बोटे, थकाली र मुस्लिम जातिको बसोबास रहेको छ । विकासक्रमले हेर्दा यस जिल्लाका ८ गाविसलाई पक्की सडकले जोडेको छ भने धूले मौसमी सडकको समेत गणना गर्दा ५३ गाविसमा सडक पुगेको छ तर दुई गा.वि.स.मा कुनै पनि सडकले छोएको समेत छैन । *(स्रोत : जिल्ला वस्तुगत विवरण, २०५८, जिविस पर्वत)*

यस जिल्लामा १० स्वास्थ्यचौकी र ४२ उपस्वास्थ्य-चौकीबाट आधारभूत स्वास्थ्यसुविधा ५५ वटै गाविसमा पुगेको देखिन्छ । जिल्ला अस्पतालका अलावा ठूलीपोखरी र लुङ्खु देउरालीमा प्राथमिक स्वास्थ्य केन्द्रबाट स्वास्थ्य सेवा उपलव्ध भएको छ । फलेवासमा सञ्चालित हेल्पिङ्ग हेन्ड्स सामुदायिक स्वास्थ्य क्लिनिकबाट एक्स-रे, इसीजी, अल्ट्रासाउण्ड, ल्याब, फार्मेसी, सामान्य शल्यक्रिया र प्रसूति सेवासमेत प्रदान गरिएको छ । यस जिल्लामा रहेका चार वटा आयुर्वेदिक स्वास्थ्य केन्द्रले स्वास्थ्य क्षेत्रमा थप सहयोग पुऱ्याएका छन् ।

जलस्रोतका दृष्टिले हेर्दा पर्वतको पश्चिमी भागमा कालीगण्डकी नदी, मध्यभागमा मोदी भए तापनि यिनीहरूलाई सिँचाइका रूपमा उपयोग गर्न सकिएको छैन । हाल यी नदीहरू ढुंगा, गिटी र बालुवाका मुख्य स्रोत बनेका छन् । अन्य स-साना खोलाहरू लुङ्दी, लस्ती, पाती, रती, जहरे, मल्याङ्दी, चिर्दी, लमाए, बाच्छा, सेतीलगायतका खोलाहरू

सिँचाइका मुख्य स्रोतहरू हुन् । विद्युत् उपयोगका दृष्टिमा भोक्सिङ, बाच्छा, पाङराङ, भुक, क्याङ, र सरौंखोला गाविसमा लघु जलविद्युत् योजना सञ्चालन भइरहेका छन् भने ठूला विद्युत् योजनामा १४ मेगावाट क्षमताको मोदीखोला पर्वतको देउपुर गाविसमा सञ्चालन भइरहेको छ । यस जिल्लका २६ गाविसले केन्द्रीय प्रसारण लाइनबाट विद्युत्सुविधा प्राप्त गरेका छन् भने फलामखानी गाविसमा स्थानीय विकास कोषको प्रदर्शन कार्यक्रमअन्तर्गत हावाबाट सञ्चालन हुने विद्युत् नमुनाका रूपमा देखाइएको छ ।

शिक्षाक्षेत्रतर्फ दृष्टि दिंदा तीन क्याम्पस, १५ उच्च मा.वि., ६८ मा.वि, ३४ नि.मा.वि., २१४ प्रा.वि. रहेका छन् भने निजी स्रोतका मा.वि.को सङ्ख्या पाँच रहेको छ । शैक्षिक हिसावले १६ स्रोतकेन्द्रअन्तर्गत पर्वतका सम्पूर्ण विद्यालयहरू समावेश गरिएका छन्।

पर्वत जिल्ला पश्चिमाञ्चल विकासक्षेत्रमा पर्ने मध्यपहाडी जिल्ला हो । पर्वत सानो जिल्ला भए तापनि लेक र बँसीमा हावापानीको भिन्नता माटाको विविधता धरातलीय स्वरुप र मोहोडामा ठूलो अन्तर रहेकोले कृषि उत्पादनमा पनि विविधता पाइन्छ । धरातलीय स्वरुप र मौसम अनुसारका विभिन्न तरकारीहरू र फलफूलहरू यस जिल्लामा पाइन्छन् । बेंसीका समतल फाँटहरूमा उन्नत जातको खाद्यान्नको विस्तार गरी लाभ लिन सकिन्छ  भने उच्च पहाडीक्षेत्रमा फलफूल खेतीहरुको विस्तार गरी प्रशस्त लाभ लिन सकिन्छ । पशुपालनका दृष्टिले बाख्रा, कुखुरा, बंगुर खरायो, गाई भैंसी आदि यस जिल्लाका विभिन्न भागमा पाल्न सकिन्छ । यहाँ लघु उद्यम विकास कार्यक्रमको सहयोगमा केही उद्यमीहरू तयार भई क्याण्डी, जाम, जेली, अचार, छाला जुत्ता, अल्लाको कपडा, टीका, साबुन, माहुरीपालनलगायतका व्यवसाय सुरु गरेको देखिन्छ ।

पर्वत जिल्ला सानो जिल्ला भए तापनि यहाँ स्लेट ढुंगाको खानी, फलामखानी, तामाखानी रहेको ऐतिहासिक प्रमाण पाइन्छ तर हाल स्लेट ढुंगा, बालुवा, गिटी मात्र निकासी भइरहेका छन् । भिरालो जमिनका कारण बाढी, पहिरो, नदीकटान र कच्ची सडकबाट हुने भू-क्षय यस जिल्लाका मुख्य समस्या हुन् । भू-क्षय नियन्त्रण कार्यक्रम प्रभावकारी रूपले संचालन गर्ने, कच्ची सडकलाई ग्राभेलिङ्ग र कालोपत्रे गर्दै लाने तथा विकासका सम्भावनाहरूको पहिचान गरी कार्यक्रम सञ्चालन गरिएका खण्डमा पर्वत जिल्ला नेपालको एक नमुना जिल्लाका रूपमा स्थापित हुन सक्ने बलियो सभ्भावना रहेको देखिन्छ ।

## ४.१ मुडीकुवा गा.वि.स.को परिचय

मुडीकुवा गा.वि.स. पर्वत जिल्लाको मध्यभागमा अवस्थित छ । विश्वमानचित्रमा यो गाविस २८°१०'३१" देखि २८°१२'०८ सम्मको उत्तरी अक्षांश र ८३°३८'५२" देखि ८३°४१'२३" पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ । यस गाउँ विकास समितिको पूर्वमा शंकरपोखरी र खानीगाउँ गाविसको केही भाग पश्चिममा बाग्लुङ जिल्ला, उत्तरमा कटुवाचौपारी र शिवालय गाविस तथा बाग्लुङ जिल्लाको केही भाग र दक्षिणमा देवीस्थान र खानीगाउँ गाउँ विकास समिति पर्दछन् । राजनीतिक विभाजनका हिसाबले यो गाउँ विकास समिति जिल्लाको निर्वाचन क्षेत्र नं. २ मा र इलाका नं. ६ अन्तरगत रहको छ । नौ वटा वडाहरू र २० बस्तीहरूमा विभाजित यस गाउँ विकास समितिको प्रशासनिक कार्य वडा नं. १ मा रहेको गाउँ विकास समितिको कार्यालयबाट हुने गरेको छ ।

कहीं भिरालो तथा कहीं समतल धरातलीय स्वरूपले बनेको यस गाउँ विकास समितिको वडा नं. ७ को १३६० मिटर उचाइ भएको स्थान सबैभन्दा अग्लो र ६६० मिटर उचाइ रहेको वडा नं. ५ को जिमिरघाटनेरको फाँट सबैभन्दा होचो भू-भाग हो । यस गाउँ विकास समितिको कुल क्षेत्रफल करिब ५१४.४३ हेक्टर रहेको छ । (खानेपानी तथा सरसफाइ पार्श्वचित्र २०६१ जिविस पर्वत)


एउटा सानो उपत्यका देवीस्थान, खानीगाउँ र मुडीकुवा समेटिएर बनेको टार उपत्यकाको रूपमा रहेको पानी (खानेपानी सिँचाइ दुवै) को अभाव रहेको यस टारमा दक्षिण तिरबाट डेढ घण्टा जति टार हिडिसकेपछि खानेपानीको मिठो कुवा यस ठाउँमा मात्र पाइएकोले यही कुवाको नाउँमा मुडीकुवा गाउँको नाउँ रहेको किंवदन्ती पाइन्छ ।

नक्सा ३ : पर्वत जिल्लाको नक्सामा अध्ययनक्षेत्र मुडीकुवा गा.वि.स.




*स्रोत : जिल्ला विकास समिति, पर्वतः खानेपानी तथा सरसफाइ पर्श्वचित्रः २०६२*

नक्सा ४ : मुडीकुवा गा.वि.स.




*स्रोत : जिल्ला विकास समिति, पर्वतः खानेपानी तथा सरसफाइ पर्श्वचित्र : २०६२*

यस गाविसको कुल जनसङ्ख्या ३,२२४ रहेको छ । वडागत हिसावले घरधुरीसङ्ख्या र महिला पुरुषसङ्ख्या तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

**मुडीकुवा गा.वि.स.को जनसङ्ख्याविवरण**

| **वडा नं** | **घरधुरीसङ्ख्या** | **जनसङ्ख्या** | | |
|---|---|---|---|---|
| | | **महिला** | **पुरुष** | **जम्मा** |
| १ | २८ | १०३ | ११८ | २२१ |
| २ | ५५ | १९६ | १९४ | ३९० |
| ३ | ६३ | २०७ | १९२ | ३९९ |
| ४ | ३२ | ९० | ९५ | १८५ |
| ५ | १०० | ३३० | ३३७ | ६६७ |
| ६ | ३२ | १२४ | १३८ | २६२ |
| ७ | ४८ | १५६ | १७० | ३२६ |
| ८ | ८२ | २३७ | २७७ | ५१४ |
| ९ | ४३ | १३६ | १२४ | २६० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६३*

शैक्षिक दृष्टिकोणले यो गाविस अगाडि नै रहेको मान्न सकिन्छ । यस गाविसमा एक माध्यमिक विद्यालय, एक निम्न माध्यमिक विद्यालय, तीन प्राथमिक विद्यालय रहेका छन् । यस गा.वि.स.मा अध्ययनरत छात्रछात्राको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. २**

**मुडीकुवा गा.वि.स.मा अध्ययनरत विद्यार्थीविवरण**

| **सि.नं.** | **विद्यालयको नाम** | **विद्यार्थीसङ्ख्या** | | |
|---|---|---|---|---|
| | | **छात्रा** | **छात्र** | **जम्मा** |
| १ | माटेदेवल माध्यमिक विद्यालय | १६५ | १७५ | ३४० |
| २. | शारदा निम्न माध्यमिक विद्यालय | ८१ | ७८ | १५९ |
| ३. | गहते अम्बोट प्राथमिक विद्यालय | ५९ | ५४ | ११३ |
| ४. | बाल प्राथमिक विद्यालय | २७ | १४ | ४१ |
| ५. | वी.पी. स्मृति प्राथमिक विद्यालय | २५ | २८ | ५३ |
| **जम्मा** | | **३५७** | **३४९** | **७०६** |

*(स्रोत : स्थलगत सर्वेक्षण, २०६३)*

जातीय दृष्टिले हेर्दा यस गा.वि.स.मा ब्राह्मण क्षेत्रीहरूको बाहुल्य देखिन्छ भने दोस्रा स्थानमा सार्की पर्दछन् । त्यसै गरी तेस्रा स्थानमा कामी पर्दछन् । अन्य विभिन्न जातिहरू चौथा स्थानमा पर्दछन् । यसलाई निम्न तालिकाद्वारा स्पष्ट पारिन्छ :

**तालिका नं. ३**

**मुडीकुवा गा.वि.स.को जातीय जनसङ्ख्याविवरण**

| **क्र.स.** | **जातीय विवरण** | **जनसङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | ब्राह्मण /क्षेत्री | २६९६ | ८३.६२% |
| २ | सार्की | २९४ | ९.११% |
| ३ | कामी | १७० | ५.२८% |
| ४. | अन्य | ६४ | १.९८% |
| **जम्मा** | | ३२२४ | १००% |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६३*

भाषा, धर्म तथा चाडबाडका हिसाबका दृष्टिकोणले यस गाविसको परिचय दिनुपर्दा मातृभाषा नेपाली भाषा नै सबैजसोले बोल्ने भाषाका रूपमा रहेको छ । यस गाउँ विकास समितिमा रहेका प्रायः सबैले हिन्दूधर्म नै मान्ने गर्दछन् । चाडबाडका हकमा साउने सङ्क्रान्ति, नागपञ्चमी, रक्षाबन्धन, तीज, दशैं, तिहार, माघे सङ्क्रान्ति, चैते दशैं, वैशाखे सङ्क्रान्तिजस्ता चाडबाडहरू यहाँका बासिन्दाहरूले मनाउने गर्दछन् । यसका अतिरिक्त सबै समुदायमा न्वारान, पास्नी, चूडाकर्म, व्रतबन्ध, विवाह, मृत्युसंस्कार आ-आफ्ना किसिमले सम्पन्न गर्ने गर्दछन् ।

आर्थिक दृष्टिकोणले यस गाविसको परिचय दिनुपर्दा यहाँको आम्दानीको प्रमुख स्रोत कृषि नै रहेको देखा पर्दछ । कृषि गुजारामुखी नै रहेको छ । सरकारी नोकरी अर्को गुजाराका रूपमा यहाँका मानिसहरूले अनुसरण गरिरहेका छन् । विदेशको नोकरी थोरै प्रतिशत भारततर्फ उन्मुख रहेको देखिएको छ । हालसालमा केही युवाहरू तेस्रा मुलुकहरूमा रोजगारीका लागि जाने वातावरण पनि शुरुवात भइरहेको छ ।

यातायात, सञ्चार र विद्युत्का तर्फबाट यस गाविसको परिचय दिनुपर्दा सुख्खा मौसममा वडा नं. ७ बाहेक अन्य ८ वटा वडामा कच्ची बाटाबाट सवारी साधन प्रयोग


गर्न सकिने स्थिति रहेको छ । सञ्चारका साधनहरू सर्वसुलभ नभए पनि कामचलाउ रहेका छन् । विद्युत् सेवा ७५% मानिसहरूले उपभोग गरिरहेको अवस्था रहेको छ ।

यस गाउँ विकास समितिमा गाउँ विकास समितिको कार्यालय-१, उपस्वास्थ्य चौकी-१, अतिरिक्त हुलाक-१ कार्यालयहरू रहेका छन् ।

खानेपानी, सिँचाइको अवस्थाबाट यस गाविसको परिचय दिनुपर्दा ९८ प्रतिशत मानिसहरूले पाइपप्रणालीको सामूहिक धाराबाट खानेपानीको सुविधा उपभोग गरिरहेका छन् । बाँकी २ प्रतिशतले परम्परागत पँधेरा र कुवाबाट पानीको उपभोग गरेको देखिएको छ । निजीस्तरका धारा राख्ने धारणाको भने विकास भएको देखिंदैन । सिँचाइ केही जग्गामा मात्र सीमित छ । परम्परागत सिँचाइप्रणाली सिँचाइको आधार बनेको छ । परम्परागत कुलाबाट नै सिँचाइ गरिएको छ । हाल आएर तल्लो भेग वडा नं. २, ४, र ६ का जग्गाहरूमा जिल्लास्तरीय सिँचाइ योजना शुरुवात भएको छ । ५/७ वर्षभित्रमा यो योजना सम्पन्न हुन सक्ने देखिन्छ ।

## ४.२ मुडीकुवा गा.वि.स.का सार्की जातिको परिचय

**नक्सा ५ : मुडीकुवा गा.वि.स.मा सार्की जातिको बसोबास भएका वडाहरू**




*स्रोत : जिल्ला विकास समिति, पर्वतः खानेपानी तथा सरसफाइ पर्श्वचित्रः २०६२*

सार्की जातिका बूढापाकाहरू हर्कबहादुर नेपाली, मानबहादुर नेपाली, शोभे नेपाली, मनबहादुर नेपालीले आफूलाई मुडुला कार्की क्षेत्रीका सन्तान मान्दछन् । यस गा.वि.स.का वडा नं. १, २, ४ का सार्की आजभन्दा १५० वर्ष अगाडि आफ्नो जिजुबाजे वसन्तेलाई यहाँका ब्राह्मण जातिकै गौंडेलले ल्याई गाउँको एक छेउमा राखेको भन्ने बताउँछन् । उक्त जिजु वसन्तेका चार सन्तानमध्ये ठूलो भाइ स्याङ्जा जिल्लाको रापाकोटमा बसाइँ गएको, माहिला साहिँलाका सन्तानहरू यहाँ विस्तृत भएका र कान्छो भाइ निःसन्तान रहेको बताउने गर्दछन् । यही साभ्रा बाजे वसन्तेका माहिला र साहिँलाका सन्तान आफ्नो परम्पराअनुसार दमित अवस्थामा बसिरहनु परेको गुनासो गर्ने गर्दछन् । यस्तै वडा नं. ९ का सबैभन्दा वृद्ध डण्डबहादुर नेपाली यस वडामा बसोबास गरेका सार्की यसै जिल्लाको कार्कीनेटा गाविसबाट लगभग १३० वर्ष अगाडि आएको बताउँछन् । त्यस्तै ५ नम्बर वडाका लालबहादुर नेपाली यस वडामा बसोबास गरेका सार्कीहरू बाग्लुङ जिल्लाको

अमलाचौर गाविसबाट लगभग १०० वर्ष अगाडि आएको बताउँछन् भने वडा नं. ३ का काशीराम नेपाली, चन्द्रबहादुर नेपाली, छविलाल नेपाली, ठाकुरचन्द्र नेपालीहरूले यस वडामा बसोबास गर्ने सार्की जाति लगभग १३० वर्ष अगाडि बाग्लुङ जिल्लाको छिस्ती गाविसबाट आएको बताउँछन् । यी विभिन्न वडामा बसोबास गरेका सार्की जातिको संस्कारमा भने केही फरक अवस्था देखिन आउँछ तर पनि यी सबैले हिन्दूधर्म अवलम्बन गर्ने गर्दछन् । यिनीहरूको गोत्र फरक-फरक छ वडा नं. १, २, ४ मा रहेका सार्कीहरू आफूलाई कौशिल्य गोत्रका मान्ने गर्दछन् । वडा नं. ९ का सार्कीहरू कौशिल्य सेतो बस्याल थर गोत्र मान्ने गर्दछन् । त्यस्तै वडा नं. ३ का सार्कीहरू आफूलाई रम्तेल गोत्रका मान्ने गर्दछन् । संस्कारलाई हेर्दा यिनीहरूका बीचमा फरक-फरक संस्कार छ । जन्म, व्रतवन्ध, विवाह, मृत्यु संस्कार एकापसमा एकै जाति भए पनि फरक-फरक छन् । १, २ र ४ का सार्कीहरू को जन्म, व्रतवन्ध, विवाह, मृत्यु एक किसिमको छ । जन्ममा सूतक नौ दिन बार्ने, व्रतवन्ध विवाह संस्कार गर्ने, मृत्यु दश दिनसम्म बार्ने (जुठो बार्ने) हर्कबहादुर, मनबहादुर, शोभे नेपाली बताउँछन् । वडा नं. ५ का सार्कीहरू सूतक ९ दिन, जुठो ११ दिन बार्ने गर्दछन् र आफूलाई बस्याल गोत्रको लालबहादुर बताउँछन् । यस्तै वडा नं. ९ का २/३ परिवार जन्म, व्रतबन्ध, विवाह संस्कार यिनीहरूसँग मिले पनि मृत्युसंस्कार १३ दिनसम्म बार्ने डण्डबहादुर नेपाली बताउँछन् । त्यस्तै वडा नं. ३ का सार्कीहरू जन्म, व्रतबन्ध विवाह संस्कार अघिल्लाको जस्तो मिले पनि मृत्यु संस्कार तीन दिनमात्र बार्ने ( जुठो बार्ने) काशीराम, चन्द्रबहादुर, छविलाल नेपाली बताउँछन् । यसरी एकै सार्की जातिको संस्कार पनि ठाउँ ठाउँमा फरक-फरक भएको देखिन आउँछ ।

# अध्याय पाँच

# दलित जातिको सामाजिक, आर्थिक र शैक्षिक विश्लेषण

## ५.१ सामाजिक जनजीवन

नेपालमा २०५८ सालको जनगणनाअनुसार सार्की जातिको जनसङ्ख्या ३१८९८९ रहेको छ । जसमध्ये १५३६८१ पुरुष र १६५३०८ महिला छन् । हामीले अध्ययन गरेको यस मुडीकुवा गाउँ क्षेत्रमा दलितमा परिभाषित भएका जातिहरूमध्ये सार्की र कामीहरूको बसोबास रहेको छ । सार्की र कामीको कुल जनसङ्ख्या ४६४ रहेको छ । यस गा.वि.स.को कुल जनसङ्ख्या ३२२४ मध्ये यी दलितहरूको जनसङ्ख्या प्रतिशत १४.३९ रहेको छ । तर सार्की जातिको अध्ययन मात्रै यस शोधपत्रको अध्ययन भएकाले कामीलाई दलितको श्रेणीमा राखिए तापनि सार्की जातिको मात्रै अध्ययन गरिएको छ । अध्ययनअनुसार वडा नं. १, २, ३, ४, ५ र ९ का सार्की जातिको जनसङ्ख्या निम्न तालिकामा प्रस्तुत गरिन्छ :

**तालिका नं. ४**

**मुडीकुवा गा.वि.स.को कुल जनसङ्ख्यामध्ये सार्की जातिको वडागत महिला पुरुष जनसङ्ख्या**


| क्र.स. | वडा नं. | कुल घरसङ्ख्या | कुल जनसङ्ख्या | | | सार्की जातिको घरसङ्ख्या | सार्की जातिको जनसङ्ख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | जम्मा | | महिला | पुरूष | जम्मा | |
| १ | १ | २८ | १०३ | ११८ | २२१ | २ | ८ | ५ | १३ | ५.८८ |
| २ | २ | ५५ | १९६ | १९४ | ३९० | १० | २८ | २९ | ५७ | १४.६१ |
| ३ | ३ | ६३ | २०७ | १९२ | ३९९ | १० | २८ | ३७ | ६५ | १६.२९ |
| ४ | ४ | ३२ | ९० | ९५ | १८५ | १३ | ४० | ४५ | ८५ | ४५.९४ |
| ५ | ५ | १०० | ३३० | ३३७ | ६६७ | ५ | २१ | २३ | ४४ | ६.५९ |
| ६ | ६ | ३२ | १२४ | १३८ | २६२ | ०० | ०० | ० | ० | ०० |
| ७ | ७ | ४८ | १५६ | १७० | ३२६ | ०० | ०० | ० | ० | ०० |
| ८ | ८ | ८२ | २३७ | २७७ | ५१४ | ०० | ०० | ० | ० | ०० |
| ९ | ९ | ४३ | १३६ | १२४ | २६० | ५ | १५ | १५ | ३० | ११.५३ |
| जम्मा | | ४८३ | १५७९ | १६४५ | ३२२४ | ४५ | १४० | १५४ | २९४ | ९.११ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६३*

माथिको तालिकालाई हेर्दा मुडीकुवा गा.वि.स.मा सार्की जातिको बसोबास सबभन्दा बढी वडा नं. ४ मा रहेको देखिएको छ । जहाँ कुल परिवारसङ्ख्या ३२ मध्ये १३ घरसङ्ख्या सार्की जातिको रहेको छ र कुल वडाको जनसङ्ख्या १८५ मा सार्की जातिको जनसङ्ख्या ८५ रहेको छ । त्यस्तै वडा नं. ३ मा कुल परिवारसङ्ख्या ६३ मध्ये सार्की जातिको घरसङ्ख्या १० रहेको छ र कुल वडाको जनसङ्ख्या ३९९ मा सार्की जातिको जनसङ्ख्या ६५ रहेको छ । वडा नं. २ मा कुल परिवारसङ्ख्या ५५ रहेकामा सार्कीहरूको १० परिवार रहेको छ जसमा जनसङ्ख्याका हिसाबले कुल जनसङ्ख्या ३९० रहेकामा सार्कीहरूको जनसङ्ख्या ५७ रहेको छ । त्यस्तै वडा नं. ९ को कुल परिवारसङ्ख्या ४३ रहेकामा सार्की जातिको ५ परिवार मात्र रहेको छ । जनसङ्ख्याको हिसाबले २६० रहेको उक्त वडामा सार्कीहरूको जनसङ्ख्या ३० रहेको छ यसै गरी वडा नं. ५ मा रहेका १०० घरपरिवारमा सार्कीहरूको जम्मा ५ परिवार रहेको छ । कुल जनसङ्ख्या ६६७ मा सार्की जातिको जनसङ्ख्या ४४ रहेको छ । वडा नं. १ मा २८ परिवारसङ्ख्या रहेकामा सार्कीहरूको मात्र २ परिवार रहेको छ । कुल जनसङ्ख्या २२१ रहेको उक्त वडामा सार्कीहरूको जनसङ्ख्या मात्र १३ रहेको छ । वडा नं. ६, ७ र ८ मा भने सार्कीहरूको बसोबास रहेको छैन ।

गा.वि.स. भित्रका वडाहरूमा सार्की जातिको जनसङ्ख्या कस्तो अवस्थाको छ भन्ने कुरा तलको स्तम्भचित्रले पनि बताएको छ ।


**स्तम्भचित्र १**



वडामा रहेको जनसङ्ख्या प्रतिशतलाई हेर्दा वडा नं. १ मा सार्की जातिको जनसङ्ख्या प्रतिशत ५.८८ रहेको छ । वडा नं. २ मा १४.६१ प्रतिशत रहेको छ । वडा नं. ३ मा १६.२९ प्रतिशत रहेको छ । वडा नं. ४ मा ४५.९४ प्रतिशत रहेको छ । वडा नं. ५ मा ६.५९ प्रतिशत रहेको छ । वडा नं. ९ मा ११.५३ प्रतिशत रहेको छ । जसलाई पाईचार्टमा तल देखाइएको छ ।

**पाइचार्ट १**

**अध्ययनक्षेत्रका सार्की जातिको जनसङ्ख्या प्रतिशत**




उमेर र लिङ्गका आधारमा सार्की जातिका महिला र पुरुषको जनसङ्ख्यालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका : ५**

**उमेर र लिङ्गका आधारमा सार्कीहरूको जनसङ्ख्याविवरण**

| क्र.स. | उमेर (वर्षमा) | महिला | पुरुष | कुल जनसङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०–५ वर्ष | १७ | १९ | ३६ | १२.२४ | |
| २ | ६–१० वर्ष | १८ | १७ | ३५ | ११.९० | |
| ३ | ११–१५ वर्ष | १५ | १५ | ३० | १०.२० | |
| ४ | १६–२० वर्ष | १३ | १९ | ३२ | १०.८८ | |
| ५ | २१–२५ वर्ष | १५ | १८ | ३३ | ११.२२ | |
| ६ | २६-३० वर्ष | १८ | २१ | ३९ | १२.९२ | |
| ७ | ३१–३५ वर्ष | १५ | १२ | २७ | ९.१८ | |
| ८ | ३६–४० वर्ष | ४ | ५ | ९ | ३.०६ | |
| ९ | ४१–४५ वर्ष | ३ | ७ | १० | ३.४० | |
| १० | ४६-५० वर्ष | ४ | ३ | ७ | २.३८ | |
| ११ | ५१–५५ वर्ष | ३ | ६ | ९ | ३.०६ | |
| १२ | ५६–६० वर्ष | ५ | ३ | ८ | २.७२ | |
| १३ | ६१ भन्दा माथि | १० | ९ | १९ | ६.४६ | |
| जम्मा | | १४० | १५४ | २९४ | १०० | |

***(स्रोत : स्थलगत सर्वेक्षण २०६३)***

मुडीकुवा गा.वि.स. का वडा नं. १, २, ३, ४, ५ र ९ का ४५ घरमा बसोबास गर्ने सार्की जातिको जनसङ्ख्या उमेरगत हिसाबले माथिल्लो तालिकामा वर्णन भएअनुसार अध्ययन गर्दा ०–५ वर्ष उमेरका १२.२४% बालबालिका, ६–१० वर्षसम्मका ११.९०% बालबालिका, ११–१५ वर्षसम्मका १०.२०% किशोरकिशोरीहरू, १६-२० वर्षसम्मका १०.८८% किशोरकिशोरीहरू, २१–२५ वर्षका युवाहरू ११.२२%, २६–३० वर्षसम्मका १२.९२% युवाहरू, ३१–३५ वर्षसम्मका उमेरका मानिसहरू ९.१८%, ३६-४० वर्षसम्मका मानिसहरू ३.०६%, ४१-४५ वर्षसम्मका ३.४०% मानिसहरू, ४६–५० वर्षसम्मका मानिसहरू २.३८%, ५१–५५ वर्षसम्मका मानिसहरू ३.०६% रहेका छन् भने ५६–६० वर्षसम्मका मानिसहरू २.७२%, र ६१ वर्षदेखि माथिकाहरूको प्रतिशत ६.४६ रहेको देखिन्छ । यसलाई अध्ययन गर्दा १५ वर्ष मुनिका बालबालिकाको सङ्ख्या ३४.३४ प्रतिशत देखिन आउँछ ।

### ५.१.१ भाषा, भेषभूषा र रहनसहन

सार्की जाति नेपाली भाषा नै बोल्दछन् । यसबाहेक उनीहरूको अर्को कुनै आफ्नो भाषा छैन । महिलाहरू सारी, ब्लाउज, चोलो, लुंगी, पटुका, मजेत्रो आदि लगाउँछन् भने पुरुषहरू कमिज, जाँगे र कछाड लगाउँछन् । युवाहरू भने आधुनिक नयाँ पोशाकतिर उन्मुख भएको देखिन्छ । केटाहरू सर्ट, पाइण्ट, जुत्ता, मोजा लगाउँछन् भने केटीहरू कुर्ता, सुरुवालतर्फ उन्मुख भएको देखिन्छ । उमेरअनुसार पहिरनमा फरक देखा पर्दछ । उमेरमा पाकाहरू कमिज, स्टकोट, कछाडमा नै रमाउँछन् । जुत्ताभन्दा चप्पल लगाउँछन् । कोही-कोही त चप्पल पनि लगाउन चाहँदैनन् । महिलाहरूले उमेरका पाकाहरू सारी र ब्लाउजबाहेक अरू लगाउन रुचाउँदैनन् । महिलाहरू थोरै मात्रामा भए पनि गहना लगाउन चाहने स्वभावका देखिन्छन् । नाक, कानमा सामान्य खालका गहनाहरू लगाएका देखिन्छन् । यस भन्दा बढी गहना लगाएका महिलाहरू देखिंदैनन् । नेपालीपनमै रमाउने आफ्नै रहनसहनमा बाँच्न खोज्ने यस जातिको चालचलन रहेको देखिन्छ ।

एकै जातिका भए पनि यी भिन्न-भिन्न वडामा बस्ने यी सार्की जातिहरूको थर र गोत्र भने एकापसमा मिलेको देखिएन । वडा नं. १, २ र ४ मा बस्ने सार्की जातिहरू आफूहरू मुडुला कार्की थरका भएका, आफ्नो गोत्र कौशिल्य मुडुला कार्की भएको हर्कबहादुर र मानबहादुर बताउँछन् । त्यस्तै वडा नं. ३ मा बस्ने सार्की जाति आफूहरू

रम्तेल थर गोत्रका बताउँछन् । त्यस्तै वडा नं. ९ मा बसोबास गर्ने सार्की जातिले आफूलाई सेतो बश्याल थर गोत्र भएको बताउँछन् । त्यस्तै वडा नं. ५ मा बसोबास गर्ने सार्की जातिले आफू कौशिल्य गोत्र भएको बताउँछन् ।

आर्थिक अवस्थाले सामाजिक तथा अन्य अवस्थामा पनि प्रभाव पार्ने तथ्य यहाँ झल्कन आउँछ । १/२ परिवारबाहेक सबै परिवारको घरको अवस्था नाजुक रहेको छ । साना कच्ची माटो र खरका होचा र साँघुरा गुजुमुच्च परेका घरहरूमा यस जातिका मानिसहरू बसेका छन् । यिनीहरू सानो टुक्रा जमिनमा एकै ठाउँमा गुजुमुच्च घर बनाई बसेको देखिन्छ । गोठहरू व्यवस्थित र फराकिला देखिंदैनन् । अधिकांशले पालीमा (घरको छानामा झुण्ड्याएर बनाएको) गोठ बनाउने गरेको, छुट्टै भए पनि कच्ची मलमूत्रको निकास नभएको, धेरै नखप्ने खालका गोठहरू नै रहेका देखिन्छन् । पशुपालनमा अधिकांश आफ्ना पशुहरू भन्दा अरूका अधियाँ (आधा भाग पाउने) तेहु (तीन भागको एक भागमात्र पाउने) पालेको देखिन्छ । आफ्नै बस्तु पाल्नेहरूमा पनि एक भैंसी र एक गोरुभन्दा बढी पाल्ने नगरेको देखिन्छ । कुखुरा भने अधिकांशले पाल्ने गरेको देखिन्छ । घरको किसिम र सङ्ख्या निम्न तालिकामा प्रस्तुत गरिन्छ :

**तालिका नं ६**

**घरको किसिमसम्बन्धी विवरण**

| क्र.स. | विवरण | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | साना खरले छाएका कच्ची घरहरू | ३९ | ८६.६८ | |
| २. | ढुङ्गामाटाका कच्ची | ४ | ८.८८ | |
| ३. | ढुङ्गामाटाका पक्की | २ | ४.४४ | |
| | जम्मा | ४५ | १०० | |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६३*

उपर्युक्त तालिकालाई अध्ययन गर्दा ४५ घरधुरीमध्ये ३९ वटा अथवा ८६.६८ प्रतिशत साना, साना कच्ची घरहरू रहेका छन् भने ढुङ्गामाटाबाट बनाइएका कच्ची घरको सङ्ख्या ४ वा ८.८८ प्रतिशत रहेको छ भने ढुङ्गामाटाबाट बनाइएको पक्की घरको सङ्ख्या मात्र २ रहेको छ जुन ४.४४ प्रतिशत मात्र हुन आउँछ । वरिपरि पर्खाल बलियो नभएको, खरले छाइएका, साँघुरा, होचा घरहरूलाई साधारण खरले छाएका कच्ची घरहरू मानिएको

छ । वरिपरिको पर्खाल राम्रो लगाइएको तर छाना भने अस्थायी रूपको भएको घरलाई ढुङ्गामाटाको कच्ची घर मानिएको छ । गारो पनि पक्का र छानो पनि पक्का भएको घरलाई ढुङ्गामाटाको पक्की घर भनिएको छ ।

## ५.१.२ पारिवारिक संरचना

यहाँका सार्कीहरूमा संयुक्त परिवारको प्रचलन रहेको भए पनि हालमा आएर यस प्रचलनमा कमी आएको देखिन्छ । यिनीहरूको परिवारलाई एकात्मक परिवार र संयुक्त परिवार गरी दुई परिवारमा बाँड्न सकिन्छ । संयुक्त परिवारभन्दा एकात्मक परिवार नै अगाडि छ । हजुर बा - हजुर आमा, आमा-बाबु, काका - काकी, विवाहित छोराछोरी, नाति नातिना एकै भान्सामा एकै घरमा रहेको परिवार संयुक्त परिवार मानिएको छ भने आमा-बाबु र अविवाहित छोराछोरी मात्र रहेको परिवारलाई एकात्मक परिवार भनिएको छ । परिवारिक संरचनालाई तलको तालिकामा प्रस्तुत गरिन्छ :

**तालिका नं ७**

**उत्तरदाता सार्की जातिको परिवारको संरचना**

| क्र.स. | किसिम | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल परिवार | ३९ | ८६.६६ |
| २ | संयुक्त परिवार | ६ | १३.३३ |
| जम्मा | | ४५ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६३*

उपर्युक्त तालिकालाई अध्ययन गर्दा संयुक्त परिवारभन्दा एकल परिवारमा बस्न रुचाउने स्वभाव यी सार्की जातिमा रहेको देखिएको छ । विवाह भएपछि विवाहित जोडीको छुट्टै बस्न चाहने स्वभाव भएकाले नै यस्तो एकल परिवारको बाहुल्य यस जातिमा देखिएको पाइन्छ ।

## ५.१.३ सांस्कृतिक रीतिस्थिति तथा प्रचलनहरू

यस गा.वि.स. का विभिन्न वडाहरूमा बसोबास गर्ने सार्की जातिमा आ–आफ्नै प्रकारका रीतिस्थिति संस्कारहरू रहेको पाइएको छ । रीतिस्थिति संस्कारहरू एकापसमा

फरक देखिन्छन् । लेनदेन व्यवहार एकापसमा नमिल्ने स्वभावका देखिन्छन् । यिनै दलित जातिहरूभित्र पनि एकले अर्कोलाई होच्याउने, आफू अर्कोभन्दा अन्य हुँ भन्ने बिहाबारी लेनदेनहरू चलाउन नचाहने प्रकारका संस्कृतिहरू देखिन आउँछन् । हरेक मानिसको जीवनचक्र जन्मदेखि शुरु भै मृत्युमा गएर टुङ्गिन्छ । यहाँ सार्की जातिहरूको संस्कृति रीतिस्थितिहरूलाई वर्णन गर्नुपर्दा यही जन्म देखिका संस्कारहरूलाई लिएर मृत्युसम्मको संस्कारको अवस्थामा पुग्नुपर्ने देखिन्छ ।

मानिस जन्मबाट नै आफ्नो चक्र शुरूवात गर्छ र आ-आफ्ना परम्पराहरूलाई यहाँबाट नै शुरु गर्न पुग्दछ । जन्मको अवस्थामा परम्परागत बच्चा जन्माउने शैली यस जातिमा बाहुल्य रहेको छ । तालिम प्राप्त सुँडेनीकोमा, अस्पतालमा बच्चा जन्माउने कुरा अन्तिम अवस्थामा मात्रै होला अन्यथा लाने गरेको देखिएन । घरमै अँध्यारो कुनामा परम्परागत धाईहरूले नै बच्चा जन्माउँदा आमालाई सहयोग गर्ने परम्परा रहेको देखिन्छ । बच्चा जन्मेपछि सालनाल काट्ने काम हुने गर्दछ । दाजुभाइहरू सूतकमा बस्नुपर्ने हुन्छ । सूतक ९ दिन लाग्दछ । ६ दिनका दिन नवजात शिशुको चिर्कटो बनाउने, यसै दिन दाजुभाइ बसेर रमाइलो गर्दै २/४ पैसा बच्चाको नाउँमा उठाउने परम्परा रहेको पाइन्छ । नौ दिनका दिन सुत्केरो उम्कने, वडा नं. १, २, ४ र ५ का सार्की जातिहरूको संस्कार देखिन्छ भने वडा नं. ३ मा बसोबास गर्ने सार्कीहरूको भने ११ दिनसम्म दाजुभाइलाई सूतक लाग्ने, बच्चाको न्वारान ११ दिनका दिन गरिने परम्परा रहेको देखिन्छ । बच्चाको नामकरण भान्जा, ज्वाईंद्वारा गराइने तथा बाहुनबाट पनि गराइने प्रचलन रहेको पाइन्छ ।

यी सार्की जातिले आफ्नो दोस्रो कर्मका रूपमा व्रतबन्धलाई मान्ने गरेको देखिन्छ । सामान्यतया १० वर्ष कटाएर व्रतबन्ध गरिने, व्रतबन्धका दिन भान्जा, भिनाजु, ज्वाइँ जसलाई जुर्छ त्यसैद्वारा कपाल खौरिने, जग्गिए बनाउने, बुकुवा दल्ने, पहेंलो कपडा भिराउने, पहेंलो झोली बोकाउने, बटुक (पुरी जस्तो सानोरोटी) भिख (भिक्षा) दिइने, कानमा लुर्का झुण्ड्याउने, साहारा (दुम्सी) का काँडामा बटुक उन्ने, कानमा झुण्ड्याउने, व्रतबन्ध गर्नेले किताब भए किताबै पढेर व्रतबन्ध गर्ने, नभए मुखैले भए पनि गर्ने । ब्राह्मणहरू सरह व्रतबन्धमा जग्गिए स्थापना गरी गणेश स्थापना गर्ने, पहेंलो वस्त्र लगाउने, पैंयुको लौरो टेक्ने, व्रतबन्धकर्ता भाग्दा मामाले छोप्ने, एक दिनसम्म चौबाटो काट्न नहुनेजस्ता संस्कारहरू यी जातिमा रहेका देखिन्छन् ।

यी जातिमा सक्नेले मागी विवाह र नसक्नेहरूले खुस्स विवाह (ल्याई विवाह) गर्ने गरेको पाइन्छ । मागी विवाहमा पूर्व सल्लाह गरी ठेकी लगाउने, ठेकी लगाउँदा बेहुला पक्षका मानिसहरू बेहुली पक्षकहाँ आउने, आउँदा रक्सी, मासु, रोटी र दहीको ठेकी लिएर आउनुपर्ने, साँझको समयमा आएका बेहुलापक्षलाई बेहुलीपक्षहरूले स्वागत गर्दै राख्ने, बास बसाल्ने, बेहुलाका पक्षले ल्याएका रक्सी, मासु, रोटी खाँदै गरगहना कपडाका बारेमा सल्लाह गर्ने (हालसाल आएर यो गहना कपडाको सल्लाह बाध्य नहुने) ठेकी समातिसकेपछि विवाह पक्का हुने, यसपछि लगन ठहऱ्याउने, जुन दिन लगन ठहर्छ त्यसै दिन बाजागाजासहित दुलाहाको पक्षबाट जन्ती आउने, स्वयंवरमा दुलाहाले दुलहीलाई दुलहीले दुलाहालाई माला र औंठी लगाइदिने । तयार पारिएको जग्गिएमा गई पूजाआजा गरी कन्यादान गरिने । कन्यादान बाबु, दाजु, भाइ वा सबभन्दा नजिकको नाताले गर्ने, कन्यादान गर्ने मानिसले कन्यादान नदिने बेलासम्म केही खान नहुने । कन्यादान भएपछि दुलही दुलाहाको घरमा जाने । एवं प्रकारले परिवारको शुरुवात हुने प्रचलन यस जातिमा रहेको पाइन्छ ।

यस जातिका मानिसहरुले खुस्स विवाह (ल्याई विवाह) लाई पनि मागीविवाह सरह मान्यता दिएको पाइन्छ । यस विवाहमा मागीविवाह सरहका प्रक्रियाहरू अपनाईंदैन । केटाले केटीलाई फकाई केटी मन्जुर भई केटाको घरमा आएमा विवाह सम्पन्न भएको मानिन्छ । दाजुभाइ समाज सबैले यसलाई मान्यता दिने प्रचलन यस जातिमा रहेको पाइन्छ । यस जातिमा मामाकी छोरी विवाह गर्न सकिने तर फुपूकी छोरी विवाह गर्न नसकिने तर फुपूका छोरालाई छोरी दिन सकिने प्रचलन रहेको पाइन्छ ।

सार्की जातिका मानिसहरूको मृत्यु हुँदा दाजुभाइहरू जम्मा हुने, शुद्ध जग्गामा गाईका गोबरले लिपी लास राख्ने, लासमा लावा, अवीर, फूल, माला चढाई पूजा गर्ने, लास घाटतिर लाँदा हरियो बाँसको घारामा बाँध्ने, सेतो कपडाको बाटोकात्रो बनाउने, सेतै कपडाले लासलाई बेरी पाट (एक प्रकारको पहेंलो टल्कने कपडा) ले पनि बाँध्ने, दाजुभाइहरू, आफन्तहरू, छरछिमेकहरू, श्रीमती, छोराछोरी, बुहारीहरूले लासलाई ठूलो नदीको किनारमा लिई जाने प्रचलन छ भन्ने कुरा हर्कबहादुर नेपाली बताउँछन् । तर यहाँनेर आउँदा यिनै सार्की जातिहरूमा पनि लास गाड्ने, जलाउने र किरिया बस्ने विषयमा भने संस्कार फरक-फरक रहेको पाइन्छ । वडा नं. १, २, ३ का सार्कीहरूले लास जलाउँदैनन् । लास लाँदा शंख पनि बजाउँदैनन् । लासलाई ठूलो नदीको किनारमा खाल्डो

खनी गाड्छन् । लास गाड्दा तुलसीको पात र सुनको टुक्राले मुखमा दागबत्ती दिने, मृतकले खाने गरेको चुरोट बिंडी तमाखु, सुर्ती जे छ त्यो सिरानमा राखिदिने, घाटबाट फर्केपछि मलामीहरूलाई धूपधुँवार गरी मिश्री खुवाई बिदा गर्ने, छोरा किरिया बस्ने, छोरा नभए दाजुभाइ किरिया बस्ने, श्रीमती र छोरी पनि छुट्टाछुट्टै बस्नुपर्ने, छोरीबुहारी छुट्टाछुट्टै बस्ने, कोरा (किरियापुत्री बस्ने ठाउँ) बार्ने, किरिया गर्ने पुरुष मानिस यस भित्र बस्ने, आइमाई मानिसहरू भित्र कतै लुकी बस्ने प्रचलन रहेको छ । किरिया कति दिन गर्ने भन्ने विषयमा भने एकापसमा फरक-फरक धारणा पाइन्छ । ९ दिनसम्म किरिया बसी नौ दिनका दिन ढिकुरो (किरिया गर्ने थलामा बनाइएको माटाको थुम्को) फुटाउने, १० दिनका दिन भान्जा, ज्वाइँ, दिदीभान्जीहरूलाई दक्षिणा दिई उम्किने, नौ दिनसम्म मात्रै दाजुभाइले जुठो बार्नुपर्ने संस्कार रहेको पाइन्छ । यहाँका सार्की जातिहरूले मृतकको सम्झानामा दशैंको नवदुर्गाको दिन आफ्ना पितृको सम्झनामा सबैले एकै दिन श्राद्ध गर्ने परम्परा रहेको पाइन्छ । १६ श्राद्ध र तिथिमा श्राद्ध गर्ने प्रचलन रहेको पाइएन तर यसभन्दा भिन्न वडा नं. ३ का सार्की जातिहरूमा फरक मृत्यु संस्कार भएको काशीराम नेपाली बताउँछन् । यिनीहरूले लास लाँदा शङ्ख बजाउने, लासलाई दागबत्ती दिई जलाउने, पहिला पहिला १३ दिनसम्म किरिया बस्ने प्रचलन भए पनि हाल आएर त्यस प्रचलनमा कमी आई तीन दिन मात्रै किरिया बस्ने प्रचलन रहेको पाइन्छ । १३ दिनको काम तीन दिनका दिनै गर्ने एउटा कठोर प्रक्रिया यहाँ देखिन्छ । मृत्यु हुँदाको दिन किरिया बस्ने मानिसले बिहान भात खाएको भए त्यस दिन क्षेत्र बस्नुपर्ने (केही नखाईकन बस्ने) भोलिपल्ट पनि खान नपाइने । उक्त दिनको रातको १२ बजे कटाएर ढिकुरो पार्ने र १० दिन सम्मको कर्म १० पटक नुहाउने, १० पटक ढिकुरामा पूजा गर्ने, १० दिनसम्म जति कर्म गरिन्छ एकै दिन सो कर्म उम्काउने प्रचलन रहेको देखिन्छ । अनि अर्को दिन नयाँ थलो बनाउने १०८ खोचा दुना बगाउने, नुहाइ-धुवाइ गर्ने । १२औं श्राद्ध गर्ने । भात पकाएर पिण्ड दिने । थलामा भात पकाई खाने । श्राद्ध उम्काएर अर्को जग्गिए लगाई १३ दिनको दानपुण्य शुरु गर्ने । ज्वाइँ, भान्जाभान्जीलाई दानपुण्य गर्ने । गहुँतमा रगत मिसाई खाने, खाएपछि दाजुभाइ पनि जुठोबाट उम्कने र किरिया पुत्री पनि उम्कने । किरियापुत्रीको घरमा सेलरोटी हाली ताई फुकाउने । पहिलो रोटी भान्जाले खाने । किरियापुत्रीले दुःख (सेता कपडा लगाई चोखिनिष्ट बस्ने, बाहिर केही नखाने) नबोक्ने तर १५ दिनसम्म चोखो खाने । वर्ष दिनको पिण्ड दिएपछि पिण्ड चल्ने, मृतकको सम्झानामा ऊ मरेको तिथिमा र १६ श्राद्धमा गरी वर्षको

दुई पटक पिण्डदान गरिने संस्कार यस वडाका सार्की जातिमा पाइन्छ । यस्तै वडा नं. ९ मा बसोबास गर्ने डण्डबहादुर नेपाली आफ्नो परिवारका सार्कीहरूले १३ दिनसम्म किरिया गर्ने प्रचलन रहेको बताउँछन् । यसरी एकै जातका भए पनि संस्कारमा भने फरक-फरकपन रहेको देखिन्छ । जसलाई तालिका नं. ८ मा प्रस्तुत गरिन्छ :

**तालिका नं ८**

**सार्की जातिको फरक-फरक मृत्युसंस्कार**

| क.स. | वडा नं. | मृत्यु संस्कारमा किरिया बस्ने दिन |
|---|---|---|
| १ | १, २, ४, ५ र ९ | १० दिन |
| २ | ३ | ३ दिन |
| ३ | ९ का ३ परिवार | १३ दिन |

*(स्रोत : स्थलगत अध्ययन, २०६३)*

हिन्दू धर्मावलम्बी यी जातिहरूले हिन्दूधर्ममा मानिने चाडपर्वहरू नै मान्ने गर्दछन् । साउने सङ्क्रान्ति, नागपूजा, तीज, दशैं, तिहार, माघे सङ्क्रान्ति, चैते दशैं, वैशाखे सङ्क्रान्तिजस्ता चाडहरू मनाउने गर्दछन् । वडा नं. १, २ र ४ का सार्की जातिहरू आफ्नो कुलपूजा गर्ने छुट्टै संस्कार लिएर बसेका देखिन्छन् । कुलाइनपूजा गर्ने दिन घर पोतेर सफा गर्ने, घर गोठ वरिपरि सफा राख्ने, कुलाइनको पूजा गर्दा मुरी तेल, मुरी नुन्, मुरी तिलले पूजा गर्ने परम्परा रहेको तर हालसालमा आएर यी कुराहरू हराउँदै गएको हर्कबहादुर, मनबहादुर र शोभे नेपाली बताउँछन् यी बस्तुका सट्टा ध्वजापताका बाँधी यिनैद्वारा कुलाइनको पूजा गर्ने प्रचलन यी जातिहरूमा रहेको पाइन्छ । त्यस्तै वडा नं. ३ का सार्कीहरूको खस पुज्ने प्रचलन रहेको देखिन्छ । खस पुज्दा माटोको आरी बनाउने, बासेको कुखुराको भाले सहित धनु काँड, वर्षा, गुँदेली बनाई पूजा गर्ने, पूजा रातको १२ बजे कटाएर घरका सबै सदस्यहरू निदाईसकेपछि घरको मूली मान्छेले मूल ढोका लगाएर भण्डारको अँध्यारो कुनामा नाङ्गै कन्दनी पनि नलगाई पूजा गर्ने, पूजाको समयमा चराचुरुङ्गी, मुसो आदिको आवाज आयो भने पूजा बन्द गर्नुपर्ने, पुजारीले नै प्रसाद बनाउने, मास र चामल भुटी प्रसाद तयार पार्ने, प्रसाद कुलाइनमा चढाउने, पुजारीले प्रसाद चाख्ने, कपडा लगाउने, खल्लबल्ल गर्ने, बन्द ढोका खोल्ने, घरपरिवार तथा दाजुभाइहरूलाई उठाउने र प्रसाद बाँड्ने परम्परा रहेको काशीराम नेपाली बताउँछन् ।

## ५.२ शैक्षिक जनजीवन

यस गाउँ क्षेत्रभित्र बसोबास गर्ने वडा नं. १, २, ३, ४, ५ र ९ का सार्कीहरू को शैक्षिक स्थितिको अध्ययन गर्दा शिक्षाको अवस्था कमजोर रहेको देखिन्छ । नयाँ पिँढीहरूमा शिक्षाले केही छोएको भए पनि पुरानो पिँढी अधिकांश निरक्षर नै देखिन्छ । ४० वर्षभन्दा माथिका मानिसहरू निरक्षर नै रहेको पाइन्छ । साक्षर भएका युवा पुस्ता पनि उमेर बढ्दै जाँदा शिक्षाप्रति चाख नदिने स्वभावकै रहेको देखिन्छ । यस गा.वि.स. भित्र शिक्षा प्रदान गर्नका निमित्त एक मा.वि., १ नि.मा.वि., ३ प्रा.वि. सञ्चालित भइरहेकामा यसैभित्र बसोबास गर्ने सार्कीहरू यहाँ कसरी अध्ययन गरिरहेका छन् त भन्ने कुरालाई प्रस्ट्याउनका लागि विद्यालयगत तालिका र सार्की जातिको साक्षर निरक्षर तालिका प्रस्तुत गरिन्छ :

### ५.२.१ माटेदेवल माध्यमिक विद्यालय

गाउँ विकास समितिको वडा नं. १, २ र ४ को सिमानामा जोडिएर रहेको यस मा.वि.मा कक्षागत  अध्ययनरत कुल विद्यार्थीसङ्ख्या र यी दलित सार्की जातिको विद्यार्थीसङ्ख्या प्रस्तुत गरिएको छ ।

**तालिका नं ९**

**माटेदेवल मा.वि.को छात्रछात्राविवरण**

| कक्षा | छात्रछात्रासङ्ख्या | | | सार्की जातिका छात्रछात्रासङ्ख्या | | | सार्की जातिको विद्यार्थी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १ | ११ | ७ | १८ | २ | ४ | ६ | ३३.३३ |
| २ | १० | १६ | २६ | ३ | ६ | ९ | ३४.६१ |
| ३ | १३ | ३ | १६ | ३ | १ | ४ | २५ |
| ४ | १० | १६ | २६ | ४ | ८ | १२ | ४६.१५ |
| ५ | ७ | ८ | १५ | २ | ४ | ६ | ४० |
| ६ | २४ | १४ | ३८ | ८ | ० | ८ | २१.०५ |
| ७ | १६ | २६ | ४२ | ७ | २ | ९ | २१.४२ |
| ८ | २४ | १७ | ४१ | ७ | १ | ८ | १९.५१ |
| ९ | २८ | ३४ | ६२ | २ | १ | ३ | ४.८३ |
| १० | ३२ | २४ | ५६ | १ | १ | २ | ३.५७ |
| जम्मा | १७५ | १६५ | ३४० | ३९ | २८ | ६७ | |


*(स्रोत : माटेदेवल माध्यमिक विद्यालय,  २०६३)*

उपर्युक्त तालिकालाई अध्ययन गर्दा स्कुलमा पढ्न आउने विद्यार्थीहरूमा कक्षा १ का कुल विद्यार्थीसङ्ख्या १८ मध्ये सार्की जातिका विद्यार्थीहरूको सङ्ख्या ६ रहेको देखिएको छ, जुन कुल विद्यार्थीसङ्ख्यको ३३.३३ प्रतिशत मात्र हुन आउँछ । यसरी नै कक्षा २ का कुल विद्यार्थीसङ्ख्या २६ मध्ये सार्की जातिका विद्यार्थीहरूको सङ्ख्या ९ रहेको छ, जुन कक्षाका कुल विद्यार्थीसङ्ख्याको ३४.६१ प्रतिशत मात्र हुन आउँछ । त्यस्तै कक्षा ३ का कुल विद्यार्थीसङ्ख्या १६ मध्ये सार्की जातिका विद्यार्थीहरूको सङ्ख्या ४ रहेको छ, जुन कक्षाका कुल विद्यार्थीसङ्ख्याको २५ प्रतिशत मात्र हुन आउँछ । त्यसरी नै कक्षा ४ का कुल विद्यार्थीसङ्ख्या २६ मध्ये सार्की जातिका विद्यार्थीहरूको सङ्ख्या १२ रहेको छ, जुन कुल विद्यार्थीसङ्ख्याको ४६.१५ प्रतिशत मात्र हुन आउँछ । त्यस्तै कक्षा ५ मा अध्ययनरत कुल १५ विद्यार्थीहरूमा सार्की जातिका विद्यार्थीहरूको सङ्ख्या ६ रहेको छ, जुन कुल विद्यार्थीहरूको ४० प्रतिशत हुन आउँछ । त्यसरी नै कक्षा ६ मा अध्ययनरत कुल विद्यार्थीसङ्ख्या ३८ मा सार्की जातिका विद्यार्थीहरूको सङ्ख्या मात्र ८ रहेको छ, जुन कुल विद्यार्थीहरूको २१.०५ प्रतिशत मात्र हुन आउँछ । यसरी नै कक्षा ७ मा अध्ययनरत कुल विद्यार्थीसङ्ख्या ४२ मध्ये सार्की जातिका विद्यार्थीहरूको सङ्ख्या ९ रहेको छ, जुन कुल विद्यार्थीहरूको २१.४९ प्रतिशत मात्र हुन आउँछ त्यस्तै कक्षा ८ मा अध्ययनरत कुल विद्यार्थीसङ्ख्या ४१ रहेकोमा सार्की जातिका विद्यार्थीहरूको सङ्ख्या मात्र ८ रहेको छ । जुन १९.५१ प्रतिशत मात्र हुन आउँछ । त्यस्तै कक्षा ९ मा अध्ययनरत कुल विद्यार्थीसङ्ख्या ६२ मा सार्की जातिका विद्यार्थीहरूकोसङ्ख्या मात्र ३ रहेको छ । जुन कुल विद्यार्थीसङ्ख्याको ४.८३ प्रतिशत हो । यस्तै कक्षा १० मा पढ्ने कुल विद्यार्थीसङ्ख्या ५६ मा सार्की जातिका विद्यार्थीहरूको सङ्ख्या मात्र २ वा ३.५७ प्रतिशत मात्र हुन आउँछ । यसरी यस तालिका अध्ययन गर्दा दलित सार्की जातिका विद्यार्थी तल्लो कक्षामा पढ्न त आउँछन् तर जब-जब कक्षा बढ्दै जान्छ तब-तब उनीहरूको सङ्ख्या घट्दै जान्छ । शिक्षाप्रति रुचि नहुनु नै यसको मुख्य कारण हो भने  अभिभावकहरू शिक्षामा आफ्ना बालबालिकाप्रति बढी जिम्मेवार हुन नखोजेको, अचेतनाको कारण शिक्षालाई महŒवपूर्ण स्थानमा नराखेको यसका अन्य कारण हुन् भन्ने कुरा प्रस्ट हुन आउँछ ।

माटेदेवल माध्यमिक विद्यालयका कुल छात्रछात्रा र सार्की जातिका छात्र छात्रालाई कक्षागत रूपमा तलको स्तम्भचित्रमा देखाइएको छ ।

**स्तम्भ चित्र २**


**माटेदेवल माध्यमिक विद्यालयका सार्की जाति र अन्य जातिका विद्यार्थीविवरण**




माटेदेवल मा.वि.मा अध्ययनरत कुल विद्यार्थीसङ्ख्यमा सार्की जातिका कक्षागत विद्यार्थीहरूको सङ्ख्यालाई पाइचार्ट २ मा देखाइएको छ :

**पाइचार्ट २ :**

**माटेदेवल मा.वि.मा अध्ययनरत सार्की जातिका विद्यार्थीहरुको कक्षागतविवरण ( प्रतिशतमा)**




## ५.२.२ गहते अम्बोट प्रा.वि.

यस गा.वि.स. को वडा नं. ३ र ५ को सिमानामा सञ्चालन भएको गहते अम्बोट प्रा.वि.मा अध्ययनरत कुल विद्यार्थीसङ्ख्या र सार्की जातिका विद्यार्थीसङ्ख्या तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं १०**

**गहते अम्बोट प्रा.वि.को कुल विद्यार्थीविवरण**

| कक्षा | छात्रछात्रासङ्ख्या | | | सार्की जातिका छात्रछात्रा सङ्ख्या | | | सार्की जातिको विद्यार्थी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १ | १० | १२ | २२ | ८ | ७ | १५ | ६८.१८ |
| २ | ९ | १६ | २५ | २ | ५ | ७ | ४३.७५ |
| ३ | १५ | २ | १७ | ४ | ० | ४ | २३.५२ |
| ४ | ८ | ८ | १६ | १ | १ | २ | १२.५ |
| ५ | ६ | ९ | १५ | २ | १ | ३ | २० |
| जम्मा | ४८ | ४७ | ९५ | १७ | १४ | ३१ | ३२.६३ |

*(स्रोत : गहते अम्बोट प्रा.वि., २०६४)*


माथिको तालिकालाई विश्लेषण गर्दा कक्षा १ मा रहेका कुल विद्यार्थीसङ्ख्या २२ मध्ये सार्की जातिका विद्यार्थीको सङ्ख्या १५ रहेको छ । जुन कक्षाका कुल विद्यार्थीको ६८.१८ प्रतिशत हुन्छ । त्यसरी नै कक्षा २ मा रहेका २५ विद्यार्थीमध्ये सार्की जातिका विद्यार्थीको सङ्ख्या ७ मात्र रहेको छ । जुन कक्षाका कुल विद्यार्थी सङ्ख्याको ४३.७५ प्रतिशत हुन आउँछ । त्यस्तै कक्षा ३ मा रहेका १७ विद्यार्थीमध्ये सार्की जातिका विद्यार्थीहरूको सङ्ख्या मात्र ४ रहेको छ । यो कक्षाका कुल विद्यार्थीको २३.५२ प्रतिशत मात्र हुन आउँछ । त्यसरी नै कक्षा ४ मा रहेका कुल १६ विद्यार्थीहरूमध्ये सार्की जातिका विद्यार्थीहरूको सङ्ख्या २ मात्र रहेको छ र यो कुल विद्यार्थीसङ्ख्याको १२.५ प्रतिशत मात्र हुन आउँछ । त्यस्तै कक्षा ५ मा अध्ययनरत कुल १५ विद्यार्थीहरूमध्ये सार्की जातिका विद्यार्थीहरूको सङ्ख्या ३ मात्र रहेको छ र यो कुल विद्यार्थी सङ्ख्याको २० प्रतिशत मात्र हुन आउँछ । यसरी समग्रमा विद्यालयको अवस्थालाई हेर्दा कुल ९५  विद्यार्थीहरूले अध्ययन गरिरहेको यस विद्यालयमा ३१ जना सार्की जातिका विद्यार्थीहरूले अध्ययन गर्दछन् । विद्यालयका कुल विद्यार्थीहरूका हिसाबले यो ३२.६३ प्रतिशत मात्र हो । यसै प्रतिशतलाई पनि तल्लो कक्षा र अन्य कक्षामा विभाजन गरी हेर्दा तल्ला कक्षाहरूमा विद्यार्थीहरूको प्रतिशत राम्रै रहेपनि जति कक्षा बढ्दै आउँछ त्यति नै प्रतिशत घट्दै आएको देखिन्छ ।

यसबाट उमेर बढ्दै गएपछि पढाईप्रति रुचि घट्दै गएको उपल्लो कक्षामा पढ्ने सङ्ख्याहरूमा कमी हुँदै आएको स्पष्ट हुन आउँछ ।

यसलाई तलको स्तम्भचित्र र पाइचार्टद्वारा स्पष्ट पारिन्छ :


**स्तम्भचित्र ३**

**गहते अम्बोट प्रा.वि.को सार्की र अन्य जातिका विद्यार्थीहरुको विवरण**




**पाइचार्ट ३ :**

**गहते अम्बोट प्रा.वि. मा अध्ययनरत सार्की जातिका विद्यार्थीको कक्षागत विवरण (प्रतिशतमा)**



### ५.२.३ वी.पी. स्मृति प्राथमिक विद्यालय

यस गा.वि.स. को वडा नं. ९ मा सञ्चालन भएको वी.पी स्मृति प्रा.वि.मा अध्ययनरत कुल विद्यार्थीसङ्ख्या र सार्की जातिका विद्यार्थीसङ्ख्या तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ११**

**वी.पी. स्मृति प्राथमिक विद्यालयको विद्यार्थीविवरण**


| कक्षा | छात्रछात्रासङ्ख्या | | | सार्की जातिका छात्रछात्रासङ्ख्या | | | सार्की जातिको विद्यार्थी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १ | ७ | १० | १७ | २ | ४ | ६ | ३५.२९ |
| २ | १२ | ६ | १८ | २ | १ | ३ | १६.६६ |
| ३ | ८ | ८ | १६ | ४ | ३ | ७ | ४३.७५ |
| जम्मा | २७ | २४ | ५१ | ८ | ८ | १६ | ३१.३७ |

*(श्रोत : वी.पी. स्मृति प्रा.वि., २०६३)*

माथिको तालिकालाई विश्लेषण गर्दा यस वी.पी. स्मृति प्राथमिक विद्यालयको कक्षा १ मा अध्ययन गर्ने कुल १७ जना छात्रछात्रामध्ये सार्की जातिका विद्यार्थीहरूको सङ्ख्या ६ रहेको छ । जुन कुल विद्यार्थी सङ्ख्याको ३५.२९ प्रतिशत हुन आउँछ भने कक्षा २ मा अध्ययन गर्ने कुल विद्यार्थीहरू १८ रहेकामा सार्की जातिका विद्यार्थीहरूको सङ्ख्या ३ वा १६.६६ प्रतिशत रहेको छ भने कक्षा ३ मा अध्ययन गर्ने कुल विद्यार्थीसङ्ख्या १६ मध्येमा सार्की जातिका विद्यार्थीहरूको सङ्ख्या ७ मात्र रहेको छ जुन ४३.७५ प्रतिशत हुन आउँछ। यस विद्यालयमा अध्ययनरत ५१ जना विद्यार्थीहरू मध्ये सार्की जातिका विद्यार्थीको सङ्ख्या १६ वा ३१.३७ प्रतिशत रहेको देखिन्छ। यसलाई तलको स्तम्भचित्र र पाइचार्टद्वारा स्पष्ट पारिन्छ :


### स्तम्भचित्र ४

### वी.पी. स्मृति प्रा.वि.का सार्की जाति र अन्य जातिका विद्यार्थीको कक्षागत विवरण




### पाइचार्ट ४

### वी.पी. स्मृति प्रा.वि. मा अध्ययनरत सार्की जातिका विद्यार्थीको कक्षागत विवरण (प्रतिशतमा)




## ५.२.४ बाल प्राथमिक विद्यालय

यस गा.वि.स. को वडा नं. ७ मा सञ्चालन भएको बाल प्रा.वि.मा अध्ययनरत कुल विद्यार्थीसङ्ख्या र सार्की जातिको विद्यार्थीसङ्ख्या तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १२**

**श्री बाल प्राथमिक विद्यालयको विद्यार्थीहरूको विवरण**

| कक्षा | छात्रछात्रासङ्ख्या | | | सार्की जातिका छात्रछात्रासङ्ख्या | | | सार्की जातिको विद्यार्थी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १ | ७ | ८ | १५ | … | … | … | … |
| २ | ० | ६ | ६ | … | … | … | … |
| ३ | ४ | ६ | १० | … | … | … | … |
| ४ | ३ | ७ | १० | … | … | … | … |
| जम्मा | १४ | २७ | ४१ | … | … | … | … |

*(स्रोत : बाल प्रा.वि., २०६३)*

यस विद्यालयमा सार्की जातिका विद्यार्थीहरूको सङ्ख्या रहेको नदेखिएकाले विश्लेषण गरिएको छैन ।

## ५.२.५ शारदा निम्न माध्यमिक विद्यालय

यस गा.वि.स. को वडा नं. ८ मा सञ्चालन भएको शारदा निम्न माध्यमिक विद्यालयमा कुल अध्ययनरत विद्यार्थीसङ्ख्या र सार्की जातिको विद्यार्थीसङ्ख्या तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १३**

**शारदा निम्न माध्यमिक विद्यालयको विद्यार्थीविवरण**

| कक्षा | छात्रछात्रासङ्ख्या | | | सार्की जातिका छात्रछात्रासङ्ख्या | | | सार्की जातिको विद्यार्थी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| शिशु | ८ | १२ | २० | … | … | … | … |
| १ | १२ | ८ | २० | … | … | … | … |
| २ | ७ | ४ | ११ | … | … | … | … |
| ३ | ५ | ८ | १३ | … | … | … | … |
| ४ | ९ | ५ | १४ | … | … | … | … |
| ५ | १० | १० | २० | … | … | … | … |
| ६ | ९ | ६ | १५ | … | … | … | … |
| ७ | ११ | १२ | २३ | … | … | … | … |
| ८ | १० | १३ | २३ | … | … | … | … |
| जम्मा | ८१ | ७८ | १५९ | … | … | … | … |

*(स्रोत : शारदा नि.मा.वि., २०६३)*

यस विद्यालयमा सार्की जातिका विद्यार्थीहरूले अध्ययन गरेको नदेखिएकाले विश्लेषण गरिएको छैन ।

## ५.२.६ यस गा.वि.स.का सार्की जातिको शिक्षाको अवस्था

यस गा.वि.स. भित्र बसोबास गर्ने कुल २९४ सार्कीहरूमध्ये स्नातक र स्नातकोत्तर तह उत्तीर्ण गरेका शिक्षित व्यक्तिहरूको सङ्ख्या, उच्च माध्यमिक तह, माध्यमिक तह उत्तीर्ण गरेका शिक्षित व्यक्तिहरूको सङ्ख्या, निम्न माध्यमिक तह उत्तीर्ण गरेका व्यक्तिहरूको सङ्ख्या, प्राथमिक तह उत्तीर्ण गरेका व्यक्तिहरूको सङ्ख्या, साधारण लेखपढ गर्न जान्ने व्यक्तिहरूको सङ्ख्या र साधारण लेखपढ गर्न नजान्ने निरक्षर व्यक्तिहरूको सङ्ख्या तलको तालिका, स्तम्भचित्र र पाइचार्टमा देखाइएको छ ।

**तालिका नं १४**

**सार्की जातिको शैक्षिक अवस्था**

| उच्च माध्यमिक तह उत्तीर्ण गर्ने | माध्यमिक तह उत्तीर्ण गर्ने | निम्न माध्यमिक तह उत्तीर्ण गर्ने | प्राथमिक तह उत्तीर्ण गर्ने | साधारण लेखपढ गर्न जान्ने | साधारण लेखपढ गर्न नजान्ने निरक्षर |
|---|---|---|---|---|---|
| २ | १२ | ५ | २५ | ९४ | १५६ |

*(स्थलगत सर्वेक्षण : २०६३)*


उपर्युक्त तालिका नं. १३, स्तम्भ चित्र ५ र पाइचार्ट नं ५ को अध्ययन गर्दा स्नातक र स्नातकोत्तर तह उत्तीर्ण गरेका सार्की जाति कोही पनि देखिएनन् । त्यस्तै उच्च माध्यमिक तह उत्तीर्ण गरेर स्नातक तहमा अध्ययन गर्नेको सङ्ख्या जम्मा २ देखिन्छ । यस्तै माध्यमिक तह उत्तीर्ण गर्नेको सङ्ख्या १२ देखिन्छ । निम्न माध्यमिक तह उत्तीर्ण गर्नेको सङ्ख्या ५, प्राथमिक तह उत्तीर्ण गर्नेको सङ्ख्या २५, साधारण लेखपढ गर्न जान्नेको सङ्ख्या ९४ र साधारण लेखपढ गर्नै नजान्ने निरक्षरको सङ्ख्या १५६ देखिन्छ । यसबाट यस अध्ययन क्षेत्रका सार्की जातिको निरक्षर प्रतिशत ५३.०६ देखिन आयो । जसले शिक्षाको उज्यालो घामबाट यो एक्काईसौं शताब्दीमा पनि यस क्षेत्रका सार्की जातिहरू धेरै

नै पछाडि रहेको स्पष्ट हुन आयो । जसको कारण अभाव अथवा गरिबी हो भन्ने स्पष्ट भयो ।

सार्की जातिको शैक्षिक अवस्थालाई स्तम्भचित्र र पाइचार्टमा यसरी देखाइएको छ :


**स्तम्भचित्र ५**

**सार्की जातिको शैक्षिक अवस्था**




**पाइचार्ट ५**

**सार्की जातिको शिक्षाको अवस्था (प्रतिशतमा)**



## ५.३ आर्थिक जनजीवन

आर्थिक दृष्टिकोणले अध्ययन गर्दा नेपाल एक विकासशील देश हो । ठूला व्यापारी, ठूला उद्योगपति, माथिल्ला तहका कर्मचारी, कुलीन वर्ग, जमिन्दारहरूलाई अपवादमा छोडेर यहाँका अधिकांश जनता गरिब छन् । (विश्व बैंकको प्रतिवेदन-१९९०) स्रोत र साधनको उपलब्धता हुँदा-हुँदै पनि उचित परिचालन र उपयोग गर्न नसकिएको, परम्परागत समाज र प्रणालीलाई विर्सन नसकिएको इहलोकभन्दा परलोकलाई बढी विश्वास गर्ने भाग्यवादी संस्कारमा विश्वास गरी प्रतिस्पर्धात्मक प्रणालीमा प्रवेश गर्न नसकिएको विज्ञान र प्रविधिको ज्ञान नभई संस्कारगत प्रणालीमा नै विश्वासरत रहेको यहाँको वास्तविकताले गर्दा गरिबीको कुचक्रमा मानिसहरू फसिरहनु परेको बोध हुन आउँछ । परम्परागत कृषिप्रणालीमा आधारित रहनु परेको, रोजगारका अवसरहरू नखुलेको, राज्य तल्लो वर्गप्रति उत्तरदायी नभएको सरकार जनउत्तरदायी हुन नसकेको, शान्ति र सौहार्द वातावरणमा कमी अनुभव भएको आदि कारणले गर्दा नेपाली समाज र यहाँका मानिसहरू यस्तो कुचक्रमा फस्नु परेको बोध हुन आउँछ । यसैमा अझ हिजोदेखि नै धर्म र सँस्कृतिले हेयको दृष्टिकोणले हेरिरहेको, सामाजिक प्रणालीमा पर्गेलिनु परेको, विधान, नियम कानुनका माध्यमद्वारा तल्लो स्तरमा रहन बाध्य हुनु परेको, राज्यबाट प्राप्त हुने स्रोतमा पहुँच पुग्न सक्ने अवस्था नभएको, प्रतिस्पर्धात्मक प्रणालीमा जान नसक्ने अवस्था रहेको, त्यस्तै बहुसङ्ख्यक मानिसहरूद्वारा दबिनु, हेपिनु परेका दलितहरू यो गरीबीको दुश्चक्रमा अझ नराम्ररी भासिन पुगेको बोध हुन आउँछ । कस्तो छ त ? अध्ययन गर्न थालिएको यस गा.वि.स.का दलित सार्की जातिहरूको आर्थिक जनजीवनको अवस्था यहाँ यही कुरालाई हेर्न खोजिएको छ ।

### ५.३.१ आर्थिक रूपले सक्रिय र निष्क्रिय जनशक्ति

कुनै पनि जातजातिहरूको आर्थिक पक्षको सन्तुलनमा सक्रिय र निष्क्रिय जनशक्तिले ठूलो प्रभाव पार्ने गर्दछ । सिद्धान्ततः आर्थिक क्रियाकलापमा वा अर्थोपार्जनमा शारीरिक तथा मानसिक श्रमका लागि संलग्न रहन वा भाग लिन सक्ने जनसङ्ख्यालाई सक्रिय जनशक्ति भनिन्छ भने यस्ता कार्यमा भाग लिन नसक्ने जनसङ्ख्यालाई निष्क्रिय जनशक्ति मानिन्छ । उमेरका दृष्टिकोणले १६ वर्षमुनिका बालबालिका र ६० वर्षमाथिका बूढापाकाहरूले साधारणतया शारीरिक, मानसिक आदि कुनै किसिमको श्रम गरी

अर्थोपार्जनमा सक्रिय सहभागी हुन नसक्ने हुनाले यिनीहरूलाई निष्क्रिय जनशक्तिका रूपमा लिइन्छ । त्यसैले १६ वर्षदेखि ५९ वर्ष उमेरसम्मका जनशक्तिलाई आर्थिक दृष्टिकोणले सक्रिय जनशक्तिका रूपमा लिइन्छ । यही उमेरका पनि अपाङ्ग र अशक्त भई शारीरिक तथा मानसिक रूपमा अर्थोपार्जनमा भाग लिन नसक्ने भएमा यिनीहरूलाई पनि आर्थिक दृष्टिकोणले निष्क्रिय जनशक्तिका रूपमा मान्ने गरिन्छ ।

मुडीकुवा गा.वि.स.का वडा नं. १, २, ३, ४, ५ र ९ मा बसोबास गर्ने सार्की जातिको आर्थिक जनजीवनको अध्ययन गर्ने क्रममा त्यस गा.वि.स. का माथिका वडामा बसोबास गर्ने ४५ घरपरिवारका २९४ जनसङ्ख्यालाई यस शोधपत्रले अध्ययनको विषय बनाएको छ । यिनै जनसङ्ख्यामध्ये यहाँ आर्थिक रूपले सक्रिय र निष्क्रिय जनशक्तिको अवस्था कस्तो छ सोको खाका तयार पार्न खोजिएको छ ।

**तालिका नं १५**

**सार्की जातिको सक्रिय र निष्क्रिय जनशक्ति**


| उमेर समूह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०-१५ वर्षसम्म | ५१ | १७.३४ | ५० | १७.०० | १०१ | ३४.३६ |
| १६-६० वर्षसम्म | ९४ | ३१.९७ | ८० | २७.२१ | १७४ | ५९.१८ |
| ६१ भन्दा माथि | ९ | ३.०६ | १० | ३.४० | १९ | ६.४६ |

*(स्रोत : स्थलगत सर्वेक्षण, २०६३)*

माथिको तालिकालाई विश्लेषण गर्दा ०–१५ वर्षसम्मका बालबालिकाको सङ्ख्या १०१ रहेको छ जुन सार्की जातिको कुल जनसङ्ख्यामा ३४.३६ प्रतिशत देखिन्छ । त्यसरी नै ६१ वर्षभन्दा माथिका वृद्धवृद्धाको सङ्ख्या १९ रहेको छ जुन कुल सार्की जातिको जनसङ्ख्याको ६.४६ प्रतिशत हुन्छ । निष्क्रिय जनशक्तिको रूपमा मानिएका यी दुई जनसङ्ख्याको कुल जम्मा प्रतिशत ४०.८ देखिन्छ । यो जनसङ्ख्या प्रतिशतलाई अन्य ५९.१८ ले भरणपोषण गर्नुपर्ने अवस्था देखिन्छ । यसलाई तलको पाइचार्टमा यसरी देखाइएको छ

**पाइचार्ट ६**

**सार्की जातिको आर्थिक रूपमा सक्रिय र निष्क्रिय जनशक्ति**




## ५.३.२ मुख्य पेशा तथा व्यवसायहरू

जीवननिर्वाहका निमित्त हरेक मानिसले आ-आफ्ना पेशाहरूमा संलग्न रहँदै आएका हुन्छन् । यहाँका सार्की जातिको अध्ययन गर्दा मुख्य पेशा कृषि (अरूको जग्गा तेहु र अधिंया कमाउनु) रहेको छ । यसको अतिरिक्त ज्यालामजदुरी गर्ने, भारी बोक्ने, विदेशमा नोकरी गर्न जाने, स्वदेशमा नोकरी गर्ने, आफ्नो परम्परागत छालाको व्यवसाय गर्नेजस्ता व्यवसायहरूलाई पनि अपनाएको देखिन्छ । जसलाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं १६**

**पेशागत विवरण**

| पेशा | आश्रित जनसङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|
| कृषि/ज्याला मजदुरी | २३६ | ८०.२७ | |
| भरिया | २२ | ७.४९ | |
| स्वदेशी नोकरी | ८ | २.७२ | |
| विदेशी नोकरी | २८ | ९.५२ | |
| जम्मा | २९४ | १००% | |

*(स्रोत : स्थलगत सर्वेक्षण, २०६३)*

माथिको तालिकालाई अध्ययन गर्दा यस गा.वि.स.का सार्की जाति जीवन गुजाराका निमित्त अधिकांशले कृषि पेशा नै अँगालेका देखिन आउँछ । यस पेशामा पनि खेती गर्ने आफ्नो निजी जग्गा नभएकाले अरूको जग्गा कमाई ज्याला मजदुरी गरी आफ्नो जीवन

गुजारा गर्ने गरेको देखिन्छ । जसको प्रतिशत ८०.२७ देखिन आउँछ त्यस्तै नजिकको सदरमुकामबाट भारी बोकी जीवन निर्वाह गर्ने जनसङ्ख्याको प्रतिशत ७.४९ देखिन आउँछ । स्वदेशी नोकरीबाट गुजारा गर्नेको जनसङ्ख्याको प्रतिशत २.७२ देखिन आउँछ त्यस्तै भारत र तेस्रो मुलुकमा गई नोकरी गर्नेको प्रतिशत ९.५२ देखिन आउँछ ।

### क) कृषि तथा भूमिको अवस्था

नेपाल कृषिप्रधान देश हो । यहाँका अधिकांश मानिसहरू कृषि व्यवसायमा नै निर्भर रहेका छन् । यहाँका सार्कीहरू पनि अरूको जग्गा कमाई जग्गबाट उब्जेको केही प्रतिशतले आफ्नो जीवन निर्वाह गरेका देखिन्छन् । उनीहरूमध्ये अधिकांशको खेती गर्ने आफ्नो जग्गा छैन । थोरै परिवारको मात्रै केही जग्गा आफूसँग रहेको देखिएको छ । यहाँको कुल परिवारसङ्ख्या ४५ मध्ये उनीहरूको स्वामित्वमा रहेको जग्गाको अवस्थालाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं १७**

**सार्की जातिको भू–स्वामित्वको स्थिति**

| क्र.स. | भू–स्वामित्वको स्थिति | कुल परिवारसङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| २. | घडेरी मात्र हुने | २२ | ४८.८८ | |
| ३. | ०–१ रोपनी जग्गा हुने | ११ | २४.४४ | |
| ३. | १–५ रोपनीसम्म जग्गा हुने | ९ | २०.०० | |
| ४. | ६-१० रोपनीसम्म जग्गा हुने | ३ | ६.६६ | |
| जम्मा | | ४५ | १०० | |


*(स्रोत : स्थलगत सर्वेक्षण – २०६३)*

माथिको तालिकाका आधारमा यस गा.वि.स.का सार्की जातिसँग भएको भू–स्वामित्वको अवस्थाको अध्ययन गर्दा ४८.८८ प्रतिशतको केवल आफ्नो घडेरी मात्र रहेको देखिन आउँछ । त्यस्तै १ रोपनीसम्म जग्गा हुनेको प्रतिशत २४.४४ देखिन आउँछ। त्यसरी नै ५ रोपनीसम्म आफ्नो जग्गा हुनेहरूको प्रतिशत २० देखिन आउँछ । १० रोपनीसम्म जग्गा हुनेको प्रतिशत ६.६६ देखिन आउँछ । १० रोपनीभन्दा माथि जग्गा हुने

मानिसहरूको सङ्ख्या यहाँ देखिँदैन । यसलाई तलको स्तम्भचित्र र पाइचार्टले पनि प्रस्ट पार्दछ :

**स्तम्भचित्र ६**


**सार्की जातिको भू–स्वामित्वको स्थिति**




उपर्युक्त रेखा स्तम्भचित्रका आधारमा कुल परिवारसङ्ख्या ४५ भएका यस अध्ययन क्षेत्रका सार्की जातिको भू–स्वामित्वको अवस्था अत्यन्त दयनीय देखिन्छ । सानो झुपडी ठडिएका साँगुरा घडेरीहरू भएका परिवारसङ्ख्या २२ देखिन आउँछ । १ रोपनीसम्म जग्गा हुनेको सङ्ख्या ११ देखिन आउँछ । ५ रोपनीसम्म जग्गा हुनेको परिवारसङ्ख्या जम्मा ३ देखिन आउँछ र १० रोपनीमाथि हुने परिवारसङ्ख्या यहाँ देखिँदैन । यसर्थ भूमिको स्वामित्वबाट यहाँका सार्कीहरू बञ्चित रहेको देखिन्छ ।

**पाइचार्ट ७**

**सार्की जातिको भू–स्वामित्वको स्थिति**



उपर्युक्त पाइचार्टको अध्ययन गर्दा घडेरी मात्र हुने सार्की जातिको ४८.८८%, १ रोपनी सम्म हुनेको २४.४४%, ५ रोपनी सम्म हुनेको २०% र १० रोपनी सम्म हुनेको ६.६६% र १० रोपनी भन्दा माथि हुनेको कुनै सङ्ख्या नरहेको देखिन आउँछ ।

**ख) पशुपालन**

पशुपालन कृषिसँग अन्तरसम्बन्धित भएर आउने पेशा हो । जग्गा कमाउनको निमित्त यसलाई मलजल गर्न पशुपालन गर्ने अवधारणा नै यहाँका सार्की जातिहरूमा रहेको पाइन्छ । व्यवसायिक रूपमा पशुपालन गर्ने अवधारणाको भने विकास भएको पाइएन । गुजारामुखी पशुपालन नै यहाँका मानिसहरूले अँगालेको पाइन्छ । पशुपालनको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिन्छ :

**तालिका नं १८**

**सार्की जातिको पशुपालनको स्थिति**

| क्र.स. | पशुपक्षीको विवरण | परिवार सङ्ख्या | | | सङ्ख्या | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | | आफ्नै पशु पाल्ने | अरूको पशु पाल्ने | पाल्दै नपाल्ने | निजी | अरूको | निजी | अरूको |
| १. | गाई/भैंसी | ३२ | ११ | २ | ३८ | १८ | ७१.११ | २४.४४ |
| २. | गोरु | १७ | ७ | २१ | २२ | ९ | ३७.७७ | १५.५५ |
| ३. | बाख्रा | ३८ | २ | ५ | ५७ | ६ | ८४.४४ | ४.४४ |
| ४. | कुखुरा | ४२ | ३ | ०० | ४२० | ३० | ९३.३३ | ६.६६ |

*स्रोत : स्थलगत सर्वेक्षण : २०६३*

उपर्युक्त तालिकालाई अध्ययन गर्दा व्यवसायिक रूपमा पशुपालन गर्ने अवस्था त यहाँ देखिएन । गुजारामुखी पशुपालनको अवस्थालाई अध्ययन गर्दा आफ्नै गाईभैंसी पाल्नेहरूको परिवार सङ्ख्यालाई अध्ययन गर्दा निजी गाईभैंसी पाल्ने ७१.११ प्रतिशत परिवार सङ्ख्या, अरूको गाईबस्तु पाल्ने २४.४४ परिवारसङ्ख्या र गाइभैंसी पाल्दै नपाल्ने ४.४४ प्रतिशत परिवारसङ्ख्या देखिन्छ । जग्गा जोत्नका निम्ति गोरुको प्रयोग गर्ने प्रचलन यहाँ रहेको देखिन्छ । गोरु पाल्नेहरूको सङ्ख्यालाई अध्ययन गर्दा आफ्नै गोरु पाल्नेहरू

३७.७७ प्रतिशत परिवारसङ्ख्या, अरुको पाल्ने १५.५५ प्रतिशत परिवारसङ्ख्या, पाल्दै नपाल्ने ४६.६६ प्रतिशत परिवारसङ्ख्या रहेको देखिन्छ । कृषि पेशामा आधारित यो जनसङ्ख्या भूमि जोत्नका लागि जग्गावालाको गोरु पनि प्रयोग गर्ने प्रचलन पनि रहेकाले गोरु पाल्नेको सङ्ख्यामा यस्तो कमी आएको देखिन आउँछ । बाखापालनको अवस्थालाई हेर्दा ८४.४४ प्रतिशतले आफ्ना निजी बाखाहरूपालेको देखिन्छ भने बाँकी ४.४४ प्रतिशतले अरूका बाखाहरू पाल्ने गरेका छन् । पाल्दै नपाल्नेको प्रतिशत सङ्ख्या ११.१२ रहेको छ । त्यसरी नै ९३.३३ प्रतिशतले आफ्ना निजी कुखुराहरू पालेका छन् भने ६.६७ प्रतिशतले अरूका कुखुराहरू पालेको देखिन आउँछ ।

### ग) उद्योग तथा वाणिज्य

धन, चेतना र शिक्षाको कमीका कारणले उद्योग तथा वाणिज्य क्षेत्रमा यहाँका सार्की लागेको देखिएन । कृषि बजारको कमी, उत्पादित सामानहरूको उचित मूल्यको कमी, यातायात तथा ढुवानीको असुविधाजस्ता कारणले यस क्षेत्रमा मानिसहरूको संलग्नता नबढेको देखिन्छ । स्थानीय स्तरमा आफूले पालेका खसी, बोका, बाखा, कुखुरा विक्री गर्ने परम्परा भने यहाँ पाइन्छ । अन्य क्षेत्रमा संलग्नता रहेको पाइँदैन ।

### घ) ज्यालामजदुरी

निजी जमिनको अभाव, रुपैयाँपैसाको अभाव, शिक्षाको कमी आदि कारणले गर्दा अधिकांश सार्कीहरू कृषि ज्यालामजदुरीमा भर परेको देखिन्छ । स्थानीय अन्य जातिको खेतीमा, घरधन्दामा आफ्नो श्रम विक्री गरेर यिनीहरूले जीवन धान्ने गर्दछन् । ज्यालाको स्तर भने एकदमै न्यून देखिन्छ । लैङ्गिक असमानतालाई अपनाएको देखिएको छ । पुरुष र महिलाको ज्यालामा समय एकै हुँदा-हुँदै पनि धेरै नै फरक देखिन आउँछ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १९**

**सार्की जातिको ज्यालामजदुरीको दरभाउ**

| ज्यालादारीको किसिम | दर रुपैयाँमा | ज्यालाको स्वरूप | दैनिक काम गर्नुपर्ने समय | कैफियत |
|---|---|---|---|---|
| पुरुषको ज्याला | १५०/- | एक दिन | बिहान १०:०० बजेदेखि साँझ ६:०० बजेसम्म | |
| महिलाको ज्याला | ६०/- | एक दिन | बिहान १०:०० बजेदेखि साँझ ६:०० बजेसम्म | |

*(स्रोत : स्थलगत सर्वेक्षण-२०६३)*

उपर्युक्त तालिकालाई अध्ययन गर्दा पुरुषको ज्याला दिनको १५०/- देखिन आउँछ भने महिलाको रु. ६०/- देखिन आउँछ । बिहान १०:०० बजेदेखि कसैको घरमा अथवा खेतमा काम गरेर प्राप्त गरेको यो रुपैयाँले आफ्नो परिवारलाई यो महंगीमा धान्न सक्ने अवस्था पक्कै रहँदैन । बिहानबेलुकाको खाना दाल, चामल, पिठो, नुन, मरमसाला, भुटुन, शरीर ढाक्न एकसरो कपडा परपाहुनाको सत्कार, संस्कारअनुसारका रीतिरिवाज, चाडपर्वहरू आदिलाई यस्तो ज्याला व्यवस्थाले धान्न सक्ने अवस्था रहन सक्ने कुरै भएन । फलस्वरूप आफ्ना समस्याहरू समाधान गर्न स्थानीय साहूमहाजनहरूको ढोका ढक्ढकाउनुपर्ने अनिवार्य हुन आउँछ । दिनदिनै ऋण थपिँदै जान्छ । यिनीहरूको जीवनस्तर उकासिँदै जानुभन्दा दिनानुदिन खस्कँदै जाने अवस्था देखा पर्दछ ।

## ५.३.२ ऋणको आवश्यकता र स्रोत

यस गा.वि.स.मा बस्ने सार्की जाति आर्थिक पछौटेपनबाट ग्रसित छन् भन्ने कुरा माथिका आधारहरूबाट प्रस्ट भइसकेका छन् । थोरै घरपरिवार सङ्ख्यामा मात्र आफ्नो नाउँमा थोरै जग्गा जमिन हुनु, अरूको जग्गामा अधिँया तथा तेहु जग्गा कमाउनु, छुटपुट ज्यालादारीको काम गर्नु मात्र जीवन गुजारा गर्ने आधारहरू यस जातिमा रहेका देखिन्छन् । स्थायी आधारहरू केही देखिंदैनन् । जसरी भए पनि दिन घुचेड्नुपर्ने बाध्यताले ऋणको आवश्यकता यस जातिलाई पर्ने गर्दछ । दैनिक ज्याला, स्वदेशी र विदेशी रोजगारीजस्ता छुटपुट निम्न ज्यालाबाट आफ्नो परिवारलाई धान्न सक्ने अवस्था देखिंदैन । बिरामी पर्दा,

जन्म संस्कार, व्रतबन्ध विवाह, मृत्यसंस्कारजस्ता कर्मकाण्डबाट चोखिनुपर्दा थप खर्चको आवश्यकता स्वभाविक रूपमा पर्दछ जुन ऋणमा गएर नै थपिने गर्दछ । प्राकृतिक प्रकोप, रोगव्याधिजस्ता खर्चका लागि पनि ऋण नै आवश्यकता पर्ने हुन्छ तर जग्गाजमिन नहुने, वैकल्पिक आयको स्थायी स्रोत नहुने कारणले ऋण पाउन पनि बडो मुस्किल परेको देखिन्छ । एक पटक लिएको ऋणले साहूकहाँ धेरै समयसम्म काममा बिताउनुपर्ने बाध्यता पनि उत्तिकै देखिन आउँछ । समग्रमा यिनीहरूको आर्थिक जीवन अत्यन्तै कष्टकर देखिन्छ । यसरी उपर्युल्लिखित सामाजिक, शैक्षिक अवस्थाहरूको अध्ययन गर्दा Marx ले भनेजस्तै धर्मसंस्कार मानिसलाई लठ्याउने अफिम जस्तै हो अनि फेरि हुने र नहुनेको बीचमा दूरी फरक हुन्छ भनेजस्तै यहाँ पनि दलितहरूको अवस्था यस्तै प्रकारको देखिन्छ ।

# अध्याय छ

## दलित र गरिबीको सम्बन्ध

यस शोधक्षेत्रभित्र दलित भनिएका सार्की जातिहरूको गरिबीको अवस्था के-कस्तो छ ? भन्ने कुरालाई अध्याय पाँचका तथ्याङ्कले प्रस्ट पारेका छन् र अन्य जातिहरूसँगको तुलनात्मक स्थिति कस्तो छ सो कुरा पनि अध्याय पाँच का तथ्याङ्कहरूले बताइसकेका छन् । तिनै तथ्याङ्कहरूका आधारमा यस अध्यायमा दलित र गरिबीका सम्बन्धका बारेमा प्रकाश पारिएको छ ।

मार्क्सवादले समुदायका हरेक आवश्यकता वा परिस्थिति सिर्जनाका वस्तुगत कारण खोज्दछ यसका लागि एउटा विधि तथा पद्धतिको विकास गरेको हुन्छ, यस दृष्टिकोणले उत्पादनप्रणाली र समाज विकासप्रक्रियाबीचको सम्बन्धलाई ऐतिहासिक दृष्टिकोणबाट अध्ययन गर्दछ, आदिम समुदाय सहित वर्तमान औद्योगिक जटिल समाजमा अर्थ, राजनीति, धर्म, संस्कृति, सामाजिक व्यवस्था, विकासजस्ता विभिन्न क्षेत्रमा अध्ययन गर्दछ । मार्क्सवादी सिद्धान्तको आधारभूत मान्यता आधार संरचनाले उपरी संरचनाको निर्माण गर्दछ भन्ने सम्झदा जुन जातिले उत्पादन शक्ति हिजोबाट प्राप्त गर्दै आयो त्यही जातिले आफ्नो अनुकूलका धर्मसंस्कृति र संस्कारहरू निर्माण गरी आफ्नै धर्मभित्रका मानिसहरूलाई पनि दबाएर राख्न थाल्यो र अद्यपि राखिरहेको अवस्था देखिन्छ अनि सामाजिक, सांस्कृतिकलगायत आर्थिक रूपमा कहिल्यै माथि उठ्न नसक्ने गरी हिजोबाटै दबाइरह्यो अद्यपि दबाइरहेको देखिन्छ । फलस्वरूप यी दबिएका दलित भनिएका जातिहरू सामाजिक, आर्थिक राजनीतिक, शैक्षिक रूपमा माथि उठ्न नसक्ने वातावरण तयार हुँदै गयो । उनीहरू दिन प्रतिदिन सामाजिक आर्थिक रूपमा गरिब हुँदै गए । यसप्रकार दलित र गरिबीको सम्बन्ध छ भन्ने कुरा स्पष्ट हुन गयो । यस्तै विश्व व्यवस्थात्मक सिद्धान्तमा *Wallersetin* ले केन्द्र क्षेत्रल] अर्धपृष्ठ क्षेत्र र पृष्ठक्षेत्रलाई शोषण गर्छ भने जस्तै यहाँ ब्राह्मण जातिलाई केन्द्र क्षेत्रका रूपमा लिई यस जातिले दलित जातिलाई पृष्ठक्षेत्रका रूपमा शोषण गरिरहेको छ भन्ने सन्दर्भलाई पनि यहाँ जोडिएको छ । अनि *Frank* को मुख्य शहर र उपग्रह अवधारणाअनुसार मुख्य शहरले परिधि क्षेत्रलाई शोषण गर्दछन्

भनेजस्तै सुविधासम्पन्न क्षेत्रमा बस्ने जातिले विभिन्न किसिमले सुविधाविहीन क्षेत्रमा बस्ने जातिलाई शोषण गरेका छन् भन्ने सन्दर्भलाई पनि जोडिएको छ । आर्यसंस्कृतिको अभ्युदयकाल श्रुतिकालमा मानिसमानिसका बीचमा कुनै प्रकारको स्पष्ट विभेद नभए पनि श्रुतिकालपछिका स्मृति, उपनिषद्, पुराण र आख्यानहरूले मानिस-मानिसका बीचमा ठूलो विभेद सिर्जना गरेको उही मानिस कोही उच्च कोही नीच भनी वर्गीकरणमा परेको, यही विभाजनको फलस्वरूप त्यही बेलादेखि नै नीच भनिएका मानिसहरू सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक सबै पक्षमा नीच नै रहेका, यिनीहरूको यस्ता पक्षहरूमा संलग्नता कम रहने गरेको, संलग्नता कम रहेकै कारणले भौतिक र मानसिक दुवै पक्षमा यस्ता मानिसहरू तल्लो स्तरमा रहनु परेको अथवा गरिबीका अवस्थामा रहनु परेको अवस्था झल्किन आउँछ । हिजोदेखि नै जो सामाजिक परिवेशमा अगाडि रह्यो उसले आफ्नै स्वार्थका लागि हरेक नियमहरू बनाउँदै गयो त्यही अनुरूपका सांस्कृतिक परिवेशहरूको सृजना गरियो, धार्मिक अनुष्ठानहरूको निर्माण गरियो, आख्यानपुराणहरूको रचना गरियो अरूलाई सामाजिक रूपमा पछाडि राखियो । तिनीहरू यस्ता क्रियाकलापमा सक्रिय हुन पाएनन् । अगाडि परेकाको कुरालाई सहँदै आए । स्वीकार गर्दै आए । आफूलाई पराधीनका रूपमा राख्नुपर्ने बाध्यता स्वीकार गरे । सांस्कृतिक संरचनाहरू यस्ता संरचनाहरू हुन् जसले सामाजिक परिवेशलाई रहनसहनलाई रीतिथितिलाई वर्णन गर्ने गर्दछन् । सामाजिक परिवेशअनुसार नै यी निर्माण हुन्छन् । सञ्चालित हुन्छन् र मानिसलाई वेष्टित र परिचालन गर्दछन् । सामाजिक तहमा उच्च मानिएका मानिसहरूको नियन्त्रणमा यस्ता संस्कृतिहरू रहने गर्दछन् । अनि उनीहरूकै नियन्त्रण र निर्देशनमा संस्कृतिहरू डोरिने गर्दछन् । अधीनका मानिसहरूले उनीहरूकै डोरामा हिड्नुपर्ने बाध्यता सिर्जना हुने गर्दछ । यस्तै मार्क्सलाई सम्झदा आर्थिक वस्तुहरू जसको नियन्त्रणमा छ उसैले नै सामाजिक, धार्मिक, सांस्कृतिकलगायतका परिवेशहरूको सिर्जना र परिचालन गर्दछ अथवा आर्थिक क्रियाकलापले अन्य क्रियाकलापको निर्माण गर्दछ भनेजस्तै हिजोदेखि नै आर्थिक वस्तुहरू उपलब्ध रहेका मानिसहरूले आफ्नो स्वार्थ र हितका लागि अन्य संरचनाहरूको निर्माण गर्दै आर्थिक उपलब्धताबाट विहीन मानिसहरूलाई आफ्नो अधीनमा राखेका हुन् । अधीनमा राख्नका लागि अनेक संरचनाहरूको, जालझेलको निर्माण गरेका हुन् । यहाँ हिजोदेखि नै आर्थिक रूपमा पाखा लगाइएका, ठगिएका जुन मानिसहरू छन् तिनीहरू सामजिक, साँस्कृतिक रूपमा पनि ठगिएका छन्, दलितहरू यसै वर्गमा पर्दछन् ।

धर्म मानिसलाई व्यवस्थित गर्ने, वेष्टित गर्ने सबैभन्दा पुरानो भावनात्मक संस्थाको रूपमा मानिएको छ । मानवधर्मका रूपमा शुरुवात भएको यस्तो भावनात्मक संस्था समयको कालान्तरमा क्रमशः विभेदयुक्त हुन पुगेको देखिन्छ । सामजिक पण्डित्याइँ गर्ने व्यक्तिहरूले आफ्नो हित र स्वार्थमा मात्रै प्रयोग गर्नको लागि विभेदयुक्त यस्तो भावनको विकास गरेको देखिन्छ । यसको पुष्टि माथिका अध्ययबाट भइसकेको छ । यहाँ, त्यसको निष्कर्षमा यही भन्न सकिन्छ कि पछिल्ला दिनहरूमा धर्मले मानिसलाई विभाजन गरेको छ । आख्यानहरूको निर्माण गर्दै पैतालाबाट शूद्रहरूको जन्म भएको, उनीहरू सेवा गर्नका लागि आएको लगायतका कुराहरू वर्णन गर्दै अछुतका रूपमा यिनीहरूलाई राख्न यस्ता पण्डित्याइँ गर्ने व्यक्तिहरू आफ्नो कुदृष्टिमा सफल भएका देखिन्छन् । सामजिक, आर्थिक हैसियतप्राप्त व्यक्तिहरू नै समाजलाई नियन्त्रण गर्ने तहमा पुगेको देखिन्छ । कबिला समुदायदेखि क्रमशः विकसित हुँदै राज्यरूपी संस्थामा आइपुगेको इतिहासलाई अध्ययन गर्दा हरेक इतिहासका कालहरूमा यस्तै सामाजिक र आर्थिक हैसियतप्राप्त चतुरहरूले अरूलाई अधीनमा राखेको, अधीनमा राख्न क्रमशः आफ्नो अनुकूलका धर्म, संस्कृति, नियम तथा कानुनहरूको सृजना गरेको सामजिक र आर्थिक हैसियतबाट बाहिर निकालिएका व्यक्तिहरू उनीहरूको अधीनमा स्वभावैले रहनु परेको अनुभव हुने गर्दछ । सामाजिक, धार्मिक सांस्कृतिक अनि आर्थिक रूपमा पनि कमजोर बनाइएका शुरुका शूद्रहरू अनि अछुतहरू अहिलेका दलितहरूलाई विभिन्न सत्ताहरूले पनि दबाइरहेको, उम्किन नदिएको अनुभव हुँदै आउँछ । यस अध्यायमा दलित र गरिबीको सम्बन्ध छ कि छैन भन्ने विषयमा विविध विषयबाट स्पष्ट पार्न खोजिएको छ ।

अध्ययनक्षेत्र मुडीकुवा गा.वि.स. भित्र पर्ने भएकाले यहाँ रहेका अन्य जातिहरूको अवस्था र दलित सार्कीहरूको अवस्थालाई सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक र राजनीतिक अवस्थाहरूका आधारमा रहेर दलित र गरिबीको सम्बन्ध खोज्ने प्रयास गरिएको छ ।

## ६.१ सामाजिक जनजीवन

मुडीकुवा गा.वि.स. मा बाहुनक्षेत्रीहरूको बाहुल्य रहेको छ । यसका अतिरिक्त दलितहरू भनिएका सार्की र कामीहरूको पनि बसोबास रहेको छ । जनजातिको बसोबास दुई परिवार मात्र देखिन आउँछ । अध्ययनको विषयवस्तु सार्की जाति र अन्य जातिको

बसोबासको अवस्था, भाषा, भेषभूषा र रहनसहनको अवस्था, घरको बनावट र ढाँचाको अवस्था, धर्म संस्कृति र रीतिस्थितिलगायतका सामाजिक अवस्था, शैक्षिक अवस्था, आर्थिक अवस्थालाई हेरी सामाजिक बाहुल्य जातिहरू के कस्तो अवस्थामा छन् र दलित सार्कीहरूको अवस्था के कस्तो छ भनी हेरिएको छ ।

### ६.१.१ जनसङ्ख्या एवं बसोबास

यस गा.वि.स.को कुल जनसङ्ख्या ३२२४ रहेको छ । २९४ जनसङ्ख्या सार्की जातिको छ भने २९३० अन्य जातिको जनसङ्ख्या रहेको छ । बसोबासको स्थितिलाई हेर्दा सार्की जातिहरूको बसोबास एकै ठाउँमा गुजुमुच्च, साँघुरिएको छ भने अन्य जातिको फरक-फरक निश्चित प्लटमा बसोबास रहेको देखिन्छ । दलित जाति र अन्य जातिका बालबालिकाको अवस्था कस्तो छ ? महिलाको अवस्था कस्तो छ ? ६० वर्ष माथिका बूढाबूढीको अवस्था कस्तो छ ? भनी अध्ययन गर्दा निम्न तालिकाबमोजिमको अवस्था रहेको देखिन्छ :

**तालिका नं २०**

**दलित र अन्य जातिको उमेरगत जनसङ्ख्या विवरण**

| क.स. | बालबालिकाको सङ्ख्या (०–१६ वर्षसम्मका) | | १७–६० वर्षसम्मका जनसङ्ख्या | | ६० वर्षभन्दा माथिका बूढाबूढीको सङ्ख्या | |
|---|---|---|---|---|---|---|
| | अन्य | दलित | अन्य | दलित | अन्य | दलित |
| | ८८१ | १०१ | १९५४ | १७४ | ९५ | १९ |
| %मा | ३०.०६ | ३४.३५ | ६६.६८ | ५९.१८ | ३.२६ | ६.४६ |

*(स्रोतः मुडीकुवा गा.वि.स. र स्थलगत सर्वेक्षण, २०६३)*

उपर्युक्त तालिकाको अध्ययन गर्दा सार्की जातिको कुल जनसङ्ख्या २९४ मध्ये १६ वर्ष सम्मका बालबालिकाको सङ्ख्या १०१ रहेको देखिएको छ । अन्य जातिको कुल जनसङ्ख्या २९३० मध्ये १६ वर्षसम्मका बालबालिकाको सङ्ख्या ८८१ रहेको देखिएको छ । जसलाई प्रतिशतमा लैजादा ३०.०६ हुन आउँछ । यसबाट अन्य जातिको भन्दा सार्की जातिको जन्मदरको प्रतिशत बढी रहेको तथ्य स्पष्ट हुन्छ । समाजमा हिजोदेखि नै उत्पादनप्रणालीलाई आफ्नो पकडमा राख्न सफल भएका अन्य जातिहरू हरेक क्षेत्रमा

सजग र सतर्क बनेको देखिन्छ त्यसैकारण जन्मदरको प्रतिशतमा यस्तो हुन आएको स्पष्ट हुन आउँछ । सार्कीहरूले अशिक्षाका कारण जनसङ्ख्या नियन्त्रणमा चासो राखेको देखिदैन । भाग्यवादी सोचलाई नै अनुसरण गरी 'लेखेको पाइन्छ देखेको पाइँदैन' भन्ने मानसिकताबाट ग्रसित रही जनसङ्ख्यावृद्धिदर यिनीहरूका जातिमा बढी हुन आएको स्पष्ट हुन आउँछ । आफ्नो खेती गर्ने भूमि नरहेको अवस्था, पेशा सञ्चालन गरी आय आर्जन गर्न नसकेको अवस्था, रोजगारका कुनै अवसरहरू प्राप्त नभएको अवस्थामा दैनिक ज्यालामजदुरी र अरूको जग्गामा तेहु/अधियाँ कमाई गुजारा गर्नुपर्ने अवस्थामा यस किसिमको जनसङ्ख्यावृद्धिले यिनीहरूको गरिबीको अवस्थालाई मलजल पुऱ्याएको महसुस हुन आउँछ ।

## ६.१.२ घरको बनावट र ढाँचा

यस गा.वि.स. भित्र दलित जाति र अन्य जातिहरूका घरहरूको बनोट फरक-फरक रहेको देखिएको छ । साना खरका घरहरू एकै ठाउँमा गुजुमुच्च बनाइएका घरहरूको अवस्था, ट्वाइलेट बनाउने जग्गा नभएर घरकै नजिक कच्ची ट्वाइलेट बनाउनुपर्ने बाध्यता, गोठ बनाउने जग्गा नभएर घरकै पालीमा गाँसी गोठ बनाउनुपर्ने बाध्यता, करेसाबारी नभई तरकारीखेती गर्ने रहर हुँदा–हुँदै पनि गर्न नपाइएको अवस्था अधिकांश सार्की जातिमा रहेको देखिन्छ भने अन्य जातिमा यस्तो समस्या त्यत्रो ठूलो परिवारसङ्ख्यामा १/२ परिवार सङ्ख्यामा बाहेक अन्यमा रहेको देखिएन । दलितहरू यसरी खुम्चिएर, साँघुरिएर बस्नुपर्ने कारण सामाजिक रूपमा पिछडिएर, हेपिएर, फालिएर रहनु परेको नै यकिन हुन आउँछ । गाउँको छेउको नमिलेको, अनुर्वर जग्गामा सार्की जातिले बसोबास गरेको देखिन्छ । मार्क्सवादले उत्पादन शक्ति र उत्पादन सम्बन्धले आर्थिक आधारहरू निर्धारण गर्दछ भन्ने मान्यता राख्दछ । समाजमा स्थापित धर्म, पारिवारिक संस्था, राजनीतिक संस्था आदि आर्थिक आधारहरूको प्रकृतिमा निर्भर पर्दछ। यहाँ पनि आर्थिक रूपमा हिजोबाट नै पछि पारिएका उत्पादन शक्ति, भूमि, श्रम, पुँजीबाट वञ्चित रहेका यी सार्की जाति अहिलेको अवस्थामा पनि उस्तै नै देखिन्छन् । अन्य जातिले हिजोबाट नै सामाजिक दबाव दिएको, जातीय रूपमा छिःछि र दुरदुरको व्यवहार गरेको अनि कहिल्यै पनि उत्पादन शक्तिलाई प्राप्त गर्ने अवसर समाज, गाउँ र राज्यमा नमिलेको हुनाले दिनप्रतिदिन झन्-झन् गरिब हुँदै गएको र वर्तमान अवस्था झन् भयावहको

अवस्था रहेको पाइन्छ । यस क्षेत्रका अन्य जाति र दलित भनिएका सार्की जातिको बसोबासको अवस्थालाई तलको तालिकाबाट स्पष्ट पारिन्छ :

**तालिका नं २१**

**सार्की र अन्य जातिका व्यक्तिहरुको घरहरूको विवरण**

| क्र.स. | विवरण | घरसङ्ख्या | | प्रतिशत | |
|---|---|---|---|---|---|
| | | दलित | अन्य | दलित | अन्य |
| १ | साना खरले छाएका कच्ची घरहरू | ३९ | ५७ | ८६.६८ | १३.०२ |
| २ | ढुङ्गामाटाका कच्ची घर | ४ | ७९ | ८.८८ | १८.०४ |
| ३ | ढुङ्गामाटाका पक्की घर | २ | ३०२ | ४.४४ | ६८.९४ |
| जम्मा | | ४५ | ४३८ | १०० | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६३*

उपर्युक्त तालिकालाई विश्लेषण गर्दा दलितहरूको पक्की घरबाट कच्ची घरतर्फको सङ्ख्या बढ्दै गइरहेको देखिन्छ भने अन्य जातिहरूको कच्ची घरबाट पक्की घरतर्फको सङ्ख्या बढ्दै गइरहेको देखिन्छ । यसको कारण अन्य जातिहरू हिजोदेखि नै आफ्नो सामाजिक हैसियत उच्च राखी, भौतिक पूर्वाधार आफैले ओगटेका कारणले त्यस्तो बसोबासको स्थितिमा रहन सकेका र दलितहरू यसको विपरीत सामाजिक रूपमा पिछडिनु परेकाले, हेपिनु परेकाले, फालिनु परेकाले नै हो भन्ने स्पष्ट हुन आउँछ । अन्य जातिमा गरिबी नभएको होइन तर पनि समग्र रूपमा अध्ययन गर्दा दलितहरू नै गरिबीको बढी मारमा परेका छन् भन्ने कुरामा द्विविधा छैन । अन्य जातिहरूसँग घरको वरिपरि केही जग्गाजमिन हुने, घरगोठ एकै ठाउँमा गाँसेर बनाउनु नपर्ने, कच्ची ट्वाइलेट नजिकै बनाउनु नपर्नेजस्ता सुविधाहरू रहेको देखिन्छ भने दलितहरूमा यो सुविधा देखिँदैन । समग्र कुरालाई अध्ययन गर्दा हिजोदेखि नै हरेक कुराहरूमा निचोरिएर बस्नु परेको हुनाले नै दलितहरूको यस्तो गरिबीको कुचक्रको अवस्था हुन पुगेको महसुस हुन आउँछ । त्यस्तै जीवन धान्ने आधार कृषि पेशा पनि अरूकै जग्गामा परनिर्भर हुनुपर्ने, बाहिरी र विदेशी वस्तुहरूलाई स्थिति नहुँदा नहुँदै पनि ग्रहण गर्नुपर्ने बाध्यता हुनु, विदेशी महङ्गा लत्ताकपडा, विदेशी सामग्रीहरू बाध्यतावश उपभोग गर्नुपर्ने अवस्थाले यही पराधीन कृषिको अवस्थामा गुज्रिएका यी सार्की जातिहरू विश्व व्यवस्थाको परनिर्भर सिद्धान्तको

मान्यताअनुसार परनिर्भरतामा गुज्रिनुपर्ने अवस्थाले पनि यिनीहरूलाई दिनप्रतिदिन गरिबीको कुचक्रमा फसाएको देखिन आउँछ ।

## ६.१.३ धार्मिक अवस्था

यस गा.वि.स.का बासिन्दामध्ये अधिकांशले हिन्दूधर्म मान्ने गरेको देखिन्छ । अन्य धर्म मान्नेहरूको सङ्ख्या नै देखिएन । एकै धर्म मान्ने मानिसहरूको बसोबास भएको गा.वि.स. हुँदाहुँदै पनि दलित जाति र अन्य जातिको संस्कृति र रहन-सहनको विषयमा भने फरक-फरक अवस्था देखिन्छ । हिन्दूका पाँच देवता (शिव, विष्णु, देवी, सूर्य र गणेश) हरूलाई नै यहाँका दलित अथवा गैरदलित सबैले मान्ने गरेको पाइन्छ । ब्राह्मण, क्षेत्री तागाधारी भएकाले जनै लगाउने प्रचलन, नारीमा तागो (मन्तरेको धागो) बाँध्ने प्रचलन अन्यत्रझैं यहाँ पनि विद्यमान रहेकाले दलितहरू यसबाट वञ्चित छन् । ब्राह्मणहरू बिहानै उठेर स्नान गर्ने, पञ्चाङ्गको पूजा गर्ने, धूपधुवाँर गर्ने, शङ्ख ध्वनि साथ छिमेकलाई पूजाको सूचना दिने कर्महरू गर्ने तर दलितहरूले यी कुराहरू नगर्ने भएकै कारण दलित सार्की जातिभन्दा आफू उच्च जाति भएको अहं ब्राह्मण संस्कार अन्यत्रझैं यहाँ पनि देखिन्छ । ब्राह्मण क्षेत्रीहरू गाउँका मठ मन्दिरमा पूजाआजामा रमेको देखिन्छ । तर दलित भनिएकै कारण आफ्नै देवताको मन्दिरमा दलितहरूले प्रवेश गरी पूजाआजा गर्न सक्ने स्थिति अन्यत्रझैं यहाँ पनि देखिएन । ब्राह्मणहरूले उनीहरूलाई यस्तो गर्न दिन नचाहेको स्थिति यहाँ पनि देखिन्छ यसको कारण हिजोकै परम्परागत संस्कृति मान्नु पऱ्यो । मार्क्सवादी अवधारणाअनुसार धर्म केही सत्तासीनहरूले अरूलाई दबाउने माध्यम हो । कल्पनाको संसारको निर्माणबाट मानिसलाई निर्जीवता पारी शोषण गर्नु हो । परलौकिक सुख, शान्ति र आभासको मन्त्रोच्चारणका माध्यमबाट यस लोकको दुनियालाई कष्टप्रद, निराशा र शोषणको अतिरञ्जित जालमा पार्नु हो । मानिसलाई विवेकहीन बनाएर त्यसको प्रयोग गर्नु हो । मार्क्सवादी अवधारणाले धर्म शोषणको परिणति मात्र नभई शोषण गर्ने महŒवपूर्ण माध्यम पनि हो, यसले केही वर्गको अभिष्ट पूरा गर्दछ भन्ने मान्यता राख्ने गर्दछ । समाजमा व्याप्त रहेको जातीय असमानता, लैंगिक असमानता, आर्थिक असमानता लगायत यसबाट उत्पन्न धनी र गरिब, शोषक र शोषित, महिला र पुरुषका कार्यलगायतका अवस्थाहरूलाई धर्मले भाग्यसँग र ईश्वरीय देनका रूपमा तुलना गरेर केही वर्गको अभीष्ट पूरा गर्ने प्रपञ्च तथा कुप्रचारहरूका विकास गरिरहेको हुन्छ । आज

समाजमा देखिएका जातीय लडाइँ, धार्मिक लडाईं सबै धर्मले नै सृजना गरेको हो भन्ने मान्यता मार्क्सवादी धारणाले राख्दछ । यहाँ पनि अन्य जाति हिजोदेखि नै जातीय रूपमा उपल्लो स्थानमा आफूलाई राखे । कहिल्यै पनि यो हैसियतलाई कमजोर पार्न चाहेनन् । यिनीहरूले नै दलितहरुलाई आफूभन्दा तल्लो स्थानका रूपमा राख्न सफल भएका मानिसहरूलाई दबाई शोषण गरी आफ्नो अभीष्ट पूरा गरिरहे । यी दलित भनिएका मानिसहरू शोषित र दमित हुनु परेकाले कुनै पनि अवस्थाबाट माथि उठ्न सकेनन् । दिनप्रतिदिन यस्तो प्रपञ्चको जालमा फसिरहे ।

जन्मदेखिका संस्कारहरू ब्राह्मण  संस्कार र दलित भनिएकाका संस्कारमा फरक फरक देखिन्छ । ब्राह्मणहरू जन्मसंस्कार ११ दिनसम्म सूतक बार्ने गरेकामा दलितहरूको ९ दिन मात्रै सूतक बार्ने गरेको देखिन्छ । ब्राह्मणहरूमा विभिन्न संस्कारसहित अन्य ब्राह्मणद्वारा पूजापाठ गराई न्वारान गराउने प्रचलन रहेको पाइन्छ भने दलितहरूमा आफ्नै भान्जा, ज्वाइँद्वारा मौखिक वचनद्वारा न्वारान संस्कार गरेको पाइन्छ । जसले ब्राह्मणलाई उच्च जाति र सार्कीलाई निम्न जाति हो भन्ने कुरा पारिरह्यो ।

व्रतबन्ध संस्कार हिन्दूसंस्कारको एक अर्को महत्त्वपूर्ण संस्कार हो । जातीय प्रवेशको महत्त्वपूर्ण खुड्किलाका रूपमा हिन्दूसंस्कारले यसलाई मानेको छ । ब्राह्मणहरू व्रतबन्धबाट नै आफ्नो कर्ममा प्रवेश गरेको मान्ने गरेको पाइन्छ । व्रतबन्धपछि ब्राह्मणले बिहान सबेरै स्नान, जप ध्यान, पूजा पाठ गर्नुपर्ने, भोजन गर्दा बली बस्नुपर्ने, मन्त्र अरूलाई भन्न नहुनेजस्ता प्रतिबद्धताहरू, संस्कारहरू ब्राह्मण जातिमा रहेको पाइन्छ तर सार्की जातिहरू व्रतबन्धलाई त विश्वास गर्ने, व्रतबन्ध नगरी विवाह गर्न नपाइने, संस्कारअनुसार व्रतबन्ध पनि गर्ने त गरेका तर ब्राह्मणको जस्तो व्रतबन्ध पछि बिहान सबेरै उठेर स्नान, पूजापाठ, मन्त्र जप यिनीहरूले गर्न नपाउने यस्तो सामाजिक धार्मिक अधिकार यी सार्की जातिमा नहुने हुनाले व्रतबन्ध संस्कारबाट पनि ब्राह्मण  जाति धेरै नै उच्च सामाजिक हैसियतवाला रहने तर सार्की जातिको कुनै हैसियत व्रतबन्धबाट प्राप्त नहुने अवस्था रहेको मानिन्छ । जुन सामाजिक असमानताको, जातीय असमानताको एउटा प्रमुख कारणका रूपमा मानियो । विभेदयुक्त जातीय परिवेशको शुरुवात यही संस्कारबाट हुन पुग्यो । ब्राह्मण जहिलेसुकै उच्च भए भने सार्की निम्न मानिए । सामाजिक निराशा, कुण्ठा, र हीनता सार्की जातिमा रहिरह्यो ।

## विवाह

ब्राह्मण  जातिमा जातीय शुद्धता कायम गर्नका निमित्त विवाहलाई कठोर प्रक्रियाका रूपमा अवलम्बन गरेको पाइन्छ । आफ्नै जातिबाहेक अरूमा विवाह गर्दा जातबाट झर्नुपर्ने अवस्था यहाँ देखिन्छ । सजातीय मागी र प्रेम विवाहलाई समाजले स्वीकार गरेको तर ल्याई विवाहलाई अस्वीकार गरी तल्लो जातको श्रेणीमा झार्ने गरेको, शुद्ध ब्राह्मणसँग भातभान्सा नचल्ने, लेनदेन संस्कार नचल्नेजस्ता जातीय शुद्धताका कठोर नियमहरू यस जातिमा देखिए तापनि सार्की जातिमा मागी र ल्याई दुई विवाहको प्रचलन रहेको देखियो । मागी र ल्याई दुबै विवाहलाई उत्तिकै मान्यता भएको देखिन्छ । ल्याई विवाहले जातीय मान्यतामा कुनै फरकपन नआउने मान्यता भएको देखिन्छ । जातीय कठोरताको रूप ब्राह्मणहरूमा र नरमताको रूप सार्कीहरूमा जुन देखिन्छ यसलाई अध्ययन गर्दा ब्राह्मण  जातिहरूको हैसियत विवाहबाट नै उच्च रहने र अन्य जातिहरूभन्दा आफू शुद्ध मानिने, सार्की जातिहरूलाई हेयका दृष्टिकोणले हेर्ने गरेको पाइन्छ । अन्य जाति र सार्की जातिको विवाहको स्थितिलाई तलको तालिकाले प्रस्ट्याएको छ :

**तालिका नं २२**

**सार्की र अन्य जातिले गर्ने विवाहको स्थिति**

| | ब्राह्मण  क्षेत्री जाति | | सार्की जाति | |
|---|---|---|---|---|
| | मागी विवाह गर्नेको सङ्ख्या | ल्याई विवाह गर्नेको सङ्ख्या | मागी विवाह गर्नेको सङ्ख्या | ल्याई विवाह गर्नेको सङ्ख्या |
| सङ्ख्यामा | ३५२ | १२ | २९ | १६ |
| प्रतिशतमा | ९६.७० | ३.३० | ६४.४४ | ३५.५६ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६३*

*नोट : ब्राह्मण , क्षेत्री र सार्कीबाहेक कामी र माझीका २९ घर परिवारसङ्ख्यालाई यहाँ उल्लेख गरिएको छैन ।*

उपर्युक्त तालिकाको अध्ययन गर्दा ब्राह्मण, क्षेत्री जातिको मागी विवाह ९६.७०% र सार्की जातिको ६४.४४% त्यस्तै ल्याई विवाह ब्राह्मण, क्षेत्री जातिको ३.३०% र सार्की जातिको ३५.५६% देखिन आएको छ । सार्की जातिमा मागी र ल्याई विवाहले कुनै प्रभाव नपारेको तर ब्राह्मण  जातिमा ल्याई विवाहबाट जन्मेको सन्तान जातबाट तल खस्ने प्रचलन रहेको देखिन्छ । यसले पनि ब्राह्मण को उच्च हैसियत हो र सार्कीको हैसियत तल्लो हो भन्ने सामाजिक स्तरीकरणको अवस्था छर्लङ्ग पारिदिएको भेटिन्छ ।

### मृत्युसंस्कार

ब्राह्मण जातिको मृत्यु हुँदा १३ दिनसम्म नजिकका दाजुभाइले जुठो बार्नुपर्ने, मृतकको शरीरमा फूल, लावा, अवीरले पूजा गरी शङ्खध्वनिसहित नजिकको ठूलो नदीमा लगी आगाले जलाई दाह संस्कार गर्ने । १० दिनसम्म थलामा गई दिवङ्गत आत्माको मुक्तिका लागि पिण्डदान गर्नुपर्ने १२ र १३ दिनका संस्कारहरू गर्नुपर्ने, मृतकलाई स्वर्गमा सबैकुराले भरिपूर्ण गराई सुखसयलमा राख्न १३ दिनका दिन शØयादान, पाउदान, दशदानलगायतका दानहरू गर्नुपर्ने, छोरा र श्रीमतीले १ वर्षसम्म दुःख बोक्नुपर्नेलगायतका संस्कारहरू रहेको देखिन्छ । सार्की जातिको भिन्न- भिन्न संस्कार रहेको देखिन्छ । कोहीले १३ दिन, कोहीले १० दिन कोहीले ३ दिन जुठो बार्नुपर्ने, किरिया गर्नुपर्ने संस्कार रहेको देखिन्छ । वर्ष दिनसम्म दुःख बोक्ने परम्परा यहाँ पाइँदैन । ४५ दिनसम्म कसै कसैले दुःख बोक्ने गरेको पाइन्छ । यसभन्दा बढी दुःख बोकेको पाइँदैन । यसबाट ब्राह्मण उच्च जाति भएकाले उसले मृत्युसंस्कार पनि उच्च नै गर्नुपर्छ । सार्की तल्लो जाति भएकोले संस्कार पनि निम्न गरे पुग्छ भन्ने अवधारणा रहेको पाइन्छ । जसबाट सामाजिक तहमा ब्राह्मण उच्च भइरहने, सार्कीले सामाजिक हैसियतमा उच्च स्थान कहिल्यै ग्रहण गर्न नसक्ने अवस्था रहेको पाइन्छ । सामाजिक असन्तुलनका अवस्थाको सिर्जनामा यसले पनि भूमिका खेलेको पाइन्छ ।

## ६.२ शैक्षिक जनजीवन

शिक्षा चेतनाको माध्यम हो, सजगताको माध्यम हो, अनुशासनको आधारशिला हो, जीवननिर्वाहको आधारशिला हो । यसका माध्यमबाट मानिसको पहिचान गर्न सकिन्छ । जससँग शिक्षा छ उसले जीवन र जगत्का बारेमा ज्ञान गर्न सक्दछ भने जससँग शिक्षा

छैन उसले वास्तविकताको ज्ञान गर्न सक्दैन । ऊ कुहिराको कागजस्तै किंकर्तव्यविमूढको अवस्थामा जीवन गुजारा गर्नुपर्ने बाध्यतामा हुन्छ । वर्तमान शिक्षाको अवस्थाले भोलिका पिँढीहरूको अवस्थालाई जनाउने गर्दछ । भोलिको जीवननिर्वाहको माध्यमलाई परिचय गराउने गर्दछ । अध्याय पाँच को तालिका नं. ६, ७ र ८ को तालिका, पाइचार्ट २, ३ र ४ र स्तम्भचित्र २ र ३ लाई हेरिसकेपछि उपल्लो तहका कक्षाहरूमा सार्की जातिको विद्यार्थीको सङ्ख्यामा धेरै नै कमी आएको देखिन आउँछ तर अन्य अन्य जातिका विद्यार्थीहरूको सङ्ख्या माथिल्लो कक्षामा बढ्दै गएको देखिन आउँछ यसबाट यही प्रस्ट हुन्छ यहाँका सार्की जातिहरूमा पठनपाठन गर्ने रुचि क्रमशः घट्दै जाने गरेको छ । तलका कक्षाहरूमा राज्यबाट केही सुविधा दिइने हुनाले विद्यालयमा पढ्न आउने विद्यार्थीको सङ्ख्या केही राम्रो देखिन्छ । यी सुविधाहरू उपल्लो कक्षामा त्यति पर्याप्त नभएकाले विद्यार्थी सङ्ख्या पनि घट्दै गएको बुझिन्छ । यस गा.वि.स. मा दलित वर्गमा पर्ने सार्की र कामी जाति दुवै रहेको कामी जातिको अध्ययन शोधकर्ताले नलिएकाले कामी जातिको गा.वि.स. भित्रको १७ परिवारका कुल जनसङ्ख्या १७० यहाँ समावेश गरिएको छैन । यसबाहेक सार्की जातिका मानिसहरू र अन्य जातिका मानिसहरूको शैक्षिक अवस्थाका बारेमा तुलनात्मक अध्ययन गरिएको छ । यसलाई तलको तालिका र स्तम्भचित्रबाट प्रस्ट देखाइएको छ :

**तालिका नं २३**

**सार्की जाति र अन्य जातिको शैक्षिक विवरण (प्रतिशतमा)**

| | स्नातक र मास्टर डिग्री तह उत्तीर्ण गर्ने | उच्च माध्यमिक तह उत्तीर्ण गर्ने | माध्यमिक तह उत्तीर्ण गर्ने | साधारण लेखपढ गर्न जान्ने | साधारण लेखपढ गर्न नजान्ने निरक्षर |
|---|---|---|---|---|---|
| अन्य जाति | ०.९२ | ५.९३ | १६.९६ | ४५.२९ | २५.१० |
| सार्की जाति | ०० | ०.६८ | ४.०८ | ४२.१७ | ५३.०७ |

*(स्रोत : मुडीकुवा गा.वि.स को कार्यालय र स्थलगत सर्वेक्षण, २०६३)*

उपर्युक्त तालिकालाई विश्लेषण गर्दा अन्य जाति र सार्की जातिको शैक्षिक अवस्था धेरै नै फरक देखिन आउँछ । अन्य जातिमा मास्टर डिग्री उत्तीर्ण गर्नेको प्रतिशत ०.९२ रहेको छ भने सार्की जातिमा यसको सङ्ख्या नै छैन । उच्च माध्यमिक तह उत्तीर्ण गर्ने अन्य जातिको प्रतिशत ५.९३ रहेको छ भने सार्की जातिको केवल ०.६८ मात्र रहेको

देखिन्छ । माध्यमिक तह उत्तीर्ण गर्ने अन्य जातिको प्रतिशत १६.९६ रहेको छ भने सार्की जातिको मात्र ४.०८ प्रतिशत रहेको छ । साधारण लेखपढ गर्न जान्ने अन्य जातिको प्रतिशत ४८.१९ रहेको छ भने सार्की जातिको प्रतिशत ४२.१७ रहेको छ । त्यसरी नै साधारण लेखपढ पनि गर्न नजान्नेमा अन्य जातिको प्रतिशत २८ रहेको छ भने सार्की जातिको प्रतिशत ५३.०७ रहेको देखिन्छ । समग्रमा भन्नुपर्दा अन्य जातिहरूको साक्षरता प्रतिशत७२ प्रतिशत देखिन्छ जुन राष्ट्रिय जनगणना २०५८ को साक्षरता प्रतिशत ५४.०१ भन्दा माथि नै रहेको पाइन्छ । तर यही गाउँक्षेत्रभित्र बस्ने सार्की जातिको भने यसै गाउँक्षेत्र भित्र बस्ने अन्य जातिका तुलनामा अत्यन्त न्यून ४६.९३ प्रतिशत देखिन्छ । जुन राष्ट्रिय जनगणना २०५८ को कुल साक्षरता प्रतिशतभन्दा न्यून देखिन्छ । यसबाट के भन्न सकिन्छ भने शैक्षिक गरिबीको अवस्था अन्य जातिका तुलनामा सार्की जातिको धेरै नै उच्च छ ।

## ६.३ आर्थिक जनजीवन

### क) मुख्य पेशा

कृषिप्रधान देशका रूपमा परिचित नेपालका अधिकांश मानिसहरू कृषि पेशामा नै निर्भर रहने गरेका छन् । आफ्नै भूमिमा काम गर्ने एक प्रकारको कृषक यहाँ देखिएको छ भने निजी भूमिमा नभई अर्काको भूमिमा काम गरेर कृषि मजदुरका रूपमा रहेका कृषकहरू पनि यहाँ देखिएका छन् । यस गा.वि.स.मा अध्ययन गर्दा यिनै दुवै प्रकारका कृषकहरू यहाँ देखा परेका छन् । अध्ययनबाट अन्य जातका अधिकांश परिवारसँग आफ्नै थोरधेर आफ्नै निजी जग्गा रहेकाले आफ्नै भूमिमा काम गरी आफ्नो गुजारा गर्ने गरेको पाइन्छ भने दलित मानिने अधिकांश सार्की जातिको आफ्नो निजी जग्गा नभई कृषि मजदुरका रूपमा अरूको जग्गामा काम गरी जसोतसो आफ्नो गुजारा गरेको अवस्था देखिन्छ । कृषि मजदुरीमा अन्य जातका मानिसहरू त्यति लागेको देखिएन भने सार्की जातका अधिकांश परिवारहरू यसै कृषि मजदुरी पेशामा लागेको देखिन्छ । मुख्य पेशा कृषि नै भएका यी दुई जातिको पेशागत अवस्थाको विवरण निम्न तालिकाद्वारा स्पष्ट पारिन्छ ।

**तालिका २४**

**अन्य जाति र सार्की जातिको पेशागत विवरण (प्रतिशतमा)**

| पेशा | आश्रित जनसङ्ख्या | | कैफियत |
|---|---|---|---|
| | अन्य जाति प्रतिशत | सार्की जाति प्रतिशत | |
| कृषि/ज्याला मजदुरी | ७८.९ | ८०.२७ | |
| भरिया | ०.१८ | ७.४९ | |
| स्वदेशी नोकरी | ११.७८ | २.७२ | |
| विदेशी नोकरी | ३.३४ | ९.५२ | |
| जम्मा | ९४.२% | १००% | |

*(स्रोत : मुडीकुवा गा.वि.स.को कार्यालय र स्थलगत सर्वेक्षण, २०६३)*

*नोट : यस गा.वि.स. भित्र बसोबास गर्ने दलितका रूपमा चिनिएका कामी जातिको कुल १७ परिवारको १७० जनसंङ्ख्याको हुन आउने ५.८० प्रतिशतलाई यसमा समावेश गरिएको छैन ।)*

उपर्युक्त तालिकाको अध्ययन गर्दा अन्य जातिका ७८.९ प्रतिशत मानिसहरू कृषि पेशामा संलग्न रहेको देखिन आउँछ । यिनीहरू अधिकांशले आफ्नै जग्गामा आफ्नो कृषि व्यवसाय गर्ने गरेका छन् । त्यस्तै यसको ठीक विपरीत सार्की जातिले अरूको जग्गा अधिया, तेहु र अन्य जातिको खेतीमा मजदुरी गरी यसै पेशामा संलग्न रहेर जीवन गुजारा गरिरहेका देखिन्छन् । भरिया पेशाबाट आफ्नो जीवन गुजारा गर्ने अन्य जातका मध्ये केवल ०.१८ प्रतिशत मानिस यस पेशलाई अँगालेका छन् भने तल्लो जातका सार्कीहरू ७.४९ प्रतिशत अँगाल्न बाध्य छन् । अन्य जातका मानिसहरू ११.७८ प्रतिशत स्वदेशी नोकरीमा संलग्न रहेका देखिन्छन् भने सार्की जातिका मानिसहरू मात्र २.७२ प्रतिशत संलग्न रहेको देखिन्छ । त्यस्तै वैदेशिक नोकरीको अवस्थालाई हेर्दा अन्य जातका मानिसहरू ३.३४ प्रतिशत यसमा संलग्न रहेका छन् भने सार्की जातिहरू ९.५२ प्रतिशत यसमा संलग्न रहेको देखिन आउँछ । यसबाट अधिकांश सार्की जातिसँग निजी जग्गा छैन भन्ने कुरा स्पष्ट हुन आउँछ । कृषि मजदुरी मै अरूको जग्गा कमाएर नै यिनीहरू जीवन निर्वाह गर्दछन्, भारी बोकेर आफ्नो जीवन निर्वाह गर्दछन् । स्वदेशी नोकरीमा भर्खर-भर्खर पुलिस र सेनामा मात्र यिनीहरू संलग्न छन् । सरकारी क्षेत्रको प्रशासनतर्फको जागिरमा यिनीहरूको कुनै संलग्नता देखिंदैन । विदेशी नोकरीमा पनि तीन जना युवामात्र तेस्रो मुलुकमा नोकरी गर्दछन् भने अन्य सबै भारतको दिल्ली, मद्रासलगायतका शहरमा न्यूनतम

ज्यालामा नोकरी गर्दछन् । अर्कातर्फ सरकारी क्षेत्रको प्रशासनिक नोकरीमा अन्य जातिका ११.७८ मानिसहरू संलग्न रहेको पाइन्छ । विदेशी नोकरीमा ०.२५ प्रतिशत अमेरिका, बेलायतजस्ता देशमा रहेका छन् । खाडी क्षेत्रमा १.२ प्रतिशत र बाँकी १.८९ भारतका विभिन्न शहरहरूमा नोकरी गर्दछन् । यस तालिकाको अध्ययन गरिसकेपछि यही निष्कर्षमा पुग्न सकिन्छ । आर्थिक गरिबीको रूपमा अन्य जातिभन्दा दलित सार्की जाति अत्यन्तै मारमा रहेको प्रस्ट हुन आउँछ ।

### ख) पशुपालन

पशुपालनको अवस्थालाई हेर्दा भूमिको अवस्था कारणले दुई जातिहरूबीच फरक-फरक अवस्था देखिन्छ । ब्राह्मणहरूसँग (अधिकांशसँग) केही आफ्नै जग्गाजमिन हुनाले कृषि र पशुको अन्तर सम्बन्ध समायोजन गर्न पशुपालनमा लागेको देखिन्छ भने तल्ला जातिहरू पनि थोरै मात्रामा भए पनि पशुपालनमा लागेको देखिन्छ । अन्य जातिहरूले अर्काको पशु पाल्ने गरेको पाइँदैन भने तल्ला जातिहरूले अर्काको पशु पाल्ने गरेको देखिन्छ । यसले दुई जातिहरूबीचको फरकपनलाई देखाउँछ ।

सार्की जातिको पशुपालनको अवस्थालाई तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ :

**तालिका नं. २५**

**सार्की जातिको पशुपालनको अवस्था**

| कुल घरसङ्ख्या (सार्की जातिको) | आफ्ना पशु आफैले पाल्ने | अर्काको पशु पाल्ने (तेहु/ अधिया) | पशु नै नपाल्ने |
|---|---|---|---|
| ४५ | १० | २० | १५ |

उपर्युक्त तालिकालाई अध्ययन गर्दा आफूले पशु किनेर आफ्ना पशु आफैले पाल्ने १० परिवार सार्कीहरू रहेका छन् भने अर्काका पशुहरू तेहु वा अधियाको रूपमा पाल्ने २० परिवारहरू रहेका छन् । पशु नै नपाल्ने सार्कीहरूको घरसङ्ख्या १५ रहेको छ । कृषिमा आश्रित रहेका यी परिवारसङ्ख्याको कृषिको सहायक पशुपालन व्यवसाय कमजोर अवस्थाको रहेको देखिन आएको छ । पशु पाल्दै नपाल्ने कृषि पेशामा संलग्न हुँदा श्रमको पर्मबाट खेती जोत्नका लागि चाहिने गोरू पर्म ल्याउने गर्दछन् । अरूको पाल्नेहरूले तेहु

अधिया पशु पाली गुजारा गर्ने गर्दछन् । पाल्नेहरूले आफ्नो केही खेतीसहित अन्यको खेतीमा लगी ज्याला लिने गर्दछन् । यसबाट पनि यी दलित भनिएका यी सार्की जातिको गरिबीको अवस्था कस्तो छ भन्ने स्पष्ट हुन आउँछ ।

### ग) उद्योग तथा व्यापार

उद्योग, व्यापारको अवस्थालाई अध्ययन गर्दा सार्की जातिसँग सामान्य बाखा कुखुरा पालन व्यवसायबाहेक अन्य कुनै व्यापारव्यवसाय देखिएन । यिनीहरूले छोएको पानी नचल्ने भएकाले होटल व्यवसाय गर्न यिनीहरू वञ्चित भए । सुख्खा व्यापारमा पनि यिनीहरूको संलग्नता देखिएन भने ब्राह्मण जातिहरूमध्ये ११ परिवारले सामान्य किराना पसल गरेको देखिन्छ । दुई परिवार होटल व्यवसायमा संलग्न रहेको देखिन्छ । अन्य ठूलो व्यापार व्यवसाय, उद्योगधन्दाको अवस्था यस गा.वि.स. भित्र पाइँदैन । सानै क्षेत्रको व्यापार व्यवसायमा पनि अन्य जात र सार्की जातको बीचमा स्पस्ट विभाजन देखिन्छ । जातैका आधारमा सार्की जातिलाई व्यापार व्यवसायमा लाग्न सामाजिक बन्देज रहेको देखिन्छ ।

### घ) भू–स्वामित्वको तुलनात्मक स्थिति

हिन्दू समाज वर्णव्यवस्थामा आधारित समाज हो । यस समाजमा हिजोदेखि नै ब्राह्मणले शिक्षा तथा ज्ञानसम्बन्धी काम गर्ने, क्षेत्रीले राज्य सञ्चालनसम्बन्धी काम गर्ने, वैश्यले व्यापार तथा कृषिसम्वन्धी काम गर्ने र शूद्रले अरू सबै वर्णको सेवा गर्ने व्यवस्था निर्धारित गरिएको छ । यस प्रकारको वर्णव्यवस्थाले मूलतः ब्राह्मण तथा क्षत्रिय वर्ण ( जात) मा रहेका हरूलाई नै सबै क्षेत्रमा फाइदा पुग्न जान्छ । आजसम्मका सबै हिन्दू उच्च जातीय शासकवर्गले वर्णव्यवस्थालाई कायम राख्ने र त्यसैअनुसारको समाजलाई परिचालन गर्दै आएका छन् । वर्णव्यवस्थामा आधारित समाज व्यवस्थाका कारणले दलितहरू मूलतः भूमिको अधिकारबाट वञ्चित रहेका देखिन्छन् । यस गा.वि.स.मा रहेका ब्राह्ण, क्षेत्री र दलित सार्की जातिसँग के कस्तो मात्रामा जग्गा जमिन छ भन्ने कुरा निम्न तालिकाद्वारा स्पष्ट पारिन्छ ।

**तालिका २६**

**अन्य जाति र सार्की जातिमा रहेको भू–स्वामित्वको तुलनात्मक अवस्था (प्रतिशतमा)**

| कुल परिवारसङ्ख्या | | जग्गाधनी सङ्ख्या | | भू–स्वामित्वको अवस्था (रोपनीमा) | | भू–स्वामित्वको अवस्था प्रतिपरिवारमा | |
|---|---|---|---|---|---|---|---|
| अन्य जाति | सार्की जाति | अन्य जाति | सार्की जाति | अन्य जाति | सार्की जाति | अन्य जाति | सार्की जाति |
| ४२१ | ४५ | ७७२ | ४७ | २०५२ | ८९ | ४.८७ | १.९७ |

*(स्रोत : नापी शाखा-पर्वत, मुडीकुवा गा.वि.स.को कार्यालय र स्थलगत सर्वेक्षण, २०६३*

*नोट : यस गा.वि.स. भित्र बसोबास गर्ने दलितका रूपमा चिनिएका कामी जातिको कुल १७ परिवारको १७० जनसङ्ख्याको ५० रोपनी जग्गालाई यसमा समावेश गरिएको छैन ।)*

उपर्युक्त तालिकालाई अध्ययन गर्दा यस गा.वि.स. भित्र रहेका कुल परिवारसङ्ख्या ४८३ मध्ये दलित वर्गमा पर्ने कामी जाति अन्य वर्गमा नपर्ने हुनाले उनीहरूको परिवारसङ्ख्या १७ र उनीहरूसँग रहेको ५० रोपनी जग्गालाई यस तालिकामा उल्लेख गरिएन । अन्य जाति ब्राह्मण  क्षेत्रीको कुल परिवारसङ्ख्या ४२१ रहेको पाइन्छ । यस गा.वि.स. भित्र रहेका कुल जग्गा धनीसङ्ख्या ८३६ रहेको पाइन्छ । यी जग्गाधनी ८३६ मध्ये अन्य जाति ब्राह्मण  क्षेत्रीका ७७२ जग्गाधनीसङ्ख्या देखिन्छ । एकै परिवारका २–३ सदस्यको नाउँमा जग्गाधनी पूर्जा भएको हुनाले यस्तो अवस्था रहेको देखिन्छ र यी जातिसँग २०५२ रोपनी जग्गा रहेको पाइन्छ । यस्तै सार्की जातिका ४५ घर परिवारमध्ये ४७ जग्गाधनीसङ्ख्या देखिन्छ । जुन परिवारहरूसँग ८९ रोपनी जग्गा रहेको पाइन्छ । यसलाई विश्लेषण गर्दा अन्य ब्राह्मण क्षेत्री जातिको प्रतिपरिवार ४.८७ रोपनी जग्गा रहेको देखिन्छ भने दलित सार्की जातिको प्रतिपरिवार १.९७ रोपनी जग्गा देखिन्छ । यस तथ्याङ्कले भू–स्वामित्वको स्थितिमा दलित सार्की जातिभन्दा अन्य ब्राह्मण क्षेत्री जाति धेरै माथि छ भन्ने कुरा प्रस्ट हुन आउँछ । यसैलाई पनि अझ भन्नुपर्दा ब्राह्मण  क्षेत्रीको भन्दा सार्की जातिको जग्गा कमसल, पाखो, गाउँको छेउ, भीर देखिन्छ । त्यसकारण दलित र गरिबीको सम्बन्धमा यी दुई जातिबीचको अन्तरसम्बन्धलाई हेर्दा *Marx* को

उत्पादनसम्बन्धअनुसार अन्य जातिसँगै उत्पादनका साधनहरू रहेको हुनाले त्यही जाति अनुकूलको अन्य उपरिसंरचनाहरू निर्माण हुन सकेको एउटा झिल्को यहाँ पनि देखिन आउँछ र भन्न सकिन्छ अन्य जातिभन्दा सार्की जाति मानिनेहरू आर्थिक गरिबीका मारमा बढी पिल्सिरहेका छन् । दलित र गरिबीको सम्बन्ध छ ।

## ६.४ राजनीतिक जनजीवन

यस क्षेत्रमा बसोबास गर्ने सार्की जातिहरू राजनीतिक जनजीवनमा कस्तो सरोकार राख्दछन् उनीहरूको राजनीतिक क्षेत्रमा कत्तिको पहुँच छ त भनी हेर्नु पनि सान्दर्भिक भएकाले यसका विषयमा पनि केही खोज भएको छ । वास्तवमा भन्नुपर्दा ब्राह्मण जातिले भोट बैंक' का रूपमा यहाँका यी सार्की जातिलाई प्रयोग गर्ने गरेको अनुसन्धानबाट थाहा हुन आयो । गरिबीका मारमा परेकै कारणले होला सामाजिक रूपमा अपहेलित भएकै कारणले होला राष्ट्रिय स्तरको राजनीतिक गतिविधिमा चासो र सहभागिता यस क्षेत्रका सार्की जातिमा रहेको अवस्था देखिएन । पटक–पटकका राष्ट्रिय निर्वाचनमा मोह, लोभ, लालसामा नै अधिकांशलाई भुलाई मत लैजाने गरेको देखिन्छ । स्थानीय स्तरको राजनीतिमा ब्राह्मण जातिका २ खेमाहरूले विभिन्न आवश्वासन बाँडी निर्वाचनको बेलामा मत लाने गरेको पाइन्छ । यति हुँदाहुँदै पनि यहाँका सार्की जातिमा राजनीतिप्रति पटक्कै चासो नै छैन भन्न मिल्दैन । समय-समयमा आफ्नो जातिको प्रतिनिधित्व स्थानीय तहमा गराउनका लागि यिनीहरूले प्रयत्न गरेको देखिन्छ । २०४६ सालको परिवर्तनपछिको अवस्थालाई हेर्दा स्थानीय स्तरका पदहरूमा यिनीहरू पुगेको देखिन्छ । अनि विभिन्न सङ्गठनहरूमा आस्था राख्दा केहीले आफूलाई प्रतिबद्ध व्यक्तिको रूपमा उभ्याएको देखिन्छ । समय-समयमा फेरिइरहने अस्थिर राष्ट्रिय राजनीतिक सोच, सरकारका राजनीतिक प्रतिबद्धतामा फितलोपन अनि परम्परागत जातीय स्तरीकरणको सामाजिक परिवेशले दलित जातिहरू राजनीतिक रूपमा दबिनै परेको यथार्थ यहाँ झल्कन्छ । तर पनि स्थानीय तहमा केही झिनो राजनीतिक सहभागिता यी सार्की जातिहरूको रहेको पाइन्छ। वि.सं. २०४९ र २०५४ को स्थानीय निर्वाचनको झलक तलको तालिकामा खुलाइएको छ । यसबाट पनि सार्की जातिको राजनीतिक जनजीवन केही हदसम्म बुझ्न सकिन्छ ।

**तालिका २७**

**सार्की जातिको राजनीतिक सहभागिताको अवस्था**

| पद | २०४९ को निर्वाचन | २०५४ को निर्वाचन |
|---|---|---|
| अध्यक्ष | ... | ... |
| उपाध्यक्ष | ... | ... |
| सदस्य | २ | ... |

*(स्रोतः मुडीकुवा, गाउँ विकास समितिको कार्यालय*

उपर्युक्त तालिकालाई अध्ययन गर्दा सार्की जातिको राजनीतिक जीवनमा चासो हुँदाहुँदै पनि रातदिन मिहिनेत गरी खानुपर्ने कृषि, पशुपालन तथा ज्याला मजदुरी नगरी गुजारा नहुने बाध्यात्मक परिस्थिति भएका कारणले गर्दा राजनीतिक निकायहरूमा सहभागिता हुने अवसर गुमाउनुपर्ने बाध्यता भएको महसुस हुन आउँछ ।

यी समग्र सामाजिक, शैक्षिक, आर्थिक र राजनीतिक  अवस्थाहरूबाट अन्य जाति र सार्की जातिको सम्बन्ध हेर्दा अन्य जातिहरू हिजोदेखि नै सामाजिक रूपमा बलिया रहेका, सार्की जातिहरू कमजोर रहेका, आर्थिक रूपमा ब्राह्मण जातिहरू स्रोत र साधनमा बढी पकड भएका सार्की जातिको स्थिति कमजोर रहेको अनि आर्थिक कारणले अन्य सम्पूर्ण कारणहरूलाई प्रभाव पार्ने हुनाले शैक्षिकलगायतका अन्य अवस्थाहरू मा पनि अन्य जातिभन्दा सार्की जातिको अवस्था धेरै नै नाजुक देखिन्छ । प्रत्येक सुविधाबाट वञ्चित दलित सार्की जाति अन्य जातिभन्दा  गरिबीको कुचक्रमा फसिरहेका उपर्युक्त तथ्याङ्कहरूले बताइसकेका छन्  त्यसैले दलित र गरिबीको बीचमा सम्बन्ध छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र सुझाउ

## ७.१ सारांश

एशिया महादेशमा पर्ने नेपाल विश्वको मानचित्रमा सानै देखिए तापनि सामाजिक र सांस्कृतिक विशेषताका दृष्टिकोणले भरिपूर्ण छ । विभिन्न जातजाति, भाषाभाषी र समुदायको साझा फूलबारीका रूपमा रहेको नेपाली समाजको संरचना नेपालको भूखण्डको संरचनामा भएको विविधता जस्तै रहेको छ । विभिन्न जातजातिले आफ्नो सामाजिक एवं सांस्कृतिक विविधताले नेपाललाई धनी बनाउन सहयोग गरेका छन् । यस्तै जातजातिमध्ये सार्की जाति पनि एक हो । सार्कीहरू गाउँमा बसोबास गर्दछन् । पर्वत जिल्ला मुडीकुवा गा.वि.स. क्षेत्रका सार्की जातिका बारेमा कसैले पनि अध्ययन-अनुसन्धान गरेको पाइँदैन । यस अध्ययनको शीर्षक “दलित र गरिबीको सम्बन्ध” राखिएको छ । यसै शीर्षकका आधारमा यस क्षेत्रमा बसोबास गर्ने सार्की जातिको सामाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक अध्ययन गरी यस क्षेत्रमा उनीहरूसँगै बस्ने अन्य जातिको यस्ता अवस्थासँग यिनीहरूको तुलना गरी दलित र गरिबीको सम्बन्धको अध्ययन यस शोधकार्यमा गरिएको छ ।

यस शोधकार्यमा अछुत र दलित वर्गमा पर्ने सार्की जातिको सामाजिक, सांस्कृतिक, शैक्षिक एवं आर्थिक अवस्था कस्तो छ ? रीतिरिवाज, चालचलनहरू के-कस्ता छन् ? गरिबीको पनि गरिबीमा रहनुपर्ने कारण के हो ? आदि प्रश्नहरूको समाधान खोज्ने प्रयास गरिएको छ । अध्ययनका उद्देश्यहरूमा यहाँ बसोबास गर्ने सार्की जातिको सामाजिक, आर्थिक र शैक्षिक अवस्थाको चित्रण गर्नु, यिनीहरूको अन्य जातिसँगको अन्तरसम्बन्धबारे पहिचान गर्नु, दलित र गरिबीको सम्बन्ध हेर्नु रहेका छन् । यस अध्ययनबाट परम्परागत रूपमा दलित, अछुत, पानी नचल्ने, छोइछिटो हाल्नुपर्ने, यस क्षेत्रमा बसोबास गर्ने सार्की जातिको सामाजिक, आर्थिक, शैक्षिक अध्ययनसहित यिनीहरू गरिबीको कुचक्रमा रहिरहनु परेको स्थितिका बारेमा सामान्य जानकारी प्राप्त हुनेछ भन्ने आशा राखिएको छ साथै यस्तै विषयमा अध्ययन गर्ने यसभन्दा पछिका शोधकर्ताहरूलाई तथा जातीय ज्ञान हासिल गर्न

चाहनेहरूलाई थोरै भए पनि यस अध्ययनले सहयोग पुऱ्याउने छ भन्ने विश्वास लिइएको छ ।

अनुसन्धान गर्न यस गाउँका सार्की जातिलाई नै छानिनुका कारणहरूमा यस क्षेत्रमा बसोबास गर्ने सार्की जातिहरूका बारेमा कुनै अध्ययन-अनुसन्धान नभएको, शोधकर्ता स्वयं यस गाउँको बासिन्दा भएकाले सत्य एवं विश्वसनीय सूचना सङ्कलन गर्न सजिलो हुने हुनाले अध्ययनका लागि यस क्षेत्र छनोट गरिएको हो । यो शोधकार्य सम्पन्न गर्नका लागि वर्णनात्मक शोधयोजनालाई बढी प्रयोग गरिएको छ । यस गाउँमा रहेका ४५ घरधुरीलाई यस अध्ययनमा समेटिएको छ । परिवारको घरमूली बाहिर भएको भए घरका अन्य सदस्यलाई प्रमुख जवाफदाताका रूपमा प्रयोग गरी परिवारलाई एकाइ विश्लेषणमा राखिएको छ । अनुसूचीविधिद्वारा यसलाई हेरिएको छ । तथ्याङ्क-सङ्कलन गर्दा प्राथमिक र द्वितीयक दुवै विधिको प्रयोग गरिएको छ । स्थलगत सर्वेक्षण प्राथमिक तथ्याङ्क-सङकलनविधि रहेको छ । राष्ट्रिय, जिल्लास्तरीय र स्थानीय स्रोतहरू द्वितीयक तथ्याङ्क सङ्कलनविधिको रूपमा रहेका छन् । सङ्कलित तथ्याङ्कलाई व्यवस्थित तरिकाले सम्पादन गर्नु को साथै विषयगत हिसाबले छुट्टाछुट्टै रूपमा वर्गीकरण गरिएको छ । साङ्ख्यिकी विधिका आधारमा तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ । प्रतिशतको प्रयोग गरिएको छ । वर्णनात्मक, विश्लेषणात्मक र अन्वेषणात्मक विधिलाई पनि आत्मसात गरिएको छ साथै प्राध्यापक, शिक्षक, बुद्धिजीवी समाजसेवीहरूसँग भेटघाट, छलफल र प्रश्नावलीका माध्यमद्वारा दलित र गरिबीको सम्बन्धमा धारणाहरू बुझ्ने प्रयास पनि गरिएको छ । समाजशास्त्र/मानवशास्त्रको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका लागि एक विद्यार्थीका हैसियतले गरिएको अध्ययन भएकाले स्रोत, साधन एवं आर्थिक कठिनाइका कारणले यस अध्ययनले अवश्य नै देशका सम्पूर्ण सार्की जातिलाई समेट्न सकेको छैन र यस अध्ययनबाट आउने परिणामले नेपालभर बसोबास गर्ने सार्की जातिको प्रतिनिधित्व गर्न पनि सक्दैन ।

सार्की जातिको उत्पत्ति र विकास वैदिक कालदेखि नै भएको पाइन्छ । जस्तो जातीय विभाजनलाई हेर्दा हिन्दूहरूको धार्मिक ग्रन्थ ऋग्वेदमा भगवानका मुखबाट पैदा भएका ब्राह्मण , हातबाट पैदा भएका क्षत्रिय त्यसै गरी तिघ्राबाट पैदा भएका वैश्य र खुट्टाबाट शूद्र जातिको उत्पत्ति भएको हो भन्ने मान्यता ऋग्वेदको रहेको छ । त्यसै गरी हिन्दूहरूको अर्को धार्मिक ग्रन्थ मनुस्मृतिमा पनि शूद्र जातिको बारेमा उल्लेख गरेको

पाइन्छ । राजा जयस्थिति मल्लका पालामा जातप्रथालाई विशेष व्यवस्था र कडाइका साथ समाजमा लागू पनि गरिएको थियो । हिन्दू वर्णाश्रमव्यवस्था अनुसार समाजलाई ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र गरी मुख्य रूपमा चार जातमा वर्गीकरण गरी जातअनुसारको कार्य विभाजन यिनले गरेका थिए । यसै व्यवस्थाअनुसार शूद्र जातिले आफूभन्दा उच्च जातिको सेवा गर्ने सामाजिक नियम यिनैले बनाएर समाजमा लागू गरेका थिए । पछि राम शाहले त्यसलाई अझ व्यवस्थित गरे । जङ्गबहादुरको पालामा उनले यसलाई कानुनी रूपमै संस्थागत गराए ।

यस अनुसन्धानक्षेत्रमा बसोबास गर्ने सार्कीहरू कहाँबाट कहिलेदेखि यहाँ आएर बसोबास गरेका हुन् भन्ने विषयमा आधिकारिक तथ्य र लेख्य प्रमाणहरू फेला पार्न सकिएको छैन । वडा नं. १, २, ४, ५ र ९ मा बसोबास गर्ने मुडुला कार्की, कौशिल्य थर भएका सार्कीहरू यसै क्षेत्रमा बसोबास गर्ने ब्राह्मण जातका गौडेल थरका व्यक्तिहरूले आफ्नो खेतीमा काम गराउनका लागि बसोबासको लागि मात्र गाउँको छेउको पाखो जग्गा दिई यिनीहरूको पुर्खालाई बसोबास गराएको पाइन्छ । आएको समय यकिन नभए पनि यो समय लगभग १५० वर्षभन्दा अगाडि भएको हुन सक्ने अनुमान गरिएको छ । यस्तै वडा नं. ३ मा बसोबास गर्ने सार्की आफूहरूका पुर्खा आजभन्दा लगभग १५० वर्ष अगाडि अहिलेको बाग्लुङ जिल्लाको छिस्ती गा.वि.स.बाट बसाइँ सरी आएको र यहाँका ब्राह्मणले बसोबास गर्न नदिई विभिन्न जालझेल गरी बसाइँ सरेको जग्गामा मुद्दामामिला गरी ठूलो कष्टसाथ त्यो बेलाको र धेरै पछिसम्मको कानुनी, अदालती प्रयासद्वारा आफूहरू यहाँ बसोबास गर्न सकेको बताउँछन् ।

यस गा.वि.स.का वडा नं. १, २, ३, ४, ५ र ९ मा मात्र सार्कीहरूको बसोबास भएको देखिएको छ । वडा नं. ६, ७ र ८ मा यिनीहरूको बसोबास देखिँदैन । यिनीहरूको कुल परिवारसङ्ख्या ४५ रहेको छ र कुल जनसङ्ख्या २९४ रहेको छ । जसमा पुरुषको सङ्ख्या १५४ र महिला १४० रहेको छ । त्यसै गरी आर्थिक रूपले सक्रिय जनसङ्ख्या ५९.१९ र निष्क्रिय ४०.८१ प्रतिशत रहेको छ ।

बसोबासका दृष्टिकोणले यहाँका सार्की जाति अत्यन्तै नाजुक अवस्थामा बसोबास गरेको देखिन्छ । सफाघर, चाक्ला कोठा, घर गोठको उचित ठाउँमा निर्माण, शौचालयको उचित ठाउँमा निर्माण, तरकारी खेतीको लागि करेसाबारीजस्ता कुराहरू यिनीहरूको सोचभन्दा धेरै टाढाका विषयवस्तु मानिएका छन् । १ रोपनी जग्गामा ५ परिवारले यहाँ

बसोबास गरेका छन् । यस्तो बसोबास कति अप्ठ्यारो हुन्छ ? असुविधाजनक हुन्छ ? सहजै अनुमान गर्न सकिन्छ ।

सार्की जातिको परिवार प्रायः एकल परिवारमा बसेको पाइन्छ । यिनीहरूको ४५ घरपरिवारमध्ये ८६.६६ प्रतिशत एकल परिवारमा बसोबास गरेका देखिन्छन् र १३.३३ प्रतिशत संयुक्त परिवारमा बसोबास गरेका देखिन्छन् ।

यस क्षेत्रमा बसोबास गर्ने सार्की जातिले आधुनिक उपचारको विधि मा नै बढी विश्वास गरेको देखिन्छ तर पनि कसै कसैले धामीझाँक्रीमाथि पनि विश्वास गर्ने गरेको पाइन्छ ।

यस क्षेत्रभित्र बसोबास गर्ने सार्की जातिको शैक्षिक अवस्था अत्यन्त नाजुक भएको देखिन्छ । यस क्षेत्रमा बसोबास गर्ने २९४ जना सार्कीमध्ये १५६ निरक्षर रहेको पाइन्छ । साधारण लेखपढ गर्न जान्ने साक्षर ९४ जना रहेको पाइन्छ । प्रा.वि. तहसम्मलाई साक्षर मानी प्रा.वि. तह उत्तीर्ण गरी नि.मा.वि.मा अध्ययनरत सङ्ख्या २५ रहेको पाइन्छ । नि.मा.वि. तह उत्तीर्ण गरी मा.वि.मा अध्ययनरत सङ्ख्या ५ रहेको पाइन्छ । मा.वि. तह उत्तीर्ण गरेकाको सङ्ख्या १२, उच्च मा.वि. उत्तीर्ण गरेकाको सङ्ख्या २ र यस माथिको शिक्षा उत्तीर्ण गरेको कुनै सङ्ख्या पाइँदैन ।

अरू जातिमाझैं यस जातिमा पनि श्रमविभाजनको अवस्था देखिन्छ । आर्थिक कारोबार, बाह्य रेखदेख, आवश्यक सामग्री जुटाउने, खेतीपातीको गर्‍हौं काम (हलो जोत्ने) पुरुषको जिम्मेवारीभित्र रहेको देखिन्छ भने घरभित्रको काम, सरसफाइको काम, खेतीपातीमा सहयोग गर्ने काम महिलाको जिम्मेवारीभित्र रहेको देखिन्छ । पितृसत्तात्मक समाजलाई नै अनुसरण गरेकोले सम्पत्ति तथा महत्त्वपूर्ण निर्णयहरूमा पुरुषहरूकै अधिकार रहेको देखिंन्छ । महत्त्वपूर्ण निर्णयमा महिलाको सहभागिता देखिंदैन तर सामान्य घरसल्लाह, खेतीपातीको काममा महिलाको सहभागिता महत्त्वपूर्ण रहेको देखिन्छ ।

खानपिन, रहनसहन, भेषभूषा, चाडपर्व आदि अरू जातिसँगै मिल्दोजुल्दो देखिन्छ । दाल, भात, ढिंडो, रोटी, तरकारी खानाको रूपमा खाने गरेको पाइन्छ । महिलाले सारी, ब्लाउज, पुरुषले कमिज, कछाड अनि सर्ट, पाइन्ट लगाउने गरेको पाइन्छ । साउने सङ्क्रान्ति, तीज, दशैं, तिहार, माघे सङ्क्रान्तिजस्ता चाडपर्वहरू यिनीहरूले मनाउने गरेको पाइन्छ । जन्मदेखि मृत्युसम्मका संस्कार हिन्दूधर्मअनुसार गर्ने गरेको पाइन्छ । चाडपर्वमा इष्टमित्रहरूलाई बोलाउने, नाता कुटुम्बको रमाउने स्वभाव रहेको पाइन्छ ।

यस क्षेत्रमा बसोबास गर्ने सार्की जातिको मुख्य पेशा कृषि मजदुरी रहेको देखिन्छ । अधिकांशसँग आफ्नो निजी जग्गा नहुँदा अरूको जग्गा लिई अधिया÷ तेहुका रूपमा कमाई यही उब्जेको कृषि उपजबाट परिवारलाई जसोतसो गुजारा गराउने गरेको पाइन्छ । यसका अतिरिक्त कृषि, ज्याला मजदुरी, भरिया, थोरै मात्रामा स्वदेशी र विदेशी नोकरी का पेशाहरू अपनाएको पाइन्छ । परम्परागत छाला व्यवसायको कुनै स्थान रहेको पाइँदैन । व्यावसायिक कृषिप्रणालीको रूप पनि पाइँदैन । नगदे बालीतर्फ उन्मुख भएको पनि पाइँदैन । परम्परागत गुजारामुखी कृषि पेशा नै मुख्य पेशाका रूपमा रहेको देखिन्छ ।

भू–स्वामित्वको अवस्थालाई अध्ययन गर्दा यस क्षेत्रका सार्कीहरूमा आफ्नो निजी घडेरी मात्र हुने ४८.८८ प्रशित देखिन्छ भने १ रोपनीसम्म जमिन हुने २४.४४ प्रतिशत देखिन्छ । त्यस्तै ५ रोपनीसम्म जमिन हुनेको प्रतिशत २० देखिन्छ भने १० रोपनीसम्म जग्गा हुने ६.६६ प्रतिशत मात्र देखिए । त्यस्तै १० रोपनी भन्दामाथि जग्गा हुने कुनै परिवार पनि देखिएन । यसले गरिबीको अवस्थालाई प्रस्ट्यायो । कुल ४५ परिवारमध्ये आफ्नै खेतीबाट उब्जा गरेर खान पुग्ने परिवारसङ्ख्या तीन मात्रै देखिन्छ ४२ परिवार कृषि मुख्य पेशा हुँदाहुँदै पनि यसबाट वर्षभरि खान पुग्ने अवस्थामा रहेको पाइँदैन । सहायक पेशालाई आधार बनाएर जसोतसो दिन घुचेड्ने भयावह गरिबीको अवस्थामा यहाँका सार्कीहरू रहेको पाइन्छ ।

राजनीतिमा चासो हुँदाहुँदै पनि श्रम नगरीकन गुजारा नहुने बाध्यतात्मक परिस्थितिमा गुज्रिरहेका सार्कीहरू अन्य जातिहरूकै राजनीतिक खेलौनाका रूपमा प्रयोग हुन आएको देखिन्छ । दिनभरि श्रम नगरे बेलुका छाक नटर्ने अवस्थामा रहेका यी सार्कीहरू इच्छा हुँदाहुँदै पनि गरिबीका कारणले आम राजनीतिक सहभागितामा आउन सक्ने स्थिति रहेको पाइँदैन ।

दलितभित्रै पनि दलितको शोषण रहेको पाइन्छ । यस क्षेत्रमा बसोबास गर्ने दलितका रूपमा मानिएका दमाइँ, कामी, सार्कीमध्ये सबैभन्दा तल्लो स्तरमा दमाइँलाई राखेको पाइन्छ । दमाइँले छोएको कामी र सार्कीले नखाने, यिनीहरूले आपसी संस्कारहरूको लेनदेनहरूको सम्बन्ध दमाइँसँग कायम नगर्ने, कायम भएमा तल्लो स्तरको मानिने प्रचलन पनि देखिन्छ । यस्तै कामी, सार्कीभन्दा तल्लो स्तरको हो भन्ने मान्यता रहेको देखिन्छ र सार्कीले कामीले छोएको नखाने, यिनीहरूसँग नाता सम्बन्ध विस्तार नगर्ने, गरेमा तल्लो स्तरको मानिने प्रचलन रहेको देखिन्छ । यस्तो प्रचलनले दलितलाई

अझ झन गरिबीको अवस्थामा फसाउने र सांस्कृतिक गरिबी रहिरहने स्पष्ट हुन आउँछ ।

राज्य सबैका लागि हो । राज्यको रूप समावेशी हुनुपर्दछ । कानुन दिएर मात्र हुँदैन यसलाई व्यवहारिक रूपमा उतार्न राज्य लागिरहनुपर्दछ । राज्यले कानुन त दिएको छ तर यसलाई व्यवहारिक रूपमा उतार्न लागिपरेको भने देखिदैँन । विभिन्न सुविधा, आरक्षण, कस्तो माध्यमबाट हुन्छ, दलितलाई माथि उकास्नुपर्छ भन्ने राज्यको कुरा आदर्शका रूपमा मात्रै रहेको देखिन्छ । यस्तै राज्यका स्थानीय तहका निकायहरू व्यावहारिक नभई आदर्शमय नै देखिन्छन् ।

सारांशमा सामाजिक, शैक्षिक, आर्थिक, राजनीतिक रूपमा गरिबीको अवस्था अन्य जातिमा भन्दा दलित भनिएका सार्की जातिमा बढी देखिन्छ त्यसैले दलित र गरिबीको सम्बन्ध छ भन्ने कुरा स्पष्ट हुन आउँछ । यो अझ बढ्दो क्रममा छ । समयमै यसको समाधान हुन नसके भविष्यमा यसले ठूलो द्वन्द्वको सिर्जना गर्ने सम्भावना देखिन्छ ।

## ७.२ निष्कर्ष

मुलुकमा भौतिक स्रोत र साधनहरू पर्याप्त हुँदा-हुँदै, राष्ट्रिय शक्ति, राष्ट्रिय चरित्र, राष्ट्रिय मनोबल उच्च हुँदा-हुँदै, मानवीय क्रयशक्ति निष्क्रिय शक्तिभन्दा अगाडि रहँदा-रहँदै पनि नेपालमा गरिबै गरिबीले भरिएको अवस्था रहिरहेको छ । यहाँ अन्यजात, दलित भनिएका सार्की जात सबै जनजातिहरू गरिबीको कुचक्रमा फसिरहेका छन् । गरिबीलाई सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक, राजनीतिक सबै रूपमा विश्लेषण गर्नुपर्ने हुनाले सामाजिक सांस्कृतिक, धार्मिक सुविधाप्राप्त वर्गका रूपमा अन्य वर्गलाई मानिएको छ भने यस्ता सुविधाहरूबाट सार्की जाति हिजोदेखि नै आजसम्म ठगिएको, हेपिएको, दबिएको, गरिबीको भुँवरीमा फसिरहेको हुनाले गरिबीभित्र पनि अझ गरिबीको कुचक्रमा (सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक रूपमा) यहाँका दलितहरू फसिरहेको अवस्था देखिन आउँछ । यस शोधपत्रमा अगाडिका विभिन्न अध्यायमा जुन अवस्थाको अध्ययन गरियो त्यसलाई मनन गर्दा गरिबीको कुचक्रमा अन्य जातिहरूभन्दा दलितहरू अझ बढी फसेको देखिन्छ । त्यसैले दलित र गरिबीको सम्बन्ध रहेको कुरा स्पष्ट हुन्छ । माथिका विभिन्न तालिका, पाइचार्ट, स्तम्भचित्रमार्फत यसलाई हेरिसकिएको छ, प्रश्नावलीमार्फत बुद्धिजीवी, समाजसेवी, प्राध्यापक, शिक्षक, कर्मचारीहरूसँग दलित र गरिबीको सम्बन्धका भनाइहरू

बुझिएको छ । अनुसूचीमार्फत घरमूलीसँग दलित र गरिबीका सम्बन्धका बारेमा भनाइहरू बुझिएको छ र भनिएको छ, सामाजिक रूपमा अन्य जातको उत्पीडनमा सार्की जाति रहिरहेको छ । सार्वजनिक धार्मिक कामहरूमा सार्की जातिको उपस्थिति अन्य जातिहरूलाई अमान्य छ । मठमन्दिर प्रवेशमा उनीहरूलाई रोक छ । पशुसँग छोइँदा उनीहरूलाई केही हुँदैन तर सार्की जातिसँग छोइँदैनन् यी अन्य जातिहरू । कथङ्कदाचित् छोइयो भने पनि स्नान गर्नुपर्ने, छोइछिटो हाल्नुपर्ने, यिनीहरूमा प्रचलन छ । रोजगारमूलक होटल व्यवसाय गर्न सामाजिक रूपमा यिनीहरूलाई बन्देज छ । सार्की जातिमा भू–स्वामित्वको स्थिति नाजुक छ । कृषिलाई जीवनको आधारशिला मानिरहेका यस जातिको खेती गर्ने आफ्नो निजी जग्गा छैन । अर्केको जग्गामा अधिया/ तेहु कमाएर जीवननिर्वाह गर्नुपर्ने वाध्यता छ । वैकल्पिक पेशा र रोजगारको कुनै सुविधा छैन । यिनीहरू परम्परागत कुसंस्कार र गुजारामुखी कृषिप्रणालीमा बाधिएका छन् । पुरुष र महिलाको अवस्थाको तुलना गर्दा महिलाको अवस्था अझ कमजोर छ । एकै समय काम गर्दा उही काममा पुरुष र महिलाको ज्यालामा धेरै फरक छ । उत्पादनमुखी, स्वरोजगारमुखी कुनै प्रकारका व्यवसायहरू यहाँ सञ्चालित छैनन् । शिक्षाको अवस्था एकदम न्यून छ । आफै पनि दलितको कुसंस्कारलाई यिनीहरूले भिरेर हिंडेका छन् । सार्की जातिमै ३ दिने, १० दिने १३ दिने भनी एकले अर्कालाई अस्वीकार गर्ने परम्पराले यिनीहरूलाई जकडेको छ । दलितभित्रकै दमाइँ, कामी, सार्कीभित्र पनि ठूलो विभेद छ । सार्की आफूलाई कामीभन्दा ठूलो मान्छ, कामी आफूलाई दमाइँभन्दा ठूलो मान्छ । यस्तो संस्कार दलितलाई अझ फसाउने जालका रूपमा देखिएको छ जसलाई अन्त्य गर्न सरकारी, गैरसरकारी तथा सरकारका स्थानीय निकायहरू, प्राध्यापक, शिक्षक, बुद्धिजीवी जुटेर लाग्नुपर्ने देखिन्छ । आर्थिक उन्नतिका अवसरहरूको सृजना गरी यिनीहरूको अवस्थालाई सुधार गर्नुपर्ने, शैक्षिक उन्नतिका कार्यक्रमहरू सञ्चालन गरी शिक्षामा यिनीहरूलाई अभिरुचिसाथ संलग्न गराइनुपर्ने अवस्था टड्कारो महसुस हुन आउँछ । कानुनहरू कागजमा मात्र होइन व्यवहारिक रूपमा उतार्न राज्य, यसका अदालतहरू अनि यसका स्थानीय निकायहरू वास्तविक रूपमा लाग्नुपर्ने हुन्छ । नबुझ्नेलाई ठगेर होइन बुझाएर, प्रशिक्षित गराएर सचेतना भर्नुपर्ने देखिन्छ । सरकारी, गैरसरकारी, पत्रकार, बुद्धिजीवी, शिक्षक, प्राध्यापक, कर्मचारी, समाजसेवी सबै तहहरू इमान्दार रूपमा सक्रिय भएर जिम्मेवारीपूर्वक लागेर यस अवस्थाको अन्त्य गर्नुपर्ने अनिवार्यता महसुस हुन आउँछ ।

## ७.३ सुझाउ

सार्की जाति सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक आदि विभिन्न क्षेत्रहरूमा पछाडि रहेका छन् । यी सबै क्षेत्रको समुचित विकासबाहेक सार्की जातिको उत्थान सम्भव छैन । यिनीहरूको जीवन अवस्था कस्तो छ ? यसका बारेमा माथि नै वर्णन गरिएको छ । जताततैबाट विभिन्न समस्याले यिनीहरू पीडित रहेका छन् । मार्क्सवादी सिद्धान्तको सेरोफेरोमा रहेर शोधपत्रअनुसारको गरिबी र दलितको सम्बन्धलाई स्पष्ट्याइएको हुनाले यहाँ यी सार्की जातिहरूको उन्नति र विकासका लागि त्यही मार्क्सवादी सिद्धान्तको सेरोफेरोमा रहेर नै सुझाउहरू यस अनुसन्धानले गरेको छ ।

1. परम्परागत रूपमा चलिआएको हिन्दू सामाजिक परम्परालाई आमूल परिवर्तन गरी यस परम्परालाई मानवीय धर्मका रूपमा रूपान्तरण गर्नका लागि प्रशस्त प्रयास गर्नुपर्दछ ।
2. व्यावहारिक जीवन नियमित, अनुशासित र कर्तव्यपरायणमा नै सफल हुने हुनाले मानवीय भाइचाराको अवस्था सिर्जना गर्न अनुशासित र कर्तव्यनिष्ठ नागरिक निर्माण गर्न सामाजिकीकरणका प्रक्रियाहरू व्यावहारिक रूपमा उतार्नुपर्दछ ।
3. मानव-मानवबीचमा रहेको विभेदलाई अन्त्य नगरीकन मानवीय शान्ति स्थापना हुन सक्दैन भन्ने पाठ समाजका सबै तह र तप्काहरूका व्यक्तिहरुलाई सिकाउनुपर्दछ ।
4. कानुनी प्रावधानहरूलाई देखावटी होइन, वास्तविक रूपमा लागू गर्न कडाइँका साथ लाग्नुपर्दछ ।
5. राज्यको मूर्त रूप सरकार मानिने हुनाले सरकार जिम्मेवार भई प्रस्तुत हुनुपर्छ ।
6. कृषिप्रधान देश भएको हुनाले कृषिश्रममा आश्रित रहेका बहुसङ्ख्यक मानिसहरूको गरिबीको अवस्था सुधार गर्न कृषिलाई आधुनिकीकरण, चक्लाबन्दी र फार्मिङ्ग गरिनुपर्छ ।
7. रोजगारका अवसरहरू सिर्जना गरी बेरोजगारी समस्यालाई पूरै रूपमा हल गरिनुपर्छ । रोजगारीको हकलाई मौलिक हकका रूपमा उल्लेख गर्नुपर्छ र यसलाई संवैधानिक संरक्षणको व्यवस्था गर्नुपर्छ ।

8. शिक्षा सर्वसुलभ हुनुपर्छ, माध्यमिक तहसम्म शिक्षा निःशुल्क हुनुपर्ने, अन्य कक्षामा घट्दै जाने दलित विद्यार्थीको सङ्ख्या वृद्धि गर्न प्रोत्साहन र उत्प्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ ।

9. स्वरोजगारका अवसरहरू सिर्जना गर्न व्यावसायिक तथा प्राविधिक शिक्षालाई जोड दिइनुपर्छ ।

10. दलितहरू तल्लो दर्जाका मानिसहरू हुन् भन्ने अन्य जातको मानिसको भावनालाई जरैदेखि उन्मूलन गर्नुपर्छ ।

11. सामाजिक रूपमा रहेको दलितहरूमाथिको व्यावसायिक बन्देजहरू (होटल व्यवसायजस्ता) हटाइनुपर्छ ।

12. दलितहरूको स्वास्थ्य सरसफाईका लागि चेतनाको अभिवृद्धि गर्नुपर्छ ।

13. बसोबासको स्थिति बडो नाजुक देखिएकाले बसोबासको स्थितिमा सुधार गर्नुपर्छ ।

14. योजनाबद्ध रूपमा करेसाबारीसहितको बसोबास, घरगोठको निर्माण केही दूरीमा, शौचालयको राम्रो व्यवस्था गरिनुपर्छ ।

15. पशुपालनलाई व्यावसायीकरण गरिनुपर्दछ ।

16. दलितहरूमा रहेको हीनताबोध, निराशा, आत्मग्लानिको अवस्थालाई सामाजिक, कानुनी, राजनीतिक पूरै रूपमा अन्त्य गरिनुपर्दछ । यसका लागि राज्य, सरकार, सरकारको स्थानीय निकाय पूरै खुलेर लाग्नुपर्ने र सांस्कृतिक गरिबीलाई निर्मूल पार्नुपर्ने देखिन्छ ।

17. दलितहरूसँग रहेको कुसंस्कार र अन्धविश्वासलाई हटाउन सरकारी तथा गैरसरकारी संस्थाहरू पूरै रूपमा लाग्नुपर्छ ।

18. दलितहरूलाई प्रशिक्षणका माध्यमबाट चेतना जगाई, सिकाइका माध्यमबाट एक दलितले त्यहीभित्रको अर्को दलितलाई अस्वीकार गर्ने परम्पराको पूरै अन्त्य गनुपर्छ ।

19. घरमै बसेर आयआर्जन गर्नका लागि महिलाहरूलाई सीप विकासका तालिमहरू दिदै जाने र उनीहरूलाई आत्मनिर्भर बनाउन सरकारी तथा गैरसरकारी संस्था पूरै लाग्नुपर्छ ।

20. शैक्षिक अवस्था अत्यन्तै न्यून देखिएकाले दलितका विद्यार्थी तथा उनीहरूका अभिभावकहरूलाई शिक्षाप्रति अभिरुचि जगाउन सरकारी तथा गैरसरकारी संस्था पूरै लाग्नुपर्दछ ।

21. यस जातिका अधिकांश मानिसहरूको कृषिका लागि निजी जग्गा नभएको देखिएकाले नं. ६ बमोजिमको आधुनिकीकरणका प्रक्रियाअनुसार राज्यस्तरबाट "जसको जोत उसको पोत" नीति लागू गरिनुपर्दछ ।

22. निजामती सेवामा दलितहरुको उपस्थिति नदेखिएको अवस्था रहेकाले यसप्रति आकर्षण बढाउन आरक्षण, संरक्षण जे नीति लिनुपर्ने हो सो नीति लिई उक्त सेवामा दलितहरूको पनि प्रतिनिधित्व गराउनुपर्दछ ।

23. राजनीतिक क्षेत्रमा पनि न्यून उपस्थिति रहेको अवस्थालाई मध्यनजर गरी राजनीतिक सत्ता स्थानीयदेखि माथिसम्म समावेश गराउने प्रयास गर्नुपर्दछ ।

24. दातृ संस्थाहरू डलरमुखी नभएर दलित सेवामुखी भई तल्लो तहमा बसोबास गरेका दलितहरूको बस्तीमा गई सेवामुखी हुनुपर्छ ।

25. अनुशासित, कर्तव्यनिष्ठ र भाइचाराको दृष्टिकोणसहित आफ्ना दलित सङ्गठनहरूमार्फत तलदेखि माथिसम्म आफ्ना आवाजहरूलाई फैलाउन पाउने अवसरहरूको सिर्जना गर्नुपर्दछ ।

26. ब्राह्मण क्षेत्री जातिका मानिसलाई पनि छुवाछुत प्रथा बेठीक हो यसलाई सामाजिक, राजनीतिक, कानुनी सबै रूपबाट अन्त्य गर्नुपर्छ यो चरम मानवविरोधी कुरा हो भन्ने ज्ञान दिलाउनुपर्छ ।

27. फजुलखर्ची, दुर्व्यसनी (रक्सी खाने, तास खेल्ने, धूम्रपान गर्ने) जस्ता कुलतमा दलितहरू फसेका देखिएकाले यसको अन्त्यका लागि विभिन्न कार्यक्रममार्फत यिनका विरुद्धमा यिनीहरूलाई ज्ञान दिलाउनुपर्छ ।

28. स्थानीय निकायलाई दलितको अवस्थालाई सुधार गर्न दलितमुखी हुन अन्य निकायले अनुगमन गरिरहनुपर्छ ।

29. छुवाछुत मुद्दा सरकारीवादी बनाई यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

30. छुवाछुत र जातीय भेदभावको अन्त्य गर्ने संयुक्त राष्ट्रसङ्घको महासन्धि, अभिसन्धि, अनुबन्ध र घोषणाहरु लागू गरिनुपर्छ ।

## ७.४ भविष्यका शोधकर्ताहरूलाई केही सुझाउ

पर्वत जिल्ला मुडीकुवा गा.वि.स. वडा नं. १, २, ३, ४, ५, ९ का वडाहरूका सार्की जातिको सामाजिक, आर्थिक, शैक्षिक अवस्थाहरूको अध्ययन गरी यी दलितहरूको गरिबीको अवस्था हेरिएकाले समग्र देशभित्र बसोबास गर्ने सार्की जातिहरूको अध्ययनलाई यस अध्ययनले पक्कै पनि समेटेको छैन । यसको जिम्मा भविष्यका पिँढीलाई सुम्पिदै अवको पिढीँलाई केही जिम्मा यस शोधले छोडेको छः-

१. भोलिका अवस्थामा राज्यले सार्की जातिहरूको के कस्तो व्यवस्था गर्दछ यसका विषयमा खोज-अनुसन्धान गर्दै जानु ।

२. २१ औं शताब्दीको युगमा पनि १६ औं शताब्दीको जस्तो चरम सामाजिक असमानता यहाँ विद्यमान रहेको छ । यसलाई अन्त्य गर्दै जानुपर्दछ त्यस कार्यमा खोज र अनुसन्धान गर्दै जानु भोलिको पनि उत्तिकै आवश्यकता छ ।

३. हिन्दूधर्मलाई अझै उदार धर्मका रूपमा रूपान्तर गर्नु परिरहेको छ । यसमा के कस्तो रूपान्तर भए दलितहरू मुक्त हुँदै जान्छन् । भोलिका लागि यो पनि एक खोज अनुसन्धानको विषय बनिरहनुपर्दछ ।

४. सबैप्रकारका सामाजिक असमानताहरू, आर्थिक असमानताहरू, राजनीतिक असमानताहरू हटाउनुपर्ने भएको हुनाले यसको विषयमा विभिन्न खोज र अनुसन्धानहरू गर्दै जानुपर्ने आवश्यकता रहेको छ ।

# सन्दर्भसूची


- अधिकारी, रेशराज र घिमिरे, हरिहर (२०५६), *नेपाली समाज र संस्कृति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
- आहुति, (२०६०), *हिन्दू समाजमा दलित जातिको मुक्तिको प्रश्न,* आत्मनिर्भर विकास मञ्च ।
- कार्की, हरिबहादुर (२०५४), *समाजशास्त्रको स्नातकोत्तर शोधपत्र, पौवेगौंडे गा.वि.स.का कामी जातिको सांस्कृतिक एवं आर्थिक पक्षको अध्ययन, काठमाडौं:: समाजशास्त्र विभाग ।*
- कोइराला, विद्यानाथ, अरू (२०५८), *छापामा दलित, काठमाडौं :* एकता बुक्स नेपाल ।
- कैनी, प्रभा (२०५४), *नेपालका पिछडिएका जनजातिको सामाजिक आर्थिक अवस्था* : काठमाडौं सी. एन्. ए.एस् ।
- खत्री, प्रेम कुमार ( २०४४) *नेपाली समाज र संस्कृति,* काठमाडौं : साझा प्रकाशन ।
- दाहाल पेशल, (२०५४), *नेपालको इतिहास र संस्कृति,* काठमाडौं : एम.के.पब्लिसर्स एण्ड डिस्टीब्यूटर्स ।
- *नेपाल अधिराज्यको संविधान,* (२०४७), काठमाडौं : पैरवी प्रकाशन ।
- पाण्डे मधुसूदन, (२०६३), *नेपालका दलितहरू,* काठमाडौं : पैरवी प्रकाशन ।
- पोखरेल, पं. छविलाल (२०५३), *जनजाति र सम्प्रदाय,* काठमाडौं : पैरवी प्रकाशन ।
- बराल, बासु (२०५०), *हिन्दू सामाजिक सङ्गठनको प्रारूप,* काठमाडौ :साझा प्रकाशन ।
- *मनुस्मृतिभाषाटीका,* मथुरा : श्यामलाल हीरालाल श्यामकाजी प्रेश ।
- भण्डारी, कृष्णप्रसाद (२०५६), *सामाजिक अनुसन्धान पद्धतिको परिचय,* वाराणसी : राजेश प्रकाशन ।

- *भूमिमा दलित स्वामित्व* (२०६०), आत्मनिर्भर विकास मञ्च, नमुना एक अध्ययन, काठमाडौं :इन्द्रेणी अफसेट प्रेस ।
- *मुक्तिको आवाज,* (२०६०), दलित गैरसरकारी संस्था महासङ्घ, काठमाडौं: कमलपोखरी ।
- शर्मा, नागेन्द्र (२०३७), *नेपाली समाज र संस्कृति, काठमाडौं* : साझा प्रकाशन ।
- श्रेष्ठ, जनकलाल (२०३९), *हाम्रो समाज एक अध्ययन, काठमाडौं :* साझा प्रकाशन ।

- Bista, Dor Bahadur (1991); *Fatalism and Development, Nepal's struggle for modernaization*, Calcutta, Orient Longman.
- Bista, Dor Bahadur (1972) ; *People of Nepal Second Ed.*, KTM, Ratna Pustak Bhandar.
- Caplan Patricia (1972); *Priest and Cobblers*, A *study of social change in a Hindu village in Western Nepal,* London Inter Text Book.
- Caplan, Lionel, (1970); *Land and Social Changes in East Nepal, A study of Hindu-Tribal Relation*, London Routledge and Kegen Paul Ltd.
- Dahal, Dilli Raj, (2003); *The Agenda of Transformation: Inclusion in Nepal Democracy Hindu Nationalism and untouchable Reform.* The status of Dalit in Nepali Society.
- Dahal, Dilli Ram (1995); *Ethnic Cauldron Demography and Minority politics, the case of Nepal state leadership and politics in Nepal (CNAS)* T.U. Kritipur Ed by Dhurba Kumar.
- Dutt, Clemens (1964); *Fundamental of Marxism Leninism,* A Russian Translated of Manual Second revised edition.
- Ghimire, Krishna P. (1999); *The nature of Poverty. A case study of Aruchour VDC, Syangja District, Nepal.*

- Kishan, Yam Bahadur (2058); *Nepalma Dalit Jatiya Mukti Andolan.*, Published by Jana Utthan Pratishan.
- Lynn, Bennett (1979); *Traditional and change in the legal status of Nepalese women* : CEDA
- Nepali, Gopal singh (1965); *The Newars, Bombay*, United Asia publication,
- Regmi, Rishi Keshav Raj (1999); *Dimensions of Nepali Society and Culture*, Kathmandu, SAAN Research Institute.
- Sharma, Prayag Raj (1977); *Caste, social mobility and Sanskritization*: *A study of Nepal's old legal code*: Kailash Magazin.
- Sharma, Shiv, (2058); *Dalit Jati ra Garibi,* Kathmandu, Ekta Books.

# प्रश्नावली

समाजशास्त्र÷मानवशास्त्र दोस्रो वर्षको शोधपत्र ...दलित र गरिबी... शीर्षक राखी मुडीकुवा गा.वि.स. १,२,३,४,५ र ९ का सार्की जातिका सामाजिक,आर्थिक , शैक्षिक अवस्थाहरुको अध्ययन गरी यसै क्षेत्रमा बसोबास गर्ने अन्य ब्राह्मण, क्षेत्री जातिको पनि सामाजिक, आर्थिक, शैक्षिक अवस्थाहरुको अध्ययन गरी यी दुई जातिहरूका बीचमा यी विषयमा के-कस्तो अवस्था छ भनी जान्न खोजेको छु यिनै विषयहरूका आधारमा दलित र गरीबीको सम्बन्ध छ छैन भनी हेर्न खोजेको छु । शिक्षक ,बुद्धिजीवी, समाजसेवीहरूको यस सम्बन्धमा कस्तो धारणा छ ? जिज्ञासा राखी तपाईंसँग पनि प्रश्नावली पठाएको छु । उत्तरको आशामा छु ।

१. तपाईंको नाम ........................

२. पुरुष ☐ महिला ☐

३. उमेर................................ ४. धर्म

५. ठेगाना ....................................

६. कार्यालय÷संस्थाको नाम .......................

७. पद ........................................

८. यस कार्यालयमा कति वर्ष सेवा गर्नुभयो ? .....................

९. तल्लो जाति र उपल्लो जाति भन्ने प्रचलन ठीक छ छैन .................

१०. मानिस मानिसका बीचमा भेदभाव किन भएको होला ?

परम्परागत सोचाइ ☐ मानिसमा रहेको अहम् ☐

मानवीय स्वार्थ ☐

११. छुवाछुत प्रथालाई कस्तो मान्नुहुन्छ ? ठीक ☐ बेठीक ☐

१२. तपाईं सार्की जातको भए आफूलाई यसो भन्न रुचाउनुहुन्छ ?

रुचाउँछु ☐ रुचाउन्न ☐

१३. सार्की जातिको बसोबास गुजुमुच्चको देखियो ? यस्तो किन भएको होला ?

कमाउन नसक्ने भएकाले ☐

एकै ठाउँमा बस्ने बानी भएकाले ☐

परम्परा यस्तो भएकाले ☐

१४. अधिकांश सार्की जातिको निजी जग्गा देखिएन, यस्तो किन भएको होला ?

गरिब भएकाले ☐ परम्परा नै यस्तो भएकाले ☐

फजुलखर्ची भएकाले ☐

१५. दलितहरू गरिबमा पनि गरिब देखिए ? यसलाई मान्नुहुन्छ ।

मान्छु ☐ मान्दिन ☐

१६. दलितहरूमाथि थोपरिएको परम्परागत सामाजिक सोचाइमा आमूल परिवर्तन गर्नुपर्‍यो ? तपाईं यसमा सहमत हुनुहुन्छ ?

छु ☐ छैन ☐

१७. राज्यतहबाट आरक्षणको व्यवस्था गरेर भए पनि दलितको अवस्थामा परिवर्तन ल्याउनुपर्‍यो ? तपाईंले यसलाई सहयोग गर्नुहुन्छ ?

पूरा सहयोग ☐ आंशिक ☐ मलाई चासो छैन ☐

१८. छुवाछुतका विरुद्धमा कानुन त छन् तर प्रयोगमा किन नआएको होला ?

राज्यको त्यति चासो नभएर ☐ दलितहरूको दिलचस्पी नभएर ☐

सामाजिक व्यवस्था बिग्रिन्छ भनेर

१९. दलीत र गरिबीका बीचमा सम्बन्ध देख्नुहुन्छ ? तपाईंको तर्क यहाँ लेखिदिनुहोस् ।

.........................................................................................

२०. दलितको गरिबीको अवस्थालाई हल गर्न के–के उपायहरू अपनाउनुपर्ला ? कृपया आफ्नो तर्क यहाँ लेखिदिनुहोस् ।

१ .............................................................................

२ ............................................................................

३. ............................................................................

४. ...........................................................................

५. ............................................................................

६. ...........................................................................

# अनुसूची

समाजशास्त्र÷मानवशास्त्र दोस्रो वर्षको शोधपत्र ...दलित र गरिबी... शीर्षक राखी मुडीकुवा गा.वि.स. १,२,३,४,५ र ९ का सार्की जातिका सामाजिक,आर्थिक , शैक्षिक अवस्थाहरूको अध्ययन गरी यसै क्षेत्रमा बसोवास गर्ने अन्य ब्रह्मण, क्षेत्री जातिको पनि सामाजिक, आर्थिक, शैक्षिक अवस्थाहरुको अध्ययन गरी यी दुई जातिहरूका बीचमा यी विषयमा केकस्तो अवस्था छ भनी जान्न खोजेको छु । यिनै विषयहरूका आधारमा दलित र गरीबीको सम्बन्ध छ छैन भनी हेर्न खोजेको छु । तपाईं यस घरको घरमूली भएकाले केही कुरा सोध्न गइरहेको छु । झर्को नमानीकन सोधेका कुराहरूको उत्तर दिनुहुनेछ भन्ने आशा गरेको छु ।

१. तपाईंको नाम : ............................................................

२. पुरुष : ........................................ महिला ..........................

३. उमेर ........................................ ४. धर्म ..................................

५. गोत्र वा थर ................................................................

६. जन्मस्थान ............................ गा.वि.स. ...................... वडा नं ...........

७. तपाईंहरू यहाँका स्थानीय बासिन्दा हुनुहुन्छ कि बाहिरबाट बसाइँ–सराइ गरी आउनुभएको हो ?

स्थानीय ☐ बसाइँ–सराइ ☐

८. तपाई कहाँबाट बसाइँ-सराइ गरी आउनुभएको हो ? ..............................

९. यस गा.वि.स. मा बसेको कति पुस्ता भयो ? ........................................

१०. तपाईंको परिवारमा कति जना सदस्य हुनुहुन्छ ? ..................................

११. तपाईंको परिवारमा छोराछोरीको विवाह गर्नुभयो÷गर्नुभएन ....................

१२. तपाईंहरू छोराछोरी के जन्मदा खुसी हुनुहुन्छ ...................................

१३. तपाईंको जीवन धान्ने मुख्य पेशा के हो ? .........................................

१४. यो तपाईंको आफ्नै घर हो ? .......................................................

१५. तपाईंको घर वरिपरि करेसाबारी छ ÷छैन ? ............................................

१६. तपाईंको आफ्नो निजी घरबाहेक जग्गा छ वा छैन ?

......................................

१७. तपाईंसँग कति रोपनी जग्गा छ ? ......................................................

१८. तपाईंले कुन–कुन बस्तुभाउ कति–कति पाल्नुभएको छ ? ....................

भैंसी ☐ गाई☐ गोरु ☐ बाख्रा ☐ कुखुरा ☐

१९. तपाईंसँग भएको जग्गाले तपाईंको परिवारलाई कति समय खान पुग्छ ?

१ महिना ☐ ३ महिना ☐ ६ महिना ☐

९ महिना ☐ १२ महिना ☐ केही बेच्ने गर्छु ☐

२०. छोराछोरी स्कुल नपठाउनका कारण के हुन् ?

धनको अभाव ☐ भाइबहिनी हेर्नुपर्ने ☐

पढेर केही नहुने ☐ बच्चाले नमान्ने ☐

२१. बिहानबेलुका खानामा के–के खानुहुन्छ ? .................................................

२२. शौचालय बनाउनुभएको छ ?

छु ☐ छैन ☐

२३. शौचालय कच्चीं÷पक्की कस्तो बनाउनुभएको छ ?

कच्ची ☐ पक्की ☐

२४. तपाईंले मासिक कति आम्दानी गर्नुहुन्छ ? रुपैयाँमा .......................

२५. तपाईंको घरमा कति जना रोजगार हुनुहुन्छ ? ....................................

२६. तपाईंले महिलालाई कहाँ सुत्केरी गराउनुहुन्छ ? ..............................

घरमा ☐ अस्पतालमा ☐

२७. बिरामी हुँदा उपचार कहाँ गर्नुहुन्छ ?

घरमा ☐ अस्पतालमा ☐

२८. रोजगारका लागि विदेश जाने चलन छ ?

छ ☐ छैन ☐

२९. तपाईंको घरमा बूढाबूढी÷छोराछोरी छु§ाछु§ बस्ने कोठा छन् ?

छन्  छैनन्

३०. भान्साकोठा छु§ बनाउनुभएको छ ? .................

छ  छैन

३१. गोठ घरसँगै जोडेर किन बनाउनुभएको हो ?

३२. तपाईंलाई मैले सार्की भनी बोलाउँदा कस्तो मान्नुहुन्छ ?

राम्रो  ठिकै  नराम्रो

३३. तपाईंलाई सार्की किन भनिएको होला ?

हिजो देखिकै प्रचलन  फोहोरी भएर  गरिब भएर

३४. तपाईंसँग छोइदा ब्राह्मण जातिले किन छोइl56f] xfN5g <

हामी सार्की जातको भएकाले  धार्मिक मान्यताले

हामीलाई हेपेर

३५. छोइछिटो हाल्ने प्रचलन ठीक मान्नुहुन्छ ?

मान्छु  मान्दिन

३६. देवताका मठमन्दिरमा पूजाआजा गर्न जानुहुन्छ ?

जान्छु  जान्न  जान दिँदैनन्

३७. ब्राह्मण जातिले यसरी अपहेलित गरेकोमा दुःख मान्नुहुन्छ ?

३८. तपाईंहरू दलित नै किन गरिब हुनुपरेको होला ? .................................

३९. दलित नै गरीब हुनुपर्ने कारण छ र ? ............................................

४०. दलित र गरबीका बीचमा के-कस्तो सम्बन्ध देख्नुहुन्छ ?

...........................................................................................

...........................................................................................

...........................................................................................

...........................................................................................

## अनुसूचीबमोजिमका प्रश्नमा समावेश गरिएका घरमूलीहरूको नामावली

**वडा नं. १**

१. पूर्णबहादुर सार्की

२. पदमबहादुर सार्की

**वडा नं. २**

१. हीराबहादुर नेपाली

२. बलबहादुर नेपाली

३. नारायण नेपाली

४. मनबहादुर नेपाली -क)

५. कृष्णबहादुर नेपाली

६. सेते नेपाली

७. मनबहादुर नेपाली -ख)

८. रामबहादुर नेपाली

९. ओमबहादुर नेपाली

१०. कालु नेपाली

**वडा नं. ३**

१. चन्द्रबहादुर नेपाली

२. काशीराम नेपाली

३. विष्णुबहादुर नेपाली -क_

४. विष्णुबहादुर नेपाली (ख_

५. ठाकुरचन्द्र नेपाली

६. जितबहादुर नेपाली

७. छविलाल नेपाली

८. डम्मरबहादुर नेपाली

९. गोविन्दबहादुर नेपाली

१०. लालबहादुर नेपाली

**वडा नं. ४**

१. हर्कबहादुर नेपाली

२. मनबहादुर नेपाली

३. अग्निबहादुर नेपाली

४. पूर्णबहादुर नेपाली

५. देवबहादुर नेपाली ...राइँलो... -क)

६. होमबहादुर नेपाली

७. देवबहादुर नेपाली ...काइँलो... -ख)

८. देवबहादुर नेपाली ...माइलो... -ग)

९. डिलबहादुर नेपाली

१०. सोमे नेपाली

११. मानबहादुर नेपाली

१२. कमलबहादुर नेपाली

१३. देवबहादुर नेपाली -घ)

**वडा नं. ५**

१. दुर्गाबहादुर नेपाली

२. बलबहादुर नेपाली

३. लोकबहादुर नेपाली

४. लालबहादुर नेपाली

५. इन्द्रबहादुर नेपाली

**वडा नं. ९**

१. यदिकुमारी नेपाली

२. डण्डबहादुर नेपाली

३. मनबहादुर नेपाली

४. देवबहादुर नेपाली

५. मैयाँ नेपाली

दलितहरूका बीचमा शोधकर्ता

दलितहरूको घरको अवस्था

दलितहरूको बसोबासको अवस्था

तथ्याङ्क सङ्कलन गर्दै शोधकर्ता

दलितका केटाकेटीका बीचमा शोधकर्ता

दलित केटाकेटी खेल्दै

दलितहरूको आर्थिक जीवन

अवलोकनका क्रममा शोधकर्ता

दलितहरूको परिवारिक अवस्था

अध्ययनक्षेत्रका तस्वीरहरू